# थेरवाद बुद्धधर्ममा पुण्यानुमोदन

## Sharing the Merit in Theravada Buddhism



भिक्षु महानाम स्थविर

Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital

# थेरवाद बुद्धधर्ममा पुण्यानुमोदन

## Sharing the Merit in Theravada Buddhism

(थेरवाद बुद्धधर्ममा स्नातकोत्तर तह उपाधिको आंशिक परिपूर्तिको निम्ति लुम्बिनी बौद्ध विश्वविद्यालयबाट सम्बन्धन प्राप्त थेरवाद बुद्धिष्ट एकेडेमीमा पेश गरिएको शोधपत्रमा आधारित)

भिक्षु महानाम स्थविर

Downloaded from http://www.dhamma.digital

प्रकाशक : लक्ष्मी महर्जन सपरिवार
विष्णु देवी मुनीकार सपरिवार
माया देवी महर्जन सपरिवार
काठमाडौं ।

सर्वाधिकार : लेखकमा

संस्करण : १००० प्रति

प्रकाशन मिति : वि.सं.२०८०
ई.वि.२०२३
बु.सं.२५६७

मुद्रण : सिग्मा जनरल अफसेट प्रेस
साँचल, सानेपा, ललितपुर
फोन: ०१-५४५४०२९


Downloaded from http://www.dhamma.digital

# प्रकाशक परिवार



लक्ष्मी महर्जन



विष्णु देवी मुनीकार



माया देवी महर्जन


Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital

# शुभकामना

महानाम भन्तेले थेरवाद बुद्धधर्ममा स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिको निम्ति पेश गरिएको “थेरवाद बुद्धधर्ममा पुण्यानुमोदन” शीर्षकको शोधपत्रको आधारमा यो पुस्तक प्रकाशन भएकोले मलाई अत्यन्त खुशी लागेको छ। उहाँ वि. सं. २०४३ सालमा बुबा देवेन्द्र मगर र आमा भीम कुमारी मगरको कुलमा किरात टोल मेची अञ्चल झापा प्रदेश १ मा जन्मिनु भएको थियो । उहाँलाई प्रकाश मगर नामाकरण गरियो। उहाँ सन् १९९९ मा प्रव्रजित हुनु भएको थियो र सन् २००९ मा उपसम्पन्न भइ भिक्षु महानाम हुनु भयो। उहाँले श्रीलंकाबाट बि.ए. गर्नु भएको छ भने थेरवाद बुद्धिष्ट एकेडेमीबाट थेरवाद बुद्धधर्ममा एम. ए. गर्नु भएको छ। उहाँ शान्त स्वभाव, परिश्रमी, तीक्ष्ण बुद्धि एवं मिलनसार हुनुहुन्छ। उहाँले पुण्यानुमोदन जस्तो महत्वपूर्ण विषयमा शोधकार्य गर्नु भई थुप्रै नयाँ कुराहरू प्रकाशमा ल्याउनु भएको छ। यो कार्यको निम्ति उहाँलाई हार्दिक बधाई छ। उहाँको शोधकार्यको निर्देशन सहप्राध्यापक मदन रत्न मानन्धरले गर्नुभएको हो ।

यो पुस्तकमा भगवान् बुद्धकै पालादेखि चलिआएको पुण्यानुमोदनको परम्परालाई आजसम्म कसरी अधिबढाउँदै आएको छ ? पुण्यानुमोदनको अर्थ के हो ? यो किन गर्नुपर्छ ? यसको प्रकृया के हो ? कसलाई पुण्य दिनुपर्छ ? पुण्य अनुमोदन गर्ने देव, सत्व, भूतहरू भनेका को को हुन् भन्ने कुरा राम्ररी विवेचना गरिएको छ। पुण्य र कुसल एउटै हुन भन्ने कुरालाई पनि राम्ररी उजागर गरिएको छ। श्रीलंका थाइलैण्ड बर्मा देशमा पुण्यानुमोदन गर्ने तरिका नेपालमा भन्दा के कसरी फरक छ भन्ने विषयमा पनि यसमा चर्चा गरिएको छ ।


Downloaded from http://www.dhamma.digital

पुण्यानुमोदन भनेको पुण्य र अनुमोदन शब्द मिलेर बनेको छ। पुण्य भनेको के हो ? पुण्यलाई पालिभाषामा पुञ्ञ भनिञ्छ। हाम्रो शरीर र मनलाई पुनित गर्ने अथवा पवित्र वनाउने कर्मलाई पुण्य भनिन्छ। यसलाई कुसलकर्म पनि भनिन्छ। अभिधर्म अनुसार कुसलकर्म पनि कामावचर, रुपावचर र अरुपावचर छन्। यसमा कामावचर कुसल भनेको काय, वचन र मनोद्वारमा उत्पन्न हुने हिसाबले कायकर्म, वचीकर्म र मनोकर्म गरी तीन प्रकारका छन्। त्यस्तै दान, सील, भावनाको हिसाबले पनि कुसलकर्म तीन प्रकारकै हुन्छन्। तर चित्त उत्पन्न हुने हिसाबले आठ प्रकारका कुसलकर्म छन्। यो भनेको आठ प्रकारका कामावचर कुसल चित्त उत्पन हुनु नै कुसलकर्म हुन्। यसरी नै १.दान, २.सील, ३.भावना, ४.अपचायन, ५.वेय्यावच्च, ६.पत्तिदान, ७.पत्तानुमोदन, ८.धम्मसवन, ९.धम्मदेसना, १०.दिठ्ठिजुकम्मको हिसावले दस वटा कुसल कार्य छन् भनिएको छ। यही १० वटा कुसल कार्यलाई दसपुण्यक्रिया भनिन्छ। यसमा दान भनेको दान दिनु हो, सील भनेको सील पालन गर्नु र भावना भनेको ध्यान गर्नु हो। अपचायन भनेको माता पिता गुरु र अन्य श्रमण ब्राम्हण आदरनीयलाई अभिवादन गर्नु सम्मान गर्नु हो। यसरी सम्मान गर्नु आफनो लाभ र यशको निम्ति नभएकाले अपचायन भनिन्छ। वेय्यावच्च भनेको माता पिता गुरु र अन्य आदरनीयको सेवा श्रुषुषा गर्नु हो। धम्मसवन र धम्मदेसना भनेको धर्म उपदेश सुन्नु र धर्म उपदेस सुनाउनु हो। दिठ्ठिजुकम्म भनेको सक्यक्दृष्टि हुनु हो। यसमा पत्तिदान र पत्तानुमोदन दुईवटा पुण्यानुमोदनसित सम्बन्धित छन्। पत्तिको अर्थ पुण्यभाग भनेको हो। पत्तिदान भनेको पुण्यभाग दान दिनु भनेको हो। आफूलाई प्राप्त भएको पुण्यभाग अरुलाई दान दिनु हो। पत्तानुमोदन भनेको अरुले गरेको पुण्यमा आफू हर्षित भई साधु साधु साधु भनी अनुमोदन गर्नु हो। यो पनि एक किसिमको कुसल कर्म पुण्यानुमोदन हो। तर यो आफ्नो हितको निम्ति भयो। अरुको हितको


Downloaded from http://www.dhamma.digital

निम्ति पुण्यानुमोदन गर्न पहिले आफूले पुण्यकार्य गर्नुपर्छ। त्यसपछि त्यो पुण्यभाग अरुलाई बाँधिनुलाई पुण्यानुमोदन भनिन्छ। पुण्य दान गरेपछि आफूलाई त्यसको फल नआउने अरुलाई मात्र जाने होइन । आफूलाई पनि पूर्णरुपमा फल आउँछ, अरुलाई पनि जान्छ । आफ्नो पुण्यभाग घट्ने छैन। बरु पुण्य दान दिएकोले पुण्यदानकोसमेत फल आउँछ। यस अर्थमा पत्तिदानलाई नै पुण्यानुमोदन भन्न सकिन्छ।

पुण्यानुमोदन गर्दा "इदं मे ञातीनं होतु सुखिता होन्तु ञातयो"। तीन पटक भनिन्छ। त्यसपछि "एतावता च अम्मेहि सम्भतं पुञ्ञसम्पदं सब्बे देवा अनुमोदन्तु सब्ब सम्पत्ति सिद्धिया। एतावता च अम्मेहि सम्भतं पुञ्ञसम्पदं सब्बे सत्ता अनुमोदन्तु सब्ब सम्पत्ति सिद्धिया । एतावता च अम्मेहि सम्भतं पुञ्ञसम्पदं सब्बे भूता अनुमोदन्तु सब्ब सम्पत्ति सिद्धिया" । भनी आफ्ना बितिसकेका ज्ञातिबन्धु र सबै देवताहरू, सत्वहरू, भूतहरूलाई पुण्यभाग दान दिइन्छ । यो पुस्तकमा यी सबै कुराहरूको राम्ररी विवेचना गरिएको छ।

यसका लेखक श्रद्देय भिक्षु महानामको हातबाट यस्तै महत्वपूर्ण पुस्तकहरू भविष्यमा पनि प्रकाशन होस्। उहाँको सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको कामनासहित उहाँलाई हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु। साथै प्रकाशिकाहरू लक्ष्मी महर्जन, विष्णु देवी मुनीकार र माया देवी महर्जनको पनि मंगल कामना गर्दछु। भवतु सब्ब मङ्गलं।

डा. महेन्द्र रत्न शाक्य
प्राचार्य, थेरवाद बुद्धिष्ट एकेडेमी
विश्वशान्ति विहार, नयाँ बानेश्वर, तीनकुने, काठमाडौं।
७ माघ २०८०।


Downloaded from http://www.dhamma.digital

# भूमिका

हाल बुद्धधर्ममा तीनवटा हाँगा छन् । हीनयान अर्थात् थेरवाद, महायान र वज्रयान । विश्वको कुनै देशमा थेरवाद बुद्धधर्म प्रचालित छन् त कुनै देशमा महायान बुद्धधर्म प्रचालित छन् । कुनै देशमा वज्रयान बुद्धधर्म पनि प्रचलनमा छ । नेपालमा ती तीनै प्रकारका बुद्धधर्म प्रचलन रहेको पाइन्छ । यो ग्रन्थ थेरवाद बुद्धधर्मभित्र प्रचलनमा रहेको एक धार्मिक मान्यतमा आधारित परामपरा "पुन्यानुमोदन"को विषयमा तत्थ्यगत ज्ञान र शिक्षा प्रदान गर्ने हेतु तपाईमाझ पुऱ्याउन प्रकाशन गरिएको छ ।

"पुञ्ञानि परलोकस्मिं पतिट्ठा होन्ति पाणिनो..." संचित पुण्यहरू इहलोक-परलोकका प्राणीहरूलाई प्रतिष्ठित अर्थात् उपकारी हुन्छन् .....भन्ने बुद्धवचनले पुण्यको महन्ता र उपादेयता पुष्टिन्छ । विगतमा वा अतीतमा संचीत पुण्यलाई "कतपुञ्ञ" भनिन्छ । "कत पुञ्ञो उभयत्थ नन्दति" विगतमा संचित पुण्यले वर्तमान र भविष्य दुवै समयमा सुख प्रदान गर्दछ अतः बुद्धले "पुञ्ञंचे पुरिसो कयिरा, कयिराथे तं पुनःपुनं..." मानिसले पुण्य संचय गनुपर्दछ, फेरी फेरी पनि पुण्य संचय गर्दै जानु पर्दछ ...भनि सुनाउनु भएको पाइन्छ ।

यसरी बुद्ध स्वम्ले पनि अनुभव, अभ्यास, भाविता र वृद्धि गरेर परम फल प्राप्त गर्न सफल हुनु भएर सत्व प्रति करुणा राखि सुख शान्ति र समृद्धिको निम्ति अपरिहार्य गुणांगको रूपमा देशित पुण्य र पुण्यानुमोदनका बारेमा विस्तृत विश्लेशात्मक विवरण यस पुस्तकमा धर्मप्रेमी पाठकहरूले प्राप्त गर्न सकिन्छ ।


Downloaded from http://www.dhamma.digital

"हदयं पुनातीति पुञ्ञं" हृदय(मन) पुनीत(प्रसन्न) हुनुलाई नै पुण्य भनिन्छ । अतः कुशलकर्म अर्थात धार्मिक कार्यहरू सम्पन्न गरेर आ-आफ्नो मनलाई प्रसन्न वा सन्तुष्ट पार्नु नै पुण्य गर्नु वा पुण्य संचय गर्नु हो । त्यसैले संचित पुण्य सम्पत्ति बित्नु भएका आ-आफ्ना आफन्त ज्ञातिजनलाई बाँडि दिनु वा अर्पण गर्नु नै पुण्यानुमोदन हो । प्राय बौद्ध धर्मावलम्बिहरूले दान-शील-भावनादि कुशल कर्महरू सम्पन्न गरेर प्राप्त गरीएको पुण्य सम्पत्तिलाई आ-आफ्ना दिवंगत ज्ञातिबन्धुहरूलाई दुर्गतिबाट मुक्त होस् भन्ने प्रार्थना र आशिका साथ गरिने कर्मलाई "पुण्यानुमोदन" भनिन्छ ।

पुञ्ञ र अनुमोदन भन्ने दुई शब्द मिलेर "पुन्यानुमोदन " शब्द बनेको देखिन्छ । अनुमोदनको पनि दुईवटा अर्थ रहेको छन् । अर्पण गर्नु( दिनु) र ग्रहण गर्नु (लिनु)।

अतः आफूसंग भएको पुण्य अरूलाई दिनु अनि अरूसंग भएको पुण्य अर्पण गरेमा आफूले ग्रहण गर्नुलाई पुण्यानुमोदन गर्ने भन्ने बुझिन्छ। अतः परलोक भएकाहरूलाई मात्र नभइ जिवित आफन्त इष्टमित्रलाई पनि पुण्य अर्पण गर्ने गरिन्छ । व्यक्तिमात्र नभइ देवी-देवताहरूलाई र सत्व प्राणीहरूलाई पनि पुण्य अनुमोदन गर्ने गरिन्छ । जुन सत्कर्मले थप सन्तुष्टि र कर्तव्यबोध गर्न मार्ग प्रयाप्त गर्दछ ।

"थेरवाद बुद्धधर्ममा पुण्यानुमोदन" नामक यस पुस्तकलाई सात अध्यायहरू विभाजित गरी विषयवस्तुलाई सजिलै बुझ्न सहजिकरण गरिदिएको छ । पहिलो अध्यायमा परिचयात्मक पृष्ठभूमि रहेको छ भने दोस्रो अध्यायमा पुण्यानुमोदनको परिभाषा प्रकार र प्रारम्भको बारेमा लेखिएको छ । त्रिपिटक पालि साहित्यमा उल्लेखित पुण्यानुमोदनका घटना र परिस्थिति बारे तेस्रो अध्यायमा वर्णन गरिएको पाइन्छ । चौथो


Downloaded from http://www.dhamma.digital

अध्यायमा पुण्यको अर्थ र पुण्यानुमोदनको महत्व बारे टिप्पणीका साथै पुण्य र कुशल एउटै वा भिन्नै भन्ने विषयमा चर्चा पनि गरिएको छ।

पुण्यानुमोदनको सुरुवात कसरी कहाँबाट र कहिले देखि सुरु भयो र कसरी परम्पराको रूप लियो भन्ने विषयमा पाचौं अध्यायमा जान्न र बुझ्न अवसर मिल्दछ। परम्पराको रूप लिइसके पछि कसरी पुण्यानुमोदन गर्दछन् त भन्ने विषयमा भिन्न भिन्न देशमा भिन्न भिन्न तरिका र क्रमविधि प्रयोग बारे जानकारी छैटौं अध्यायमा पढ्न पाइन्छ। पुण्य र पुण्यानुमोदन आवश्यकता छ वा छैन, लाभ छ वा छैन भन्ने विषयमा सातौं अध्यायमा निष्कर्षात्मक विवरण तत्थ्यका आधारमा प्रस्तुतिकरण गरिएको पाइन्छ।

सम्रगमा यस पुस्तकले कुनै पनि कार्य गर्दा जानेर बुझेर गरेमा श्रद्धा-आस्था उत्पन्न हुने र त्यस श्रद्धा र आस्थाका साथ कुशल कर्म गरेमा पुण्य लाभ हुने र मनमा सन्तुष्टि मिल्ने र पुण्यानुमोदन गरी अरूलाई उपकार गर्दा थप सन्तुष्टि मिल्ने र मनमा शान्तिको अनुभूति हुने हुन्छ भन्ने दर्शाउदछ।

समय सान्दर्भिक यस पुस्तकका लेखक स्वयम्भूस्थित ऐतिहासिक आनन्दकुटी विहार निवासी आयुष्मान भिक्षु महानाम स्थविर साधुवादका पात्र हुनुहुन्छ। वहाँ १२ वर्ष श्रीलंकामा बसी बुद्धधर्म सम्बन्धि अध्ययन गरी जयवर्धनपुर विश्व विद्यालयबाट बुद्धधर्ममा स्नातक गरी हाल लुम्बिनी बौद्ध विश्वविद्यालयबाट बुद्धधर्ममा स्नातकोत्तर गर्नु भएका अध्ययनशील र चिन्तनशील व्यक्तित्व हुनुहुन्छ।

उहाँ आफूले सिकेका जानेका धर्मका कुराहरू अरूलाई पनि सिकाउनमा रूचि राख्ने कर्तव्यनिष्ट र दक्ष व्यक्तित्व हुनुहुन्छ। त्यसैको फल स्वरूप वहाँको एम्.ए थेसिस् कै परिमार्जित अनि सरल तथा ज्ञानवर्धक ग्रन्थ तपाई हामी माझ उपलब्ध छ। अतः यस पुस्तकको


Downloaded from http://www.dhamma.digital

परिशीलनले पाठकवर्गलाई पुण्य र पुण्यानुमोदन विषयमा पूर्णज्ञान लाभ हुनेछ भन्ने विश्वास पनि लिन सकिन्छ । वहाँका यस योगदानको कदर गर्दै उज्वल भविष्यको साथै धर्मावबोध गर्न सकोस् भनि कामना गर्दछु । सबैको कल्याण होस् । मंगल होस् ।

भवतु सब्ब मंगलं !

भिक्षु धर्ममूर्ति महास्थविर
कार्यवाहक विहार प्रमुख
आनन्द कुटी विहार
२०८०.१०.०४

Dhamma.Digital


Downloaded from http://www.dhamma.digital

# लेखकको मन्तव्य

तथागत बुद्धले ४५ वर्ष सम्म देव मनुष्यलाई लौकिक, लोकोत्तर सुख प्राप्तिको निम्ति देशना गर्नु भएको सद्धर्मलाई बुद्धधर्म भनिन्छ । उहाँले देशना गर्नु भएको यस उपदेश भित्र धर्म र विनय रहेको छ । यसै धर्मविनयलाई कुनै परिवर्तन र परिमार्जित नगरी शुद्ध रूपमा बुद्ध वचनहरूलाई अनुसरण गरी अगाडि बढिरहेको सम्प्रदायलाई थेरवाद सम्प्रदाय भनिन्छ । त्यस्तै जेष्ठ अथवा वरिष्ठ स्थविरहरूलाई प्रमुखस्थान दिंदै गुरू शिष्य परम्पराबाट अखण्ड रूपमा अतीतदेखि हालसम्म मूल धर्मविनयलाई सुरक्षा तथा पालना गर्दै आइरहेको कारणले पनि यसलाई थेरवाद भनिएको छ । यस "थेरवाद" लाई स्थिर रहनु, थेरहरूको राय (आचरियवाद) र पवित्र बुद्धधर्म गरी तीनवटा अर्थमा व्याख्या गरेको देखिन्छ ।

यही थेरवाद बुद्धधर्मलाई अझ राम्ररी बुझ्नु पर्ने आवश्यकता बोध गरी गहन अध्ययनको लागि लुम्बिनी विश्वविद्यालयबाट थेरवाद बुद्धधर्ममा एम.ए पढ्न सुरु गरें र अन्तमा थेरवाद बुद्धधर्ममा पुण्यानुमोदनको परम्परा नामक शिर्षकमा थेसिस् गरेको थिए । यस थेसिस् प्रस्तुत गरी सकेपछि धेरै जनाले यसलाई एक पुस्तकको रूपमा प्रकाशन गर्न सुझाव दिनु भयो । त्यही सुझावलाई शिरोपर गर्दै थेसिस्लाई पुस्तकमा रूपान्तर गरी प्रकाशकको खोजिमा बसिरहेको बेलामा धर्म सहोदर भिक्षु नारदलाई यस बारेमा जानकारी दिए पछि केहि समयमै दाताहरू तीन जना खोजिदिनु भयो र यस पुस्तक तपाईहरू समक्ष ल्याउन सफल भए । बुद्धधर्मप्रति अटल श्रद्धा गौरव रहेर यस पुण्यकार्यमा सहर्ष अग्रसर हुनुहुने उहाँ दाताहरू लक्ष्मी महर्जन, विष्णु देवी मुनीकार, माया देवी महर्जन हुनुहुन्छ ।


Downloaded from http://www.dhamma.digital

प्रस्तुत पुस्तक सर्वसाधरणले बुझ्न सक्ने ढंगले सरल भाषामा लेख्ने प्रयास गरेको छु । यस पुस्तकमा बौद्धहरूले सामान्य रूपमा अभ्यासमा उतारी रहने पुण्यानुमोदनको बारेमा लेखिएको हुँदा सबै बौद्ध धर्मावलम्बीहरू र बुद्ध धर्म अध्ययन गर्न चाहनेहरूलाई यो पुस्तिका उपयोगि हुनेछ भन्ने आशा लिएको छु ।

"थेरवाद बुद्ध धर्ममा पुण्यानुमोदनको परम्परा" नामक एम्.ए थेसिस्को आधारमा यस पुस्तिका तयार गरेको हुनाले शोध कार्यलाई सहज रूपमा सम्पन्न गर्न सहयोग गरि दिनुहुने यस शोधकार्यका शोध निर्देशक तथा थेरवाद बुद्धिष्ट एकेडेमीका सह प्राध्यापक मदनरत्न मानन्धरज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै बाह्य परीक्षकको रूपमा आउनु भएका लोटस् एकडेमि कलेजका प्राचार्य श्री वीर काजी शाक्यज्यू, यस कलेजका अध्यक्ष भिक्षु निग्रोध महास्थविरज्यूप्रति हृदय देखि आभार व्यक्त गर्दछु । यस पुस्तक तयार गर्न आवश्यक सल्लाह सुझाव दिनु हुने थेरवाद बुद्धिष्ट एकेडेमीका प्राचार्य डा.महेन्द्र रत्न शाक्यज्यू, त्यसै गरी मलाई यस शोधपत्र तथा पुस्तक तयार गर्न भाषा र व्याकरण मिलाई अमूल्य सहयोग गरी दिनु हुने भिक्षु सरणंकर स्थविरज्यू र भिक्षु नागित स्थविरज्यू, पुस्तक प्रकाशन गर्न दाताहरू मिलाई दिनु हुने भिक्षु नारद स्थविरज्यूप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसै गरी भूमिका लेखिदिनु हुने भिक्षु धर्ममूर्ति महास्थविरज्यू, आशिर्वाद दिनु हुने भिक्षु पञ्ञामूर्ति महास्थविरज्यू, प्रूफ हेरी सहयोग गर्नु हुने अनागारिका मासरा, समयमै पुस्तक छाप्न सहयोग गर्नु हुने सिग्मा जनरल अफसेट प्रेसलाई पनि धन्यवाद दिन चाहन्छु । पुस्तक प्रकाशन गरी दिनुहुने लक्ष्मी महर्जन सपरिवार, विष्णु देवी मुनीकार सपरिवार, माया देवी महर्जन सपरिवारलाई हार्दिक साधुवाद दिन चाहन्छु ।


Downloaded from http://www.dhamma.digital

बुद्धको मार्गमा हिड्न सिकाउनु हुने गुरुवर सद्धम्धजोतिकधज भिक्षु जटिल महास्थविरज्यू, गुरुवर अग्गमहापण्डित भिक्षु धम्मवास महास्थविरज्यू साथै प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग गर्नु हुने सम्पूर्ण मित्र तथा परिवारलाई धन्यवाद दिन चाहन्छु। अन्तमा  यस ग्रन्थमा केहि कमिकमजोरी भएमा औंल्याईदिनु हुन पाठकवर्गमा मैत्रीपूर्ण अनुरोध पनि गर्न चाहन्छु।

भवतु सब्ब मंगलं।

भिक्षु महानाम स्थविर

आनन्द कूटी विहार

स्वयम्भू।

२०८०.१०.०५


Downloaded from http://www.dhamma.digital

# प्रकाशकीय

गौतम बुद्धको शासन कालमा मनुष्य भएर बुद्ध जन्म भूमि नेपालमा जन्म र बौद्ध परम्परा अनुसार जीवन यापन गर्न पाउन अहो भाग्य हो । यस अवसर सबैले पाउन सक्दैनन् तर हामीले पाएका छौं । यस मनुष्य जीवन प्राप्त गर्न अतिकठिन रहेको तथागत बुद्धले बताउनु भएको छ । त्यसरी दुर्लब रहेको मनुष्य जीवन धर्म विना कुनै अर्थ नै रहन्न । कुनै पनि जीवनलाई आध्यात्मिक रूपमा होस् या बाहिरी रूपमा सुन्दर बनाउन धर्मको अहम् भूमिका रहेको हुन्छ र हाम्रो जीवनमा त्यस भूमिका बुद्ध धर्मले निर्वाह गरेको छ ।

हामी पारम्परिक बौद्ध भए पनि बुद्ध दर्शन बारेमा त्यति ज्ञान थिएन । जब धम्मावास विहारका संस्थापिका अनागारिका किसागोतमीसँग भेट भयो र विहारमा जान सुरु गरियो । त्यहाँ वहाँ लगायत भन्ते, अनागारिकाहरूको संगतमा पर्न गई, बुद्ध धर्म सम्बन्धि केही ज्ञानका कुरा आफ्नो जीवनमा थप्न सकियो । श्रद्धेय भिक्षु सरणंकर भन्तेले खुसिबु स्थित धम्मावास विहारमा आरम्भ गर्नु भएको धम्मावास बौद्ध परियत्ति शिक्षा नामक परियत्ति केन्द्रमा बुद्ध शिक्षा हासिल गर्न पाउँदा नजानेका धेरै विषयहरू जान्ने अवसर हामीले प्राप्त गर्न सकेका थियौं । विगत २० वर्ष देखि दान, शील, भावनाको पनि बेला बेलामा अभ्यास गरी रहन पाउँदा मनमा शान्ति र प्रसन्नताको महसुस पनि गरी राखेका छौं ।

यसरी थेरवाद बुद्धधर्म सिक्दै जाने क्रममा दानको विषयमा महत्वपूर्ण धर्मका कुराहरू सुन्न पाईयो । दान दिंदाको आनिशंस(फल) को बारेमा पनि बुझ्न सकियो र विहार-विहारमा हुने विभिन्न पुण्य कार्यहरूमा पनि सम्बन्ध हुँदै पुण्य संचय गर्दै आएका छौं । बुद्ध धर्म


Downloaded from http://www.dhamma.digital

प्रति श्रद्धा राख्ने जो कोहीले दान मध्ये सर्व श्रेष्ठ दान के रहेछ ? भन्ने चासो राखेको हुने नै गर्दछ र हामीमा पनि त्यस चासो थियो । एक दिन धर्म देशना श्रवण गर्ने क्रममा धर्म देशक भन्तेले "सब्ब दानं धम्म दानं जिनाति" अर्थात् सबै दानहरूमा धर्म दान उत्तम छ भनि उपदेश दिनु भयो । त्यस अनुसार अन्य दान भन्दा धर्म दान दिनु सबै भन्दा श्रेष्ठ रहेको बुझियो । धर्म दान भन्नाले अरूलाई धर्मको मार्गमा लगाउनुलाई बुझिन्छ । यस भित्र धर्म देशना गर्नु, धर्म श्रवण गर्नलाई वातावरण मिलाई दिनु, पुस्तक प्रकाशन गर्नु, धर्मको पुस्तक लेख्नु, वितरण गर्नु, धर्म पढ्नलाई विद्यालय बनाई दिनु तथा सहयोग गर्नु इत्यादि पर्दछन् । अन्य दानको आ-आफ्नै महत्व र विशेषता रहेको हुन्छ तर यस धर्म दानलाई किन सर्व श्रेष्ठ भनिन्छ त ? किन भने धर्मको कारणले नै नराम्रो मानिस पनि नैतिकवान, धार्मिक मानिसमा परिवर्तन हुन्छ । आफ्नो र समाजको भलोको लागि असल कार्य गर्ने गर्छ । धर्मबाट मार्ग निर्देशन पाएर नै विभिन्न प्रकारका दान पनि गर्ने गरिन्छ । बौद्धहरूको अन्तिम लक्ष्य भनेको संसारिक दुःखबाट मुक्त हुनु हो । जसलाई निर्वाण भनिन्छ । त्यस परम शान्त निर्वाण प्राप्त गर्नलाई पनि यस धर्म दानले मदत गर्दछ । त्यसैले यस धर्म दानलाई सर्व श्रेष्ठ दान रूपमा तथागत बुद्धले देशना गर्नु भएको छ ।

यसरी धर्म दानको यी महत्व बुझि सकेपछि यस्ता महान् दान गर्नुपर्छ भन्ने विचार हामीमा उत्पन्न भयो । यसै शिलसिलामा एउटा धार्मिक पुस्तक प्रकाशन गर्न श्रद्धा जाग्यो । यही अवसर खोजि रहेको बेलामा आनन्द कुटी विहारवासी भिक्षु नारद भन्ते मार्फत् आनन्द कुटी विहारवासी भिक्षु महानाम भन्तेले थेरवाद बुद्धधर्ममा पुण्यानुमोदन नामक एम्. ए को थेसिस् लेख्नु भएको र त्यसलाई पुस्तकको रूपमा प्रकाशन गर्न दाता खोजिरहनु भएको थाहा पायौं । उहाँ भन्तेसंग सम्पर्क राखी सो अवसर हामीले प्राप्त गर्यौं । यस पुस्तकमा हामीले गर्ने पुण्य


Downloaded from http://www.dhamma.digital

कार्य र त्यसलाई अनुमोदन कसरी गरिन्छ ? किन गरिन्छ ? त्यसको महत्व इत्यादिको धेरै जानकारी रहेको कारण बौद्ध हामी सबैलाई अति नै महत्वपूर्ण छ भन्ने हाम्रो विश्वास छ । यस पुण्य कार्य गर्न अवसर मिलाई दिनु हुने भिक्षु नारद भन्ते, यस पुस्तक प्रकाशन गर्न अवसर दिनु हुने भिक्षु महानाम भन्तेलाई धेरै धेरै साधुवाद दिन चाहन्छौं । त्यस्तै यस पुण्य कार्यमा साथ सहयोग गर्नु हुने हाम्रा परिवारका सबै सदस्यहरूलाई, मित्रहरूलाई धेरै धेरै धन्यवाद दिन चाहन्छौं ।

भवतु सब्ब मंगलं !

प्रकाशक परिवार
लक्ष्मी महर्जन सपरिवार, खुसीबुं
विष्णु देवी मुनीकार सपरिवार, कलंकी
माया देवी महर्जन सपरिवार, खुसीबुं
२०८०/१०/६


Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital

# विषय सूची

| विषय | पृष्ठ |
|---|---|
| शुभकामना | ङ |
| भूमिका | ज |
| लेखकको मन्तव्य | ठ |
| प्रकाशकीय | ण |
| **अध्याय एक : परिचय** | |
| १.१ पृष्ठभूमि | १ |
| १.२ थेरवाद बुद्धधर्म | ३ |
| **अध्याय दुई : पुण्यानुमोदनको परिभाषा, प्रकार र प्रारम्भ** | |
| २.१ पुण्यानुमोदनको परिभाषा | ७ |
| २.२ पुण्यानुमोदनको प्रभेद | ८ |
| २.२.१ सत्व अनुसार पुण्यानुमोदनको प्रभेद | १२ |
| २.३ पुण्यानुमोदनको आरम्भ | २१ |
| २.३.१ दिवंगत भएकालाई गरिने पुण्यानुमोदनको आरम्भ | २१ |
| २.३.२ देवतालाई पुण्यानुमोदन गर्ने चलनको शुभारम्भ | २६ |
| २.३.३ जीवित रहेकालाई आशिर्वाद स्वरूप गरिने पुण्यानुमोदनको आरम्भ | ३३ |


Downloaded from http://www.dhamma.digital

## अध्याय तीन : पालि साहित्यमा पुण्यानुमोदनको बारे उल्लेख

३.१ दिवंगत भएकालाई पुण्यानुमोदन गरिएका अवस्थाहरू ३७

३.२ देवतालाई पुण्य दिएका अवस्थाहरू ५२

३.३ जीवित रहेकालाई आशिर्वाद स्वरूप गरिएको पुण्यानुमोदन ५३

## अध्याय चार : पुण्यको परिभाषा र पुण्यानुमोदनको महत्व

४.१ पुण्यको परिभाषा ५८

४.२ के पुण्य र कुशल एउटै हुन् ? ६३

४.३ पुण्यानुमोदनको महत्व ६७

४.४ पुण्यानुमोदन गर्दा कस-कसले ग्रहण गर्न सक्छ ? ७३

४.४.१ के दुर्गतिमा भएकाहरूले पुण्य प्राप्त गर्छन् ? ७४

४.४.२ के सुगतिमा भएकाहरूले पुण्य लाभ गर्छन् ? ७८

## अध्याय पाँच : पुण्यानुमोदनको परम्परा

५.१ पुण्यानुमोदनको परम्परा ८१

५.२ श्रीलंकामा बुद्धधर्म र पुण्यानुमोदनको परम्परा ८३

५.३ नेपालमा बुद्धधर्म र पुण्यानुमोदनको परम्परा ८३

५.४ सम्राट अशोकद्वारा बुद्धधर्मको प्रचार ८५

५.५ पुण्यानुमोदनको परम्परा सुरक्षा गर्न श्रीलंका, बर्मा, थाइल्याण्ड देशहरूको भूमिका ८८

५.६ नेपालमा थेरवाद बुद्धधर्मको पुनर्जागरण र पुण्यानुमोदन ९१


Downloaded from http://www.dhamma.digital

## अध्याय छ : पुण्यानुमोदन गर्ने क्रमविधि


| | | |
|---|---|---|
| ६.१ | नेपालमा गरिने पुण्यानुमोदन विधि | ९५ |
| ६.२ | श्रीलंकामा पुण्यानुमोदन गर्ने तरीका | १०२ |
| ६.३ | थाइल्याण्डमा पुण्यानुमोदन गर्ने विधि | १०९ |
| ६.४ | बर्मामा पुण्यानुमोदन गर्ने विधि | ११० |
| ६.५ | पुण्यानुमोदन शील, समाधि, प्रज्ञाले युक्त भएर गर्नु पर्छ | ११० |
| ६.६ | पुण्यानुमोदन गर्नुका फाइदाहरू | ११३ |


## अध्याय सात : उपसंहार


| | | |
|---|---|---|
| ७.१ | उपसंहार | ११४ |
| ७.२ | निष्कर्ष | ११५ |
| फोटो सूची | | ११९ |
| सन्दर्भ ग्रन्थसूची | | १२१ |


Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital

# अध्याय एक

# परिचय

## १.१ पृष्ठभूमि

तथागत बुद्धले देशना गर्नु भएको धर्मविनयमा कुनै परिवर्तन हुन नदिई शुद्ध रूपमा अगाडि बढिरहेको धर्म तथा गुरू शिष्य परम्पराबाट चलिआइरहेको तत्थ्य विनय पिटकको पञ्चसतिकक्खन्धकमा संगायना पश्चात ५०० जना अर्हत् भिक्षुहरूले गरेको प्रतिज्ञाबाट प्रष्ट हुन आउछ। जसलाई थेरवाद बुद्धधर्म भनिन्छ। मज्झिमनिकायको अट्ठकथामा **"थेरवादन्ति थीरभाववदं"** उल्लेख भएअनुसार थेरवादको सामान्य अर्थ स्थिर रहनुलाई भनिएको पाइन्छ ।[1]

श्रीलंका, बर्मा, थाइल्याण्ड् देशहरूमा जस्तै नेपालमा पनि बुद्धकालीन समयदेखि नै थेरवाद बुद्धधर्मले आफ्नो जरो गाडेको देखिन्छ। यहाँको बुद्धधर्मको बारेमा अध्ययन गर्दा यहाँ बुद्धधर्म गौतम बुद्धको समयमा मात्र सीमित नभएर दिपंकर बुद्धको समयमा पनि रहेको महावस्तु अवदान अनुसार बुझ्न सकिन्छ। त्यसै गरी विपस्सी, कोणागम, ककुसन्ध तथागत बुद्धहरू नेपाल भ्रमणमा आउनु भएको उल्लेख स्वयम्भू पुराणमा पाइन्छ। गौतम बुद्धको विषयमा कुरा गर्दा उहाँले बुद्धत्व लाभ गर्नु अगाडि उहाँको लागि नै प्रवजित भएका नालक, कोण्डञ्य आदि व्यक्तिहरू शाक्य जनपद बासी थिए । गौतम बुद्धले बुद्धत्व लाभ गर्नु भएपछि कपिलवस्तुमा आउनु भई निग्रोधाराम विहारमा बस्नु भयो

१ विजितनन्द सरत्चन्द्र (अनु.),*पपञ्चसुदनी* (मज्झिमनिकाय अट्ठकथा) भाग २, देहिवल: बौद्ध संस्कृतिक मध्यस्थान, ई.२००८ पृ.१७१ ।


Downloaded from http://www.dhamma.digital

र नन्द, राहुल आदि कुमारहरू प्रवजित भएका थिए । त्यस्तै तथागत बुद्धले कपिलवस्तुमा यसोधरा देवीलाई निमित्त गर्दै जातक अट्ठकथाको अंक ४७१ मा रहेको चन्दकिन्नर जातक देशना गर्नु भएको थियो । यी सबुतहरू अनुसार थेरवाद बुद्धधर्म नेपालमा बुद्धको जीवनकालमै भित्रिएको देखिन्छ ।

यस थेरवाद बुद्धधर्ममा पुण्यानुमोदन गर्ने संस्कार बुद्धको जीवमानकालदेखि चलिआएको प्रमाणहरू बौद्ध साहित्य तथा पालि सहित्यमा व्याख्या गरिएको छ। बुद्धधर्मको प्रचार-प्रसार जहाँसम्म भएको थियो, त्यहाँसम्म धर्म सँगसँगै बौद्ध संस्कारहरू श्रीलंका, थाइल्याण्ड, बर्मा, इत्यादि बौद्ध देशहरूमा पनि भित्रिएको थियो । त्यसैले नेपालको थेरवाद बुद्धधर्ममा पनि पुण्यानुमोदन गर्ने संस्कारको आगमन त्यसरी आएको भन्न सकिन्छ ।

दिवंगत ञातिहरूलाई दान, शील, भावनादि कर्म गरेर संचय गरेको पुण्य दिएर, दुर्गतिबाट मुक्त भई सुगति लाभ होस् र सुगतिमा रहेकाहरूको सुख सम्पत्ति वृद्धि होस् भनि गरिने कामना वा प्रक्रियालाई पुण्यानुमोदन भनिन्छ । "पुण्य + अनुमोदन" यी दुई शब्द मिलेर पुण्यानुमोदन बनेको पाइन्छ ।[२] जसको अर्थ पुण्य दिनु वा आफूले गरेको पुण्य अरूलाई बाँड्नु हो । त्यस्तै अरूले दिएको पुण्यलाई सहर्ष स्वीकार गर्नु पनि पुण्यानुमोदनको अर्को अर्थ हुन आउँदछ। त्यसैले आफूले संचय गरेको पुण्य अरूलाई दिन पनि सकिन्छ र अरूले दिएको पुण्य लिन पनि सकिन्छ ।

कुनै परिवारबाट कुनै सदस्यको निधन हुँदा उसलाई परलोकमा सहयोगको निम्ति बाँचेकाहरूले गर्न सक्ने एउटा मात्र उपकारको

---

2 आचार्य डब्लु.डि वीररत्न, *बुदु दहम सह एहि आगमिक पसुबिम*, कोलम्बोः प्रदीप प्रकाश( कयो, इ.१९७७, पृ .२१२ ।


Downloaded from http://www.dhamma.digital

रूपमा पुण्यानुमोदनलाई लिन सकिन्छ । यस बाहेक अन्य माध्यमबाट परलोक गएकाहरूलाई सहयोग पुऱ्याउन नसकिने देखिन्छ । दिवंगत भएका ञातिहरू कुन भव गतिमा गएका हुन् भन्ने कुराको अनुमान गर्न नसकिने भएको कारणले गर्दा र उनीहरूलाई यस लोकमा रहेका कुनै पनि भौतिक चिजले उपकार गर्न नसकिने भएको कारणले गर्दा नै तथागत शास्ताले पुण्य गरी अनुमोदन गर्न आज्ञा गर्नुभयो। पुण्यानुमोदन दिवंगत भएकाहरूलाई मात्र नभई जीवमान रहेका आफन्तजन र अन्य सत्वप्राणीहरूलाई पनि गर्न सकिन्छ । विदेश यात्रा गमन, रोजगार, व्यापार, अध्ययन, सु-स्वास्थ इत्यादि राम्रो होस् भनि कामना गरेर पनि पुण्यानुमोदन गर्ने गरिन्छ। त्यसैले यसको महत्व धेरै नै रहेको पाइन्छ।

समाजमा प्रायः जसो पुण्यानुमोदन भन्ने बित्तिकै दिवंगत भएकाहरूलाई मात्र दिईने पुण्य कार्यलाई लिएको देखिन्छ तर पुण्यानुमोदन दिवंगत भएकालाई मात्र दिईने कार्य नभई आँखाले देखिने नदेखिने सबै जीवित प्राणीहरूलाई पनि दिन सकिने राम्रो कार्यको रूपमा लिन सकिन्छ। त्यसैले पुण्यानुमोदन गर्ने क्रममा दिवंगत भएकालाई स्मरण गर्दै, सबै देवताहरूलाई (सब्बे देवा), सबै सत्वहरूलाई (सब्बे सत्ता), सबै दिवंगत भएकाहरूलाई (सब्बे भूता) पनि सम्झँदै पुण्य दिईने गरिन्छ।

## १.२ थेरवाद बुद्धधर्म

तथागत बुद्धले ४५ वर्षसम्म देशना गर्नु भएको धर्मलाई मूल बुद्धधर्म भन्न सकिन्छ। यस मूल उपदेशहरू यथावत राखेर कुनै परिवर्तन र परिमार्जित नगरी शुद्ध रूपमा बुद्धवचनहरूलाई अनुशरण गरी अगाडि बढिरहेको सम्प्रदायलाई थेरवाद सम्प्रदाय भनिन्छ।[३] त्यस्तै जेष्ठ अथवा

3 त्रिरत्न मानन्धर, "नेपालमा थेरवाद-बुद्धधर्मको विकासक्रम", *नेपालमा थेरवाद - बुद्धधर्म एक अध्ययन*, डा. रीना तुलाधर, काठमाण्डौं : नेपाल प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०७२, पृ. ५२।


Downloaded from http://www.dhamma.digital

वरिष्ठ स्थविरहरूलाई प्रमुखस्थान दिँदै गुरू शिष्य परम्पराबाट अखण्ड रूपमा अतीतदेखि हालसम्म मूल धर्मविनयलाई सुरक्षा तथा पालन गर्दै आइरहेको कारणले पनि यसलाई थेरवाद भनिएको छ। पालि साहित्यमा "थेरवाद" लाई स्थिर रहनु, थेरहरूको राय (आचरियवाद) र पवित्र बुद्धधर्म गरी तीनवटा अर्थमा व्याख्या गरेको देखिन्छ।[४]

चुल्लवग्ग पालिको पञ्चसतिकखन्धमा ५०० जना प्रतिसम्भिदालाभि अर्हत् भिक्षुहरू सहभागी भई सम्पन्न गरिएको प्रथम धर्म संगायनामा धर्म विनयमा कुनै पनि परिवर्तन नगरी तथागत बुद्धले जस्तो प्रज्ञप्त गर्नुभएको छ सोही अनुसार धर्मविनयको पालना गर्ने भनि सर्वसम्मतले स्विकार गरी थेरवाद अगाडि बढेको देखिन्छ।[५] यसरी सबै थेरहरूको सम्मत भई यो थेरवाद आजसम्म पनि ती आचार्यहरूले गरेको निर्णयलाई मान्दै आएका छन्। यसलाई नै आचरियवाद भनिएको पाइन्छ। यसरी आचार्यवाद अथवा थेरवादको सुरुवात भएको देखिन्छ। आचार्यवादमा जेष्ठ भिक्षुहरूलाई सम्मान, सत्कार र प्रमुखस्थान दिनुका साथै उहाँहरूको राय सुझावलाई मान्यता दिने पनि गरिन्छ। एक अवस्थामा सारिपुत्त भन्ते र मोग्गल्लान भन्तेले बस्न आसन नपाउँदा तथागत बुद्धले जेष्ठ भिक्षुहरूलाई प्राथमिकता दिनुपर्छ भन्नु भएको थियो। त्यस्तै जातक अट्ठकथाको ३७ औं अंकमा आउने तित्तिर जातकमा पनि जेष्ठहरूको सम्मान गर्न सिकाएको पाइन्छ। यस अनुरूप थेरवादलाई आचरियवादको रूपमा पनि वर्णन गरेको पाइन्छ।

थेरवादको अर्को अर्थ पवित्र बुद्धधर्म पनि हो। तथागत बुद्धले देशना गर्नु भएको धर्म विनयलाई कुनै पनि परिवर्तन र परिमार्जित

---

४ इलुकेवेल धम्मरतन हिमि (अनु.), *थेरवादय, विभज्जवादय सह मूल् बुदुसमय*, पृ.१ http://www.bpu.ac.lk/storage/app/media/uploaded-files/Staff%20Members/Ven.%20Ilukewela%20Dhammarathana%20Thero/therawadaya.pdf

५ पञ्चसतिक खन्ध, *चुल्लवग्ग पालि* , तिपिटक डट् एल्के एप्लिकेशन्।


Downloaded from http://www.dhamma.digital

नगरी, अपवित्र हुन नदिई, मूल धर्मलाई नै थेरवादले निरन्तरता दिइरहेको कारणले आजसम्म पवित्र (शुद्ध) रूपमा रहँदै आएको छ । त्यसै अर्थमा यसलाई थेरवाद भनिएको छ । समन्तपासादिकामा प्रथम संगायना समापन भएपछि ५००० वर्षसम्म बुद्धधर्म सुरक्षित रहने विषय उल्लेख भएअनुसार त्यसबाट धर्म विनयको निर्मलता सुनिश्चित भएको बुझिन्छ । त्यस्तै यस प्रथम धर्मसंगायनामा एकत्रित गरिएका धर्म र विनय नै थेरवाद हो भनि दीपवंशको परिच्छेद चारमा उल्लेख गरिएको छ । यसरी तीनवटा अर्थले थेरवाद भएको बुझ्न सकिन्छ । त्यस्तै गरी सम्यक् बोधि, प्रत्येक बोधि र श्रावक बोधिमध्ये कुनै पनि बोधिबाट निर्वाण प्राप्त गर्न सकिन्छ भन्ने धारणा थेरवादमा रहेको पाइन्छ ।[६]

यसरी शुद्ध रूपमा अगाडि बढेका बुद्धधर्म तथागत महापरिनिर्वाणको १०० वर्षपश्चात  शाखाहरूमा विभाजित भएको दोस्रो संगायनामा देखिन्छ । कालान्तरमा यही शाखाहरूबाट पनि विभिन्न निकायहरूको प्रादुर्भाव हुनाका साथै कतिपय लोप भई हाल विशेष रूपमा बुद्धधर्ममा तीनवटा प्रधान शाखाहरूको प्रभाव रहेको देख्न पाइन्छ । जुन थेरवाद बुद्धधर्म, महायान बुद्धधर्म, बज्रयान बुद्धधर्म हुन् ।[७] थाईल्याण्ड, बर्मा (म्यान्मार), श्रीलंका जस्ता देशहरूमा थेरवाद बुद्धधर्मको प्रभुत्व रहेको देखिन्छ भने चीन, जपान, कोरिया, भियट्नाम जस्ता देशहरूमा महायान बुद्धधर्मको प्रभाव रहेको देखिन्छ र तिब्बत, मंगोलिया जस्ता देशहरूमा बज्रयान बुद्धधर्मको प्रभाव रहेको देखिन्छ । नेपालमा भने यी तीनै सम्प्रदायहरू रहेको देखिन्छ ।

महायान सम्प्रदायमा निर्वाण बोध गर्न एक मात्र मार्गको रूपमा सम्यक्सम्बोधिलाई देखाएको छ र त्यस कार्यको पूर्ति बोधिसत्वबाट हुने

6 मदनरत्न मानन्धर, "थेरवाद-बुद्धधर्मः एक अध्ययन", *नेपालमा थेरवाद - बुद्धधर्म एक अध्ययन*, डा. रीना तुलाधर, काठमाण्डौं : नेपाल प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०७२, पृ. २० ।

7 मदन रत्न मानन्धर (अनु), *बौद्ध विश्वास* (तृतीय भाग), के. श्री धम्मानन्द, काठमाडौं: धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, वि.सं. २०५१, पृ.३ ।


Downloaded from http://www.dhamma.digital

भनिएको छ ।[८] बुद्धत्व लाभ गर्न धेरै समयसम्म परिश्रम तथा पारमीधर्म पूरा गर्नुपर्ने भएकोले यो काम अति कठिन, महान् तथा समय अन्तराल पनि लामो रहेको छ । त्यसैले यो महान् दर्शन हुनगयो र यसलाई महायान भनिएको पाइन्छ । महायानको सरल अर्थ ठूलो यान (जहाज) हो र त्यहाँ बोधिसत्वहरूलाई विशेष स्थान दिएको पाइन्छ ।

बज्रयान महायानको शाखाको रूपमा विकसित भएको सम्प्रदाय भनिएको छ र यहाँ तन्त्रहरूको माध्यमबाट पनि निर्वाण प्राप्त गर्न सकिन्छ भन्ने दर्शन रहेको पाइन्छ ।[९] बज्रयानीहरू यस सम्प्रदायको आरम्भ पनि तथागत बुद्धबाटै भएको मान्यता राख्दछ । माथि उल्लेख गरिएका महायान र बज्रयान सम्प्रदायहरू समय परिस्थिति र सामाजिक आवश्यकता, मूल्य र मान्यता अनुकुल परिवर्तन हुँदै, परिष्कृत हुँदै आएको देखिन्छ । त्यसैले त्यहाँ मूल बुद्धधर्मभन्दा फरक दर्शन देख्न सकिन्छ ।

---

8 एच् एम् मोरटुवगम महता, *बौद्ध धर्माचार्य विभाग - बौद्ध इतिहासय हा संस्कृतिय*, कोलम्बो.: बौद्ध कटयुतु देपार्तुमेन्तु, ई.२०१०, पृ. ४९ ।

9 पिटर डेला स्यान्टिना, *द ट्री अफ् इन्लाइटेनमेण्ट्*, ताईवानः द कर्पोरेट बडी अफ् द बुद्ध एजुकेसनल फाउण्डेसन, इ. १९९७, पृ. १९९ ।


Downloaded from http://www.dhamma.digital

# अध्याय - दुई

# पुण्यानुमोदनको परिभाषा, प्रकार र प्रारम्भ

## २.१ पुण्यानुमोदनको परिभाषा

"पुण्यानुमोदनको" सरल परिभाषा भनेको – संचय गरेका पुण्य अरूलाई दिनु र अरूबाट ग्रहण गर्नुलाई भनिएको छ। "पुण्यानुमोदन" भन्ने दुईवटा शब्द मिलेर बनेको हो । यसको विसन्धि रूप "पुण्य + अनुमोदन" हो ।[१०] पुण्यलाई पालिमा पुञ्ञं भनिन्छ भने अनुमोदन शब्द पालिकै मूल रूप हुन्। त्यस्तै "मोदति" भन्नाले खुसी हुनु, प्रीति हुनुलाई जनाउँछ । जसको क्रिया धातु रूप "मुद" हुन आउँछ ।[११] यसैबाट "मोदन" शब्द बन्न आएको हो । त्यसमा "अनु" उपसर्ग जोडिएर अनुमोदन भएको हो ।[१२] यसको अर्थ सँग-सँगै खुसी हुनु, प्रीति हुनु रहेको छ। पुण्य र अनुमोदन दुवै शब्दलाई मिलाउँदा पुण्यानुमोदन हुन आउँछ। जसको अर्थ पुण्यअनुसार खुसी हुनु हो। कुनै कार्यमा प्रसन्न वा खुसी हुनु भनेको त्यस कार्यलाई कुनै न कुनै रूपमा स्वीकारेको अथवा लिएको हुन आउँदछ। त्यसैले पुण्यानुमोदनको सरल अर्थ खुसी हुनु पनि स्वीकार्नु सरह रहेको छ।

बिम्बिसार राजाले दुःस्वप्न देख्नु भई बुद्धलाई अवगत गराउँदा तथागत बुद्धले "दिवंगतहरूलाई पुण्यको आवश्यकता परेको हुनाले भोजन दान आदि दिएर उनीहरूलाई पुण्य अनुमोदन गर्नु पर्छ" भन्नु

---

१० पूर्वोक्त पाद टिप्पणी संख्या २, पृ .२१२।

११ मडितियवेल सिरि सुमंगल स्थविर, *पालि-सिंहल शब्दकोषय,* इ.१९६५, पृ. ४१३।

१२ ऐजन पृ. ५३।


Downloaded from http://www.dhamma.digital

भएको थियो । यसलाई नै तथागत बुद्धको पुण्यानुमोदन सम्बन्धी परिभाषा भन्न सकिन्छ, जुन खुद्दकपाठ अन्तर्गत तिरोकुड्ड सुत्त वण्णनामा उल्लेख भएको छ । त्यस्तै विभिन्न पुस्तकहरूमा पुण्यानुमोदन सम्बन्धी उल्लेख भएका व्याख्याहरूलाई परिभाषाको रूपमा निम्न अनुसार लिन सकिन्छ ।

- आफूले प्राप्त गरेको पुण्य भाग आफूले जस्तै प्राप्त गरी लिन सकोस् भन्ने उद्देश्यले अरूलाई दिनुलाई पुण्यानुमोदन गर्नु भन्ने चलन छ ।[१३]
- अरू कसैले पुण्य संचय गरेर बाँडेको पुण्य आफूले सहर्ष स्वीकार्नु अथवा लिनुलाई पुण्यानुमोदन भनिन्छ ।[१४]
- अरू कसैले पुण्य नदिए पनि पुण्य गरिरहेको देखेर, "अहो ! कति राम्रो मलाई पनि त्यसबाट पुण्य प्राप्त होस्" भनि मनमनै कामना गर्नुलाई पनि पुण्यानुमोदन भनिन्छ ।[१५]

## २.२ पुण्यानुमोदनको प्रभेद

तथागत बुद्धले पुण्यानुमोदनको प्रकारलाई लिएर देशना गर्नुभएको सूत्रहरू त्रिपिटकमा नभेटिए पनि दश पुण्यक्रियामा उल्लेख भए अनुसार पुण्यानुमोदन गर्ने तरिकाहरू दुई प्रकारले देखाएको पाइन्छ । अभिधर्मार्थ प्रदीपिकाको पाँचौं परिच्छेदको कामावचर कुशलकर्म अन्तर्गत कुशल कर्मपथ दशवटा उल्लेख गरिएको छ । जसलाई दश पुण्यक्रिया पनि भनिन्छ । यी दशवटा कर्मपथबाट पुण्य संचय गर्न सकिन्छ । जसलाई यसरी विभाजन गरी देखाइएको छ । ती दान– दान दिनु, शील– शील

१३ पूर्वोक्त पाद टिप्पाणी संख्या ३, पृ. १३ ।

१४ ऐजन पृ. १५ ।

१५ रेरुकाने चन्दविमल महास्थवीर, *बौद्धयागे अत्पोत - पिन् अनुमोदन वीम*, बौद्ध पोत मोबाँईल एप्लिकेशन् ।


Downloaded from http://www.dhamma.digital

पालना गर्नु, भावना– ध्यान बस्नु, अपचायन– गौरव गर्नु पर्नेलाई गौरव गर्नु, वेय्यावच्च– माता पिता गुरु आदिलाई सेवा उपस्थान गर्नु, पत्तिदान– पुण्य दिनु, पत्तानुमोदन– पुण्य लिनु, धम्मसवन– धर्म श्रवण गर्नु, धम्मदेशना– धर्म उपदेश दिनु, दिट्ठिजुकम्म– सम्यक् दृष्टिले युक्त हुनु हुन् । यी दशमध्ये छैठौं र सातौं अंकमा आउने पत्तिदान र पत्तानुमोदनालाई पुण्यानुमोदनको मुख्य दुई प्रभेदको रूपमा लिन सकिन्छ ।

क) पत्तिदान

दान इत्यादि कुशल कर्म गरी संचय गरेको पुण्य अरूलाई दिनु वा बाँड्नुलाई पत्तिदान भनिन्छ । यहाँ विशेष गरी पुण्य लिन वा अनुमोदन हुन चाहनेहरूलाई दिने गरिन्छ र यसरी पुण्य दिंदा, पुण्य दिने व्यक्तिको पुण्य अझ वृद्धि हुने गर्दछ । किनभने उसले सुरुमा दातव्य वस्तुहरू दान दिएर पुण्य संचय गरेको हुन्छ यसरी संचित पुण्यलाई पनि फेरि अरूको कल्याणार्थ बाँडेर दिने अथवा दान दिने भएकोले अझ पुण्य संचय भएको मानिन्छ। त्यसैले उसको पुण्य वृद्धि भएको भन्न सकिन्छ। दिवंगत भएका आफन्तजनहरू यदि पुण्य लाभ गर्ने कामना गर्दछ भने वा दिवंगत भएकाहरूलाई दुर्गतिबाट मुक्त गराई सुगतिमा ल्याउने कामना गर्दछ भने यस तरिकाबाट पुण्य दिइने गरिन्छ । यस पत्तिदान पनि उद्दिस्सक र अनुद्दिस्सक गरी दुई भागमा विभाजन गर्न सकिन्छ ।[१६]

अ) उद्दिस्सक पत्तिदान

कुनै देवता वा परदत्तुपजीवी सत्वलाई आफूले संचय गरेको पुण्य, उनीहरूको भलो होस् भनि उद्देश्य राखि अनुमोदन गरिन्छ भने त्यसलाई उद्दिस्सक पत्तिदान भनिन्छ । यसरी पुण्य दिंदा उनीहरूले दिट्ठधम्म

१६ अमरदास रत्नपाल, *अभिधर्मार्थ प्रदीपिका भाग १*, पि.डि.एफ्, : तिपिटक डट् एल्के, पृ. ५१० ।


Downloaded from http://www.dhamma.digital

वेदनीय कर्मको रूपमा अथवा त्यही अवस्थामा सुख सम्पत्ति लाभ गर्छन्। वर्तमान विश्वबौद्ध समाजमा हेर्ने हो भने आजकाल धेरै जसो उद्दिस्सक पत्तिदान दिएको देख्न सकिन्छ। बौद्ध उपासक-उपासिकाहरू विहारमा गएर भन्ते वा गुरुमाहरूलाई "फलना-फलना दिवंगत भए, उनीहरूको सुगति कामनार्थ भोजन दानको लागि निमन्त्रणा गर्न आएको हौं" भनी निमन्त्रणा गरी भोजनदान दिने दिनमा उनीहरूको घरमा भन्ते वा गुरुमांहरू जानु भई पञ्चशील, परित्राण पाठ, धर्म-उपदेश दिइ, भोजन दान गराई अन्तमा दिवंगत भएकाहरूलाई स्मरण गर्दै पुण्यानुमोदन गराउने गर्दछन्। त्यस्तै गरी संचय गरेको पुण्य देवी-देवताहरूलाई पनि अनुमोदन गरिन्छन्। यहाँ विशेष गरी परलोक गएका आफन्तजनहरूलाई उद्देश्य राखेर दान दिएतापनि देवी-देवताहरूलाई पुण्य दिन उपासक-उपासिकाहरूले बिर्सिदैनन्। त्यसैले यस्तो प्रकारको पुण्य कर्म उद्दिस्सक पत्तिदानभित्र पर्दछ।

आ) अनुद्दिस्सक पत्तिदान

यदि कसैले आफूले संचय गरेको पुण्य, सबै जनाको मंगल-मैत्री, सुख कामना गर्दै बाँड्छ भने त्यसरी दिइने पुण्यलाई अनुद्दिस्सक पत्तिदान भनिन्छ। उद्दिस्सक पत्तिदानमा दान गर्दा कुनै उद्देश्य राखेर गरेतापनि कुनै-कुनै उपासक-उपासिकाहरूले विना उद्देश्य नै पुण्य कर्म गर्ने गर्दछ तर यसमा उद्देश्य केही नभएको भने होइन। उद्दिस्सक पत्तिदानमा जस्तो विशेष कारण वा उद्देश्य मात्र नभएको हो। यसरी कुशल कर्म गर्दा उनीहरुले "भन्ते आज श्रद्धा दान गर्न लागेको, भन्ते सबैलाई सुख शान्ति कामना गरेर दान दिन लागेको हो" भन्ने गर्दछ र भन्तेहरूले पनि सो अनुसार कुशल कर्म गराएर सबैलाई सुख शान्ति प्राप्त होस् भनि आशिर्वाद गर्नुहुन्छ। यसरी उद्देश्य नराखि पुण्य गर्नुलाई अनुद्दिस्सक प्रत्तिदान भनिन्छ।


Downloaded from http://www.dhamma.digital

ख) पत्तानुमोदना

अरू कसैले संचय गरेको पुण्यमा आफू सहभागी भइन्छ भने, आफूले सो पुण्य स्वीकार्छ वा अनुमोदन हुन्छ भने त्यसलाई पत्तानुमोदना भनिन्छ । कर्म र कर्मफलमा विश्वास गरेर, स्मृति र प्रज्ञाले युक्त हुँदै आफूद्वारा अनुमोदन हुने पुण्यको बारेमा राम्ररी जानेर बुझेर अनुमोदन हुन्छ भने त्यसबाट आफूले पुण्य गर्ने व्यक्तिले सरह नै पुण्य प्राप्त गर्न सक्दछ । किनभने अनुमोदन हुने व्यक्तिमा पनि कुशल चित्त उत्पन्न हुने भएकोले हो । यदि कसैले अनुमोदन हुने पुण्यको बारेमा राम्ररी नबुझी कर्म र कर्मफलमा विश्वास इत्यादि नगरी अनुमोदन हुन्छ भने उसको मनमा राम्ररी कुशल चित्त उत्पन्न नहुने भएकोले सम्पूर्ण कुशल अथवा माथि भनिएको जसरी पुण्य प्राप्त हुँदैन भनिएको छ । त्यसैले यहाँ स्मृतिपूर्वक प्रज्ञाले युक्त हुन आवश्यक देखिन्छ ।[१७]

पत्तानुमोदनलाई बुझ्न कथात्मक उदाहरण यसप्रकार रहेको छ ।[१८] अतीतमा वाराणसी नामक एउटा नगर थियो । त्यस नगरमा तीन दाजुभाइ महको व्यापार गरेर जीविका चलाउने गर्थे । ती मध्ये ठूलो दाइले ठाउँ-ठाउँमा गएर मह खोजेर ल्याइदिन्थ्यो । माइला भाइले मह शहरसम्म लगि दिन्थ्यो र कान्छो भाइले बेचि दिन्थ्यो । यसरी उनीहरू तीन भाइ मिलेर व्यापार गरिरहेका थिए । एकदिन पसलमा बसेर व्यापार गरिरहँदा प्रत्येक बुद्ध भिक्षाटन गर्नु हुँदै त्यस पसलमा आइपुग्नुभयो । त्यस समयमा उहाँलाई दान दिन अन्य केही वस्तु नभएको हुँदा कान्छो भाइले प्रत्येक बुद्धलाई एक घैटा मह दान दिनुभयो । भोलि पल्ट ठूलो दाइ हिसाब-किताब हेर्न आउँदा एक घैटा मह नभएको देखेर, त्यसलाई "के गर्‍यौ ?" भनेर प्रश्न गर्दा "हिजो प्रत्येक बुद्धलाई दान दिएको

१७ पूर्वोक्त पाद टिप्पणी संख्या १६, पृ. ५१० ।

१८ निवन्दम श्री धर्मकीर्ति, *दश पुण्य क्रिया विभाग*, देहिवलः बौद्ध संस्कुतिय मध्यस्थानय, ई.२००४, पृ. १३१ -१३२ ।


Downloaded from http://www.dhamma.digital

भन्यो" । रिसले चूर भएर "किन तिमीले ब्राह्मण चण्डाललाई बेकारमा दान दिएको" भन्दै भाइलाई गाली गऱ्यो । त्यसपछि माईला भाइले पनि गाली गर्दै "तिम्रो बुद्धलाई त समुद्रपारि पुऱ्याउनु पर्छ" भन्यो ।

कान्छो भाइले दाइहरूलाई दानको महिमा बारे सम्झाउदै "तपाईहरू तथागत बुद्धको बारेमा त्यसरी नराम्रो नभन्नुस् । उहाँ अति शीलवान्, गुणवान्, प्रज्ञावान् हुनुहुन्छ । उहाँलाई केही दान दिंदा महत्फल हुन्छ । त्यसैले उहाँलाई गाली गर्न छाडेर मैले संचय गरेको पुण्यमा तपाईहरू पनि अनुमोदन हुनुहोस्" भन्यो । त्यसपछि उनीहरूले पनि खुसीको साथ पुण्य अनुमोदन गरे । त्यस पुण्यको प्रभावले मृत्युपछि कान्छो भाइ धर्माशोक राजा भएर जन्म लियो । जेठा दाइले सोही स्थानमा सुमन श्रामणेरको रूपमा जन्म लियो तर चण्डाल भनेर गाली गरेको अकुशल कर्मले चण्डालहरू बस्ने गाँउमा जन्मिन पुग्यो । माईला दाइले बुद्धलाई समुद्रपारि पुऱ्याउनु पर्छ भन्दै गाली गरेकोले समुद्रपारिको देश तम्बपण्णी (श्रीलंका)मा जन्म लिएर देवानपियतिस्स राजा भए । अरू कसैले गरेको पुण्यलाई राम्ररी बुझेर अनुमोदन हुने हो भने जो कसैले पनि महत् फल भएको पुण्य लाभ गर्न सकिन्छ भन्ने यस कथाबाट बुझिन्छ । यस कथा रसवाहिनी नामक पालि कथा पुस्तकको तेभातिक कथामा उल्लेख रहेको छ ।

थेरवाद संघ समाजमा पनि पत्तानुमोदनाको प्रभाव धेरै रहेको देख्न पाइन्छ । त्यसैले आफूले संचय गरेको पुण्य अन्य सब्रह्मचारी भन्तेहरूमा बाँड्ने चलन अतीतदेखि वर्तमानसम्म चलिआएको पाइन्छ ।

### २.२.१ सत्व अनुसार पुण्यानुमोदनको प्रभेद

थेरवाद बुद्धधर्ममा बुद्ध पूजा, परित्राण पाठ इत्यादि नित्य रूपमा गर्ने गरिन्छ र अन्तमा विभिन्न प्रकारका सबै सत्वप्राणीहरू समावेश हुने


Downloaded from http://www.dhamma.digital

गरी पुण्यानुमोदन पनि गरिन्छ । त्यसरी पुण्य दिंदा, "यहाँसम्म हामीले प्राप्त गरेको पुण्य सम्पदालाई सबै देवता, सत्व, भूतहरूले सम्पूर्ण सिद्धि प्राप्तिको निमित्त अनुमोदन गरुन्" भनि "…….सब्बे देवा, …..सब्बे सत्ता, …..सब्बे भूता अनुमोदन्तु, सब्बसम्पत्ति सिद्धिया," गाथा वाचन गर्ने गरिन्छ । यस गाथाअनुसार पुण्य लिने तीन किसिमको सत्व समूह उल्लेख भएको देखिन्छ, जसलाई पुण्यानुमोदनको अर्को प्रभेदको रूपमा लिन सकिन्छ ।

क) सब्बे देवा – सबै देवताहरू

ख) सब्बे सत्ता – सबै सत्वहरू

ग) सब्बे भूता – सबै भूतहरू

## क) सब्बे देवा

अभिधर्ममा आउने भूमि चतुष्क अनुसार हेर्ने हो भने चातुर्महाराजिक इत्यादि ६ देवलोकहरूमा बस्ने सत्व प्राणीहरूलाई देवता भनिन्छ । त्यसभन्दा माथिल्लो तहमा बस्ने सत्वहरूलाई ब्रह्मा भनिन्छ । देवलोकमा बस्ने ती देवताहरू पुण्यको प्रभावले त्यहाँ जन्म लिने गर्दछन् तर ब्रह्माहरू प्रथम, दुतीय, तृतीय, चतुर्थ ध्यानको कारणले मात्र १६ वटा ब्रह्मलोकहरूमा जन्म लिने गर्दछन् । संचित पुण्य देवताहरूलाई आवश्यक परे पनि असञ्ञसत्त (रूपावचर बह्मलोकमा उत्पन्न भएको ब्रह्म हो तर उनमा शरीर भए पनि मन हुँदैन । त्यसैले कुनै सञ्ज्ञा उत्पन्न नहुने भएकोले असञ्ञसत्त भनिएको छ । त्यसैले पुण्य अनुमोदन गरे पनि थाहा पाउदैन) र अरूपावचर ब्रह्मलोकमा (आकासनञ्चायतन, विञ्ञाणञ्चायतन, आकिञ्चञ्ञायतन, नेवसञ्ञानासञ्ञायतन ध्यान लाभीहरू यहाँ उत्पन्न हुन्छन् र उनीहरूको रूप हुँदैन । मन मात्र हुन्छ । त्यसैले अरूपी ब्रह्म भनिन्छ ।) उत्पन्न हुने ब्रह्माहरूलाई पुण्य


Downloaded from http://www.dhamma.digital

आवश्यक नपर्ने वा पुण्य प्राप्त गर्न नसकिने देखिन्छ । त्यसैले यस "सब्बे देवा" भित्र असञ्ञसत्त ब्रह्मलोक बाहेक १५वटा ब्रह्मलोकहरूका ब्रह्महरू समावेश हुन्छन् र उनीहरूलाई पुण्य दिनु पुण्यानुमोदनको एक प्रभेदको रूपमा लिन सकिन्छ । परापूर्व कालदेखिनै देवी-देवताहरूलाई पुण्य दिने चलन बौद्ध सँस्कृतिमा देख्न सकिन्छ । देवी-देवताहरूले पनि पुण्य वृद्धि गर्नलाई पुण्यको अपेक्षा गर्ने भएका हुनाले पूजापाठ इत्यादि पश्चात पुण्य दिने गरिन्छ र त्यसबाट प्रसन्न भएका देवी-देवताहरूबाट आशिर्वाद र सुरक्षा लाभ गर्न सकिन्छ भन्ने विश्वास पनि रहेको पाइन्छ ।

पालि भाषामा देवतालाई देव अथवा देवता भनिन्छ । अभिधर्मको विभंग प्रकरणमा तीन प्रकारका देवताहरू देखाइएका छन् । ती यसप्रकार छन् :

-सम्मुति देव

-विसुद्धि देव

-उपपत्ति देव

विभिन्न जन समाजमा सामान्य मानिसलाई पनि देवताको रूपमा सम्मत गरेर मानेको देख्न सकिन्छ र त्यहाँ धेरैले श्रद्धा आस्थाको साथ पूजापाठ गरिरहेको पनि देख्न सकिन्छ । अतीतमा राजा, रानी, राजकुमारहरू जस्ता व्यक्तित्वहरूलाई देवतालाई जस्तै मानेको देखिन्छ । सामान्य जनहरूभन्दा उनीहरू धन, बल इत्यादिले सम्पन्न र विशेष व्यक्तित्व भएका कारणले उनीहरूलाई त्यसरी देवत्वमा राखिएको सोच्न सकिन्छ । उनीहरू साँच्चिकै देवता नभएता पनि सबैको सम्मतले हुन गएको एउटा मान्यता हो । यस्तो तरिकाले कुनै साधारण मानिसलाई देवता मान्नुलाई सम्मुति देव भनिएको छ । तथागत बुद्ध, प्रत्येक बुद्ध, अरहन्त जस्ता विशुद्ध भएका अथवा सबै क्लेश धर्महरूबाट मुक्त भएका महान् व्यक्तित्वहरूलाई देवता मानेर पूजा सत्कार गर्ने गरिन्छ । यसरी


Downloaded from http://www.dhamma.digital

वहाँहरू विशुद्ध भएका कारणले विशुद्धि देव भनिन्छ । संचित पुण्यको प्रभावले देवलोकमा ओपपातिक भएर (स्वचालित) जन्म लिएको अथवा उत्पत्तिले नै देवता भएको सत्वलाई "उप्पत्ति देव" भनिन्छ । यी तीन देवताहरू मध्ये उप्पत्ति देवलाई यहाँ लिइएको हो ।

देवलोक ६ वटामा बसोबास गर्ने सत्वहरूलाई माथि देवता भनिएता पनि त्रिपिटकको अध्ययन गर्दा "देवा" शब्दको प्रयोग केवल ती स्वर्गका सत्वहरूलाई मात्र नभनिएको देखिन्छ। संयुक्तनिकायको महावर्गको सच्च संयुक्तको धम्मचक्कपवत्तन वर्गमा आउने धम्मचक्कप्पवत्तन सूत्रको अध्ययन गर्दा सो विषय स्पष्ट हुन्छ । तथागत बुद्धले उक्त सूत्र देशना पञ्चवर्गीय भिक्षुहरूलाई गर्नु भएको समयमा ६ देवलोक र १५ ब्रह्मलोकका देवब्रह्माहरूले सो विषय क्रमैसँग थाहा पाएको उल्लेख त्यहाँ गरिएको पाइन्छ र "देवा" शब्दको प्रयोग ती हरेक लोकका देवब्रह्महरूको पछाडि राखिएको देखिन्छ। त्यसको तात्पर्य, देवब्रह्म दुवै पक्षलाई देवा भनिएको छ ।[१९] उदाहरणहरू :

अर्थ-

"भूमिमा रहेका देवताहरूको शब्द (आवाज) सुनेर चातुर्महाराजिका देवताहरूले उद्घोष गरे ।"

अर्थ- "ब्रह्मपुरोहित देवताहरूको आवाज सुनेर महाब्रह्म देवताहरूले उद्घोष गरे ।"

अर्थ- "सुदर्श देवताहरूको आवाज सुनेर सुदर्शी देवताहरूले उद्घोष गरे ।"

---

१९ भिक्षु सरणंकर (अनु.), *महापरित्राण*, काठमाडौं: माया देवी महर्जन, वि.सं. २०७९ पृ. ११३ - ११५ ।
"भुम्मानं देवानं सद्दं सुत्वा चातुम्महाराजिका देवा सद्दमनुस्सावेसुं"
"ब्रह्मपुरोहितानं देवानं सद्दं सुत्वा महाब्रह्म देवा सद्दमनुस्सावेसुं"
"सुदस्सानं देवानं सद्दं सुत्वा सुदस्सी देवा सद्दमनुस्सावेसुं"


Downloaded from http://www.dhamma.digital

त्यस्तै रतन सूत्रमा पनि "भुम्मानि वा यानिव अन्तलिक्खे" उल्लेख भएअनुसार माथि उल्लेख गरिएका देवब्रह्महरूलाई भूमिस्थ देवताहरू र अन्तरिक्ष देवताहरू गरी दुई भागमा फेरि विभाजन गर्न सकिन्छ। यही सूत्र वर्णना अथवा अट्ठकथामा ती दुई विभाजनमा कहाँदेखि कहाँसम्मका लोकहरू समावेश हुन्छन् भन्ने कुरा व्याख्या गरिएको छ। त्यसअनुसार याम देवलोकदेखि अकनिट्ठका ब्रह्मलोकसम्मका देवब्रह्महरू आकाशमा निर्माण भएका विमानहरूमा उत्पत्ति भएका कारण अन्तरिक्ष देवताहरू भनिएका छन्। यामा देवलोकभन्दा तल सुमेरू पर्वतदेखि जमिनसम्म वृक्षलता इत्यादिमा अधिगृहित भएका, जमिनमा जन्म लिएका सबै देवताहरू, पृथ्वीसँग सम्बन्ध भएको पर्वत, वृक्षलता इत्यादिमा जन्म लिएका कारण भूमिस्थ देवताहरू भनिन्छन्।

ख) सब्बे सत्ता

तण्हा, दिट्ठिले युक्त भएर पञ्चस्कन्धमा बस्ने, प्रवेश गर्ने, आसक्त हुने स्वभाव भएको प्राणीलाई सत्व भनिन्छ।[२०] यस अनुसार हेर्दा क्लेश भएका सबै प्राणी यसभित्र समावेश हुने देखिन्छ तर क्लेश नभएको क्षीणाश्रव (अर्हत्) समावेश भएको देखिदैन।

"सब्बे सत्ता भवन्तु सुखितत्ता" करणीय मेत्त सुत्तमा उल्लेख भएअनुसार सबै सत्व प्राणीहरू मानसिक सुखले युक्त भएका होऊन् भनिएका छन्। यहाँ "सत्ता" मात्र भनिएको छैन। "सब्बे सत्ता" भनिएको छ। यस विषयमा मेत्त सुत्त वर्णना अथवा खुद्दकपाठ अट्ठकथामा हेर्दा "सब्बे" शब्दबाट सबै सत्वलाई जनाएको छ र त्यहाँ कोही पनि बाँकी नरहने गरी सबै पनि भनिएको छ। यसअनुसार "सब्बे सत्ता" को प्रयोग

---

२० *खन्धक जातक अट्ठकथा*, त्रिपिटक.एल्के एप्लिकेशन्।
"तत्थ तण्हादिट्ठिवसेन वट्टे पञ्चसु खन्धेसु आसता विसता लग्गा लग्गिताति सत्ता"


Downloaded from http://www.dhamma.digital

केवल क्लेश भएका प्राणीहरू मात्र नभएर क्लेश नभएका प्राणीहरू (अर्हत्‌हरू) पनि समावेश भएको भन्न सकिन्छ । त्यसैले क्लेश भएका नभएका देव, ब्रह्मा, मनुष्य, अमनुष्य (भूत प्रेत) तथा आँखाले देखिने नदेखिने साना, ठूला सबै प्रकारका प्राणीहरूलाई सबै सत्व भनिएको बुझिन्छ । अय्यका सुत्तमा "सबै प्राणीहरू मरेर जानेछन्, जीवन मृत्युबाट अन्त हुन्छ ।"[२१] भनिएको छ । यहाँ "सब्बे सत्ता" केही बाँकी नराखि सबै सत्व भन्ने बुझिन्छ । ती सबै सत्वलाई पुण्य दिंदा "सब्बे सत्ता" भनेर पुण्य दिइन्छ। सब्बे देवतामा देवब्रह्मा मात्र समावेश भएको थियो भने सब्बे सत्तामा सबै प्रकारका प्राणीहरू समावेश भएको विचार गर्न सकिन्छ ।

ग) सब्बे भूता

पुण्यानुमोदन गर्ने क्रममा "सब्बे देवा" भन्नाले देवब्रह्महरूलाई भनिएको बुझिन्छ र "सब्बे सत्ता" भन्नाले सबै प्रकारका सत्व प्राणीहरूलाई समेटिएको देखिन्छ। यसभित्र मनुष्य लोक, स्वर्ग लोक, नर्क लोक, ब्रह्म लोकहरू समावेश भएको देख्न सकिन्छ तर "सब्बे भूता" भनिएको स्थानमा कसलाई मध्य नजर गरिएको छ भन्ने बुझ्न कठिन रहेको छ। त्रिपिटकमा त्यसरी पुण्य दिएको अवस्था भेटिएको छैन । "सब्बे भूता" को प्रयोग भेटिए पनि अर्थ अनेकौं रहेको देखिन्छ तर सामान्य अर्थ भने दिवंगत भएकालाई दर्शाइएको धेरैको मान्यता रहेको छ तर अट्ठकथामा भने छुट्टै व्याख्या रहेको पाइन्छ। सूत्रपिटकको कतिपय सूत्रहरूमा "भूता" पदको प्रयोग भएको पाइन्छ। यस भूता कुन-कुन अर्थमा प्रयोग भएको छ भनि निम्न अनुसार बुझ्न सकिन्छ ।

२१ *संयुक्त निकाय*, सरल त्रिपिटक एप्लिकेशन् ।
"सब्बे सत्ता मरिस्सन्ति मरणन्तम्हि जीवितं"


Downloaded from http://www.dhamma.digital

-मेत्त सुत्तको पाँचौ गाथामा "दृष्ट वा अदृष्ट सत्वहरू, दुरस्थ वा समीपस्थ सत्वहरू, पछि उत्पन्न नहुने, भविष्यमा नयाँ जन्म लिनुपर्ने शैक्ष पृथग्जनहरू, संसारमा भएका यी सबै सत्वहरूको शरीर र मन दुवै सुखी होऊन् ।"[२२] भनिएको छ । यहाँ उल्लेखित "**भूता**" शब्दले "फेरि उत्पन्न हुननपर्ने" सत्वहरूलाई समेत जनाएको छ जसको अर्थ अट्ठकथाअनुसार क्लेश प्रहीण गरेका अरहन्तहरू भन्ने बुझिन्छ ।

-रतन सुत्तमा पनि भूता शब्द प्रयोग भएको देखिन्छ। अर्थ- "यस बखतमा यस पृथ्वीमा वा अन्तरिक्षमा जतिपनि भूतहरू (अमनुष्य देवताहरू) उपस्थित छन्, उनीहरू सबैको चित्त प्रसन्न होऊन् र म तथागतको यस उपदेशलाई ध्यानपूर्वक श्रवण गरुन् ।"[२३]

अर्थ- "सबै भूतहरू (अमनुष्य देवताहरू) म तथागतको उपदेश सुन्नको निमित्त प्रेरणा लिएर आइसकेकाले कान थापी ध्यान पुऱ्याएर दत्तचित्तले सुन्नुपऱ्यो । तिमीहरू सबैले ती मनुष्य मात्रको प्रति दत्तचित्त भएर मैत्री राखुन् र अप्रमादी बनेर उनीहरूको रक्षा गरुन्, जसले रातदिन तिमीहरू समक्ष पूजनीय वस्तुहरू ल्याई पूजा गर्दछन् ।"[२४]

---

२२ पूर्वोक्त पाद टिप्पाणी, संख्या १९, पृ. ९८ ।
"दिट्ठा वा ये व अदिट्ठा, ये व दूरे वसन्ति अविदूरे ।
**भूता** वा सम्भवेसी वा, सब्बे सत्ता भवन्तु सुखितत्ता ॥"

२३ पूर्वोक्त पाद टिप्पाणी, संख्या १९, पृ.९५ ।
"यानीध भूतानि समागतानि, भुम्मानि वा यानि व अन्तलिक्खे ।
सब्बेव भूता सुमना भवन्तु, अथोपि सक्कच्च सुणन्तु भासितं ॥"

२४ डा. भिक्षु ज्ञानपूर्णिक (अनु.), *परित्राण सूत्र* , काठमाडौंः मैत्रीमान कंसाकार, वि.सं. २०७० पृ. ८५ ।
"तस्मा हि भूता निसामेथ सब्बे, मेत्तं करोथ मानुसिया पजाय ।
दिवाच रत्तो च हरन्ति ये बलिं, तस्मा हि ने रक्खथ अप्पमत्ता ॥"


Downloaded from http://www.dhamma.digital

अट्ठकथाअनुसार “भूता” भन्नाले अमनुष्य अथवा देव ब्रह्मलाई जनाएको छ ।[२५] त्यस्तै “भूता” पदको प्रयोग निम्न अनुसार विभिन्न अर्थमा पनि गरिएको देखिन्छ ।

अर्थ- “भूतानि” मा आउने भूत शब्दलाई, “भूतस्मिं पाचित्तियं” उल्लेख भएको स्थानमा यस “भूता” शब्दको अर्थ “विद्यमान” भन्ने देखाइएको छ, “भूतमिदन्ति, भिक्खवे, समनुपस्सामि” उल्लेख भएको स्थानमा यस “भूत” शब्दलाई “पञ्चक्खन्धको” रूपमा देखाइएको छ, त्यस्तै “चत्तारो खो, भिक्खु, महाभूता हेतू” उल्लेख भएको ठाउँमा “भूता” शब्दलाई “चतुर्विध पठविधातु” आदि रूपहरूको अर्थमा देखाइएको छ, “यो च कालघसो भूतो” उल्लेख भएको इत्यादि स्थानमा “भूता” शब्दलाई “अरहन्त” भन्ने अर्थमा, “सब्बेव निक्खिपिस्सन्ति, भूता लोके समुस्यं” उल्लेख भएको इत्यादि स्थानमा “भूता” शब्दलाई “सत्वहरू” भन्ने अर्थमा, “भूतं भूततो सञ्जानाती” उल्लेख भएको इत्यादि स्थानमा यस “भूता” शब्दलाई चातुम्महाराजिकाभन्दा तल रहने सत्व काय अर्थमा दर्शाइएको पाइन्छ । तर रतन सूत्रमा भने “भूता” शब्दको अर्थ अमनुष्यहरू नै रहेको बुझ्नु पर्दछ ।

---

२५ म्यद उयन्गोड विजयकित्ति हिमि (अनु.)*खुद्दकपाठ अट्ठकथा* (अनु), देहिवलः बौद्ध संस्कृतिक मध्यस्थानय, ई.२००९, पृ. १४३, १४४ ।
“भूतानीति किञ्चापि भूतसद्दो “भूतस्मिं पाचित्तिय”न्ति एवमादीसु (पाचि.६९) विज्जमाने । “भूतमिदन्ति, भिक्खवे, समनुपस्सथा”ति एवमादीसु ( म.नि.१.४०१) खन्धपञ्चके । “चत्तारो खो, भिक्खु, महाभूता हेतू”ति एवमादीसु (म.नि.३.८६) चतुब्बिधे पथवीधात्वादिरुपे । “यो च कालघसो भूतो”ति एवमादीसु (जा.१.२.१९०) खीणासवे । “सब्बेव निक्खिपिस्सन्ति, भूता लोके समुस्स्य”न्ति एवमादीसु (दि.नि.२.२२०) सब्बसत्ते । “भूतगामपातब्यताया”ति एवमादीसु (पाचि.९०) रुक्खादिके । “भूतं भूततो सञ्जानाती”ति एवमादीसु (म.नि.१.३) चातुमहाराजिकानं हेट्ठा सत्तनिकायं उपादाय वत्तति । इध पन अविसेसतो अमनुस्सेसु दट्ठब्बो ।”


Downloaded from http://www.dhamma.digital

-अहिमेत्त सुत्त

अर्थ-"सबै सत्वहरू, सबै प्राणीहरू, सबै भूतहरू, सबै जीवधारीको असल दृष्टि होस् । कसैको नराम्रो नहोस् ।"[२६]

यस सूत्रको अट्ठकथाअनुसार "सब्बे सत्ता, सब्बे पाणा, सब्बे भूता" शब्दहरू पर्यायवाची शब्द हो भनिएको छ र "तत्थ सत्ता पाणा भूतादि सब्बानेतानि पुग्गलवेवचनानेव" भनि पालिमा उल्लेख भएको पाइन्छ ।

अट्ठकथानुसार पठवि, आपो, तेजो, वायो यी चार महाभूतले निर्माण भएका सबै प्राणीहरूलाई "सब्बे भूता" भनिए पनि माथि उल्लेखित गाथाको भावार्थ हेर्दा "सब्बे भूता" को अर्थ चतुर्महाभूतले बनेको प्राणीहरू मात्र हुन नसक्ने देखिन्छ । किनभने सब्बे सत्ता र सब्बे भूताको अर्थ समान हुन आउँछ । त्यसैले एउटै विषयलाई दोहोऱ्याउन आवश्यक नपर्ने देखिन्छ । त्यसकारण कुनै-कुनै बुद्ध पूजा, परित्राण पाठ पुस्तकहरूमा "सब्बे भूता" को अर्थ सबै भूत प्रेतलाई भनिएको छ । ती मध्ये भिक्षु कोण्डञ्ञको परित्राण - सूत्रपाठ किताबमा "यहाँसम्म हामीले प्राप्त गरेको पुण्य-सम्पदालाई सबै भूतहरूले सम्पूर्ण सिद्धि प्राप्तिको निमित्त अनुमोदन गरुन् ।" भनि भूता शब्दलाई भूतहरू भनी अर्थ्याइएको छ ।[२७] वर्तमान समाजमा भूत, प्रेत भन्ने बित्तिकै मृत्युपछि अभव्य स्थानमा जन्मेकालाई जनाएको देखिन्छ । तर यहाँ भने बेग्ला बेग्लै समूहका सत्वहरूलाई जनाएको हो भन्ने बुझिन्छ तापनि यसमा सबैको एक मत भने रहेको देखिदैन । त्यसैले डा. भिक्षु ज्ञानपूर्णिक

---

२६ *अंगुत्तर निकाय*, त्रिपिटक.एल्के एप्लिकेशन ।

"सब्बे सत्ता सब्बे पाणा, **सब्बे भूता** च केवला ।

सब्बे भद्रानि पस्सन्तु, मा किञ्चि पापमागमा ॥"

२७ भिक्षु कोण्डञ्य, *परित्राण-सूत्रपाठ*, काठमाडौंः ई. शंकर प्रसाद मानन्धर, वि.सं. २०७५, पृ. २५ ।


Downloaded from http://www.dhamma.digital

महास्थविरको परित्राण सूत्र नामक पुस्तकमा “सब्बे भूता”लाई नेपालीमा अनुवाद गर्दा सबै सत्वहरू उल्लेख गर्नु भएको छ ।[२८]

त्यस्तै भिक्षु अश्वघोष महास्थविरको बौद्ध संस्कार नामक पुस्तकमा “सब्बे भूता”को अर्थ सकल दिवंगतहरूलाई भनिएको छ ।[२९] तर अनागारिका धम्मवतीले सम्पादन गर्नु भएको बुद्ध पूजा विधि भन्ने पुस्तकमा भने “सब्बे भूता” को अर्थ सकल भूतप्रेतहरू भनि उल्लेख गरिएको छ ।[३०]

त्यस्तै डा. भिक्षु संकिच्च महास्थविरका (लुम्बिनी बौद्ध विश्वविद्यालयको प्राध्यापक) अनुसार पुण्यानुमोदन गर्ने क्रममा भनिने यो गाथा पछि मात्र थपिएको र व्यवहारिक दृष्टिकोणले हेर्दा “सब्बे भूता” भन्नाले दिवंगत भएर गएकाहरूलाई जनाउने बताउनु भयो । पुण्यानुमोदन गरिने गाथा हेर्दा पहिलो गाथामा सबै देवताहरूलाई पुण्य दिएको, दोस्रो गाथामा सबै सत्वहरूलाई पुण्य दिएको र तेस्रो गाथामा दिवंगत भएकाहरूलाई पुण्य दिएको बताउनु हुँदै “भूता” को अर्थ चतुर्महाभूतले बनेका र दिवंगत भएर गएका पनि हुने बताउनुभयो । यस अनुसार “सब्बे भूता” दिवंगत भएर गएकाहरूलाई जनाएको भन्न सकिन्छ ।

## २.३ पुण्यानुमोदनको आरम्भ

### २.३.१ दिवंगत भएकालाई गरिने पुण्यानुमोदनको आरम्भ

पुण्यानुमोदन गर्ने प्रकारहरू मध्ये एउटा दिवंगत भएर गएकाहरूलाई दिइने पुण्यलाई पनि लिन सकिन्छ । बौद्ध समाजमा

२८ पूर्वोक्त पाद टिप्पाणी, संख्या २४, पृ. ७६ ।

२९ भिक्षु अश्वघोष, *बौद्ध सस्कार,* काठमाडौं: सानुरत्न स्थापित, वि.सं. २०५७, पृ.२५ ।

३० भिक्षुणी धम्मवती, *बुद्ध पूजा विधि*, काठमाडौं: धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, वि.सं. २०७१, पृ. १६ ।


Downloaded from http://www.dhamma.digital

बितिसकेका आफन्तजन, इष्टमित्र, व्यक्ति वा प्राणीको परलोक जीवन सुखमय होस् भनि संचित पुण्यलाई अनुमोदन अथवा पुण्य प्रदान गरेको देख्न सकिन्छ । यस किसिमका कार्य बौद्धहरूले मात्र नभई अन्य धर्मावलम्बीहरूले पनि आ-आफ्नै तरिका तथा परम्परा अनुसार गर्दै आएको देख्न पाईन्छ। तर यस शोधकार्यमा बुद्धधर्म सम्बन्धी मात्र केन्द्रित भएर अध्ययन गरिने भएकोले पुण्यानुमोदन गर्ने परम्पराको शुभारम्भ कहिलेदेखि भएको हो भन्ने जान्न आवश्यक रहेको देखिन्छ। यस विषयको व्याख्या पेतवत्थु र खुद्दकपाठ अट्ठकथाको तिरोकुड्ड सुत्तमा रहेको छ[३१]। सो वर्णनअनुसार परलोक गएका आफन्तजनहरूलाई पुण्यानुमोदन गर्ने थालनी तथागत बुद्धद्वारा नै सुरु गर्नु भएको थियो । तथागत शास्ताले राजगृह नगरमा बिम्बिसार राजालाई यस विषयमा देशना गर्नु भएको कुरा अट्ठकथामा व्याख्या गरिएको छ। सो अनुसार ९२ कल्प अगाडि फुस्स बोधिसत्वको जन्म कासिपुर नगरमा भएको थियो । वहाँका पिता राजा जयसेन र रानी सिरिमा माता हुनुहुन्थ्यो । उचित समय आएपछि बोधिसत्वले गृहत्याग गर्नु भई बुद्धत्व लाभ गर्नुभयो । राजा जयसेनले आफ्नो छोरा बुद्ध भएको देखेर अत्यन्त प्रसन्न भई – "बुद्ध, धर्म, संघ मेरो हो ।" भन्दै आफू मात्रै बुद्धको सेवा उपस्थान गर्नु हुन्थ्यो । राजाबाहेक अरू कसैले सेवा गर्ने मौका पाउँदैन थियो ।

सोही राज्यमा अर्कै रानीको कोखबाट जन्मेका फुस्स तथागत बुद्धका तीन जना भाइहरू पनि थिए जो बुद्धको सेवा गर्न चाहन्थे तर आफ्ना पिताको हठका कारण तथागतलाई सेवा गर्ने मौका पाउन सकेनन्। त्यसैले बुद्धको सेवा गर्न पाउनका लागि एउटा उपाय निकालेर त्यस राज्यको प्रत्यन्त देशमा कलह भएको जस्तै गरी आतंक मच्चाए। यसको खबर राजालाई दिँदा राजाले पनि सो कलह शान्त गराउन

३१ पूर्वोक्त पाद टिप्पाणी, संख्या २५, पृ. १७३-१७७।


Downloaded from http://www.dhamma.digital

आफ्ना तीनै जना राजकुमारहरूलाई प्रत्यन्त देशमा पठाए । राजकुमार हरूले पनि प्रत्यन्त देशमा भएको सो कलह शान्त पारेर फर्केर आएपछि राजाले अत्यन्त खुशी भई बरदान माग्न भनेपछि राजकुमारहरूले पनि बुद्धको सेवा गर्ने अवसर मागे । राजाले सुरुमा आज्ञा दिन नचाहेतापनि पछि वर्षावास ३ महिनाको लागि सेवा गर्न अवसर प्रदान गरे ।

सो वर्षावास समयमा ती तीन जना भाइहरूले बुद्ध कहाँ गई वर्षावासको लागि निमन्त्रणा गरी जनपदको प्रमुखलाई तथागत बुद्धलाई वर्षावास बस्नको निमित्त विहार लगायत सबै व्यवस्था मिलाउन जिम्मा दिनुभयो । त्यही अनुसार जनपदप्रमुखले पनि सबै प्रबन्ध मिलाइ बुद्ध प्रमुख भिक्षुसंघलाई वर्षावासको तीन महिनासम्म सेवा उपस्थान गरे । यसरी पुण्य कार्य गर्दा अतिप्रसन्न भएका जनपदप्रमुखको कोषाध्यक्ष र उनको पत्नी मिलेर एउटा भोजन शाला बनाई दान दिए । जनपदप्रमुखले त्यहाँका जनताहरूसँग मिलेर त्यस भोजन शालामा बुद्ध प्रमुख संघलाई भोजन दान दिए तर यस्तो कार्यदेखि रिस गर्नेहरू र विरोध गर्नेहरूको कमी थिएन । त्यसैले त्यस्ता व्यक्तिहरूले भोजनपछि संघलाई दिनु भनेर राखेको खाद्य वस्तु उनीहरूले खाइदिए । त्यति मात्र नभएर भोजन शालासमेत जलाइ नष्ट गरिदिए । यस्तो श्रद्धा र विरोधको बिचमा तीन महिनाको वर्षावास समापन भयो र तीन भाइहरूले तथागत शास्तालाई महत् पूजा सत्कारको साथ बिदा गरे । तथागत बुद्ध राजा समक्ष जानु भई त्यहाँ केही समय बस्नु भएपछि महापरिनिर्वाण हुनुभएको अट्ठकथामा पाइन्छ । त्यसै गरी तीन जना राजकुमारहरू, जनपदप्रमुख, कोषाध्यक्ष लगायत परिषद् मृत्युपश्चात स्वर्गमा जन्म लिए र अकुशल गरेका व्यक्तिहरू नर्कमा जन्म लिए । स्वर्गमा जन्मेकाहरू फेरि-फेरि स्वर्ग लोकमा नै जन्म लिँदै गरे भने नर्कमा परेकाहरू फेरि-फेरि नर्क लोकमा नै जन्म लिन पुगे ।

 Downloaded from http://www.dhamma.digital 

यसरी धेरै लामो समय बितिसकेपछि काश्यप तथागत बुद्धको शासनकाल आरम्भ भयो । त्यस समयमा श्रद्धा भएका मानिसहरूले दिवंगत भएका आफन्तहरूलाई सम्झेर पुण्य दिएर सुगतिमा पुग्न मद्दत गरे । फुस्स तथागत बुद्धको पालामा अकुशल गरेर नर्कमा पतन भएकाहरू पनि काश्यप बुद्धको समयमा प्रेतलोकमा उत्पन्न भए । यसरी प्रेतलोकमा उत्पन्न हुँदा सम्म पनि उनीहरूलाई पुण्य दिने कोही भएन । अपायबाट मुक्त हुन नसकेर निरास भएका ती प्रेतहरू बुद्ध समक्ष गएर "आफूहरू यस अपायबाट कहिले मुक्त हुन पाउने होला ?" भनेर प्रश्न गर्दा शास्ताले "गौतम बुद्धको समयमा मात्र मुक्त हुन सक्ने र त्यस समयमा बिम्बिसार नामक राजा जो फुस्स बुद्धको समयमा तिमीहरूको पूर्वज ज्ञाति थियो । उसले पुण्यानुमोदन गरेर मुक्त गराउनेछ" भनि बुद्धले बताउनु भयो । त्यतिका समयसम्म पर्खिनु पर्ने भएतापनि प्रेतहरूका लागि भने भोलि नै पुण्य प्राप्त हुन्छ भने जस्तै भएको थियो र ती प्रेतहरू गौतम बुद्धको समय कहिले आउला र पुण्य लाभ गरी दुर्गतिबाट छुट्कारा मिल्ला भनेर पर्खेर बसे ।

एक बुद्धान्तर पछि (एक बुद्धको समयदेखि अर्को बुद्धको सुरु हुने समयसम्मको काल) गौतम बुद्धको शासन युगको शुभारम्भ भयो । फुस्स बुद्धका पालामा कुशल गरेर स्वर्गमा जन्म लिएका तीन राजकुमारहरू त्यहाँबाट च्युत भएर मनुष्य लोकको ब्राह्मण कुलमा जन्म लिएर उरुवेल काश्यप, नद ी काश्यप, गयाकाश्यप नामक जटिलद्वारा प्रख्यात भए । जनपदप्रमुख मगधका राजा बिम्बिसार भए । कोषाध्यक्ष विशाख सेठ भए र उनको पत्नी धम्मदिन्ना भए र अन्य प्रजाहरू राजाको परिषद्को रूपमा जन्म लिए ।

सिद्धार्थ बोधिसत्वले बुद्धगयामा बुद्धत्व लाभ गरी धर्मचक्र प्रवर्तन इसिपतन मिगदाय वनमा गर्नुभयो । त्यसपछि तीन जटिलहरूलाई दमन


Downloaded from http://www.dhamma.digital

गरी उहाँहरूसँग राजगृह नगरमा जानुभयो । पहिलो दिनमा नै भेट्न आउनु भएका बिम्बिसार राजा लगायत एकलाख २० हजार ब्राह्मण गृहपतिहरूलाई धर्मदेशना गरी श्रोतापत्ति फलमा पुऱ्याउनु भयो । बिम्बिसार राजाले भोलिका निमित्त बुद्ध प्रमुख भिक्षुसंघलाई भोजन दानको लागि निमन्त्रणा गर्नुभयो सो निमन्त्रणा स्वीकार गरी भोलिपल्ट तथागत बुद्ध भिक्षुसंघका साथमा भोजनमा जानुभई बिम्बिसार राजाले प्रदान गर्नुभएको भोजन ग्रहण गर्नुभयो । भोजन दान पश्चात राजाले "तथागत शास्ता कहाँ बस्नु हुन्छ होला" भनेर मात्र सोचेर बस्नु भई पुण्य अपेक्षा गरेर बसेका ती पूर्वज ज्ञातिहरूलाई पुण्य दिएन ।

दुर्गतिमा परेर पुण्यको अपेक्षा गरेका प्रेतहरू राजाबाट पुण्य नपाएर निरास भए । "यदि यसरी पुण्य लाभ भएन भने अझै लामो समयसम्म दुर्गतिमा बस्नुपर्ने हुन्छ । त्यसैले यस बारेमा राजालाई याद दिलाउन पर्छ" भनि सोचेर ती प्रेतहरूले त्यस दिनको रातमा राजाले सुन्ने गरी एकदम डरलाग्दो आवाज निकाले । त्यस आवाज सुनेर राजा भयभीत भएर कतै आफूलाई या राज-परिवारलाई वा राज्यलाई हुन सक्ने आपत विपत पो हो कि भन्दै सोच्न थाल्यो । भोलि पल्ट बिहान सबेरै बिम्बिसार राजा बुद्धकहाँ जानु भई, यस बारेमा प्रश्न गर्नुभयो । तथागत शास्ताले डर मान्नु पर्ने कुनै कारण नभएको र तपाईंको पूर्वज आफन्तहरूले तपाईंबाट पुण्य पाउने आशा गरेर बसे पनि नपाउँदा, उनीहरूले त्यसरी डरलाग्दो आवाज गरेको कुरा बताउनु भयो ।

त्यसपछि राजाले त्यही दिन भोजनको लागि बुद्ध प्रमुख संघलाई निमन्त्रणा गरी भोजन दान दिनुभयो । त्यो दिनमा अवश्य नै पुण्य पाइन्छ भनेर पुण्य लाभ गर्न ती प्रेतहरू पनि राजदरवारमा आएर बसेका थिए । बुद्धले पुण्यानुमोदनपछि ती सबै नातेदार प्रेतहरूले प्राप्त गर्ने सुख सम्पत्ति राजाले राम्ररी देखोस् भनेर अधिष्ठान गर्नुभयो । त्यसैले राजाले

 Downloaded from http://www.dhamma.digital 

जे-जे दान दिनुभयो ती विषय उनीहरूले पनि प्राप्त गरी सुगतिमा गएको देख्नुभयो । पानी, भोजन, वस्त्र, सयनासन इत्यादि दान दिएर "इदं नो ञातिनं होतु सुखिता होन्तु ञातयो ।" यो पुण्य नातेदारहरूलाई लाभ भई सुखी होउन् भनि वाचन गर्दै पुण्य दिंदा उनीहरूले प्राप्त गरी दुर्गतिबाट मुक्त भई सुगतिमा जन्म लिएर क्रमशः जल, आहार, लुगा कपडा, दिव्य विमान प्राप्त गरी सुखी भएको राजाले देख्नु भई प्रसन्न हुनुभयो । बुद्धले यस विषयलाई प्रकाश पार्नु हुँदै तिरोकुड्ड सूत्र देशना गर्नुभयो । यसरी बुद्ध शासनमा पहिलो पटक दिवंगत भएर गएका नातेदारहरूलाई पुण्यानुमोदन गर्ने प्रचलनको शुभारम्भ भयो ।

### २.३.२ देवतालाई पुण्यानुमोदन गर्ने चलनको शुभारम्भ

आफूले गरेको महाकुशल कर्मको प्रभावले कुनै प्राणीहरू तुसित इत्यादि ६ देवलोकमा उत्पन्न हुन्छन् भने उनीहरूलाई नै देवता अथवा देवी भनिन्छ । उनीहरू पुण्यको कारणले नै स्वर्गमा जन्म लिने गर्दछन् तर उनीहरूको पुण्य एउटै आकारमा रही रहँदैन । उनीहरूको पुण्य पनि क्षय हुने स्वभावको हुन्छ र पुण्य सकेपछि त्यहाँबाट च्युत हुनुपर्ने हुन्छ । देवलोकमा बस्ने देवीदेवताहरूलाई पुण्य गर्न वा पुण्य वृद्धि गर्ने अवस्था त्यहाँ मिल्दैन भनिन्छ । यदि पुण्य वृद्धि गर्नु परेमा मनुष्य लोकमा आउनुपर्ने हुन्छ । यसर्थमा पनि एक समयमा इन्द्रदेवको पुण्य सकिएको हुनाले स्वर्गबाट च्युत हुनुपर्ने (मरेर जानु पर्ने) भयो र इन्द्रदेव बुद्धकहाँ आउनु भई आशिर्वाद लिई पुण्य वृद्धि गर्नुभयो र स्वर्गबाट च्युत हुनु नपरेको घटना बौद्ध साहित्यमा देख्न पाइन्छ ।[३२]

यसरी देवताहरूलाई पुण्य दिने, उनीहरूले पुण्य लिने प्रचलन अतीतदेखि नै चलि आएको देख्न सक्छौं । वैदिक युगमा पनि यस्तो चलन

---

३२ पूर्वोक्त पाद टिप्पाणी, संख्या १८, पृ. १२६ ।


Downloaded from http://www.dhamma.digital

रहेको थियो । त्यस समयमा वरुण, सोम, अग्नि आदिलाई खुसी पार्न यज्ञ होम गरेको ऋगवेदमा उल्लेख गरिएको छ। जुन देवीदेवताहरूलाई पुण्य बाँड्ने एक तरिका हो । बौद्ध सँस्कृतिमा पनि त्यसरी पुण्य दिने संस्कार रहेको देख्न सकिन्छ। त्यसैले यसको सुरुवात खोज्न आवश्यक रहेको महसुस हुन्छ।

देवतालाई पुण्यानुमोदन गर्ने चलनको आरम्भ कहिलेदेखि भएको भन्ने कुरा त्रिपिटकमा पनि ठोस रूपमा भेट्टाउन गाऱ्हो छ। श्रीलंकाको बौद्ध विद्वानहरूसँग यस बारे छलफल गर्दा उहाँहरूले पनि सुनेको मात्र तर प्रमाण त्रिपिटकमा नदेखेको बताउनु भयो । त्यस्तै श्रीलंकाको सुप्रसिद्ध विद्वान अग्गमहापण्डित कोटुगोड धम्मावास महास्थविरसँग पनि यस बारेमा छलफल गर्दा "एकदिन एक देवता बुद्ध कहाँ आई स्वर्गमा पुण्य गर्न, पुण्य वृद्धि गर्न अवस्था नमिल्ने भएकोले कुनै पनि पुण्य कार्यपछि देवीदेवतालाई सम्झेर पुण्य वृद्धि गर्नको निम्ति पुण्य दिन लगाउनुस्" भनेर सो देवताले बिन्ती गरेपछि, बुद्धले पुण्य कार्य पश्चात पुण्य दिन आज्ञा गर्नुभयो भनेर उहाँले बताउनु भयो ।

धर्मदेशना गर्ने परम्परा तथागत बुद्धको समयदेखिनै चलि आएको हो । "चरथ भिक्खवे चारिकं बहुजन हिताय सुखाय देव मनुस्सानं..... " यसरी तथागत शास्ताले आज्ञा गर्नु भएदेखि नै भिक्षुहरूले ठाउँ ठाउँमा गएर धर्म प्रचार गर्नु हुन्थ्यो । ती अवस्थाहरूमा भिक्षुहरूले देवता आराधना गरेर मात्र वर्तमानमा जस्तै धर्म-देशना गरेको हुन सक्छ । किनभने धम्मचक्कप्पवत्तन सुत्त देशना भएको समयमा देवताहरू उपस्थित भएका थिए र यस्तै अवस्थाहरूबाट उनीहरूले पुण्य पनि संचय गर्ने गर्दछन् । त्यस्तै परित्राण, महापरित्राण ग्रन्थमा उल्लेख हुने आवाहन सूत्रको सुरुमै देवता आराधना राखिएको छ। त्यस गाथाको भावार्थ यसप्रकार छ ।


Downloaded from http://www.dhamma.digital

अर्थ- "सम्पूर्ण चक्रवालमा विराजमान देवताहरू मुनिराज तथागतले देशना गर्नु भएको

स्वर्ग र मोक्ष प्राप्त हुने सद्धर्म श्रवणको निम्ति यस ठाउँमा श्रवणार्थ पाल्नुहोस् ।"[३३]

त्यस्तै पुब्बण्ह सूत्रमा देवताहरूलाई पुण्य दिएको देख्न सकिन्छ । त्यहाँ "...सब्बे देवा अनुमोदन्तु, सब्बसम्पत्ति सिद्धिया ।" अथवा सबै देवताहरूले सम्पूर्ण सिद्धि लाभको निम्ति पुण्य अनुमोदन गरुन् भनि उल्लेख भएको छ । जसले अतीतदेखि नै देवताहरूलाई पनि पुण्य दिने चलन रहेको थाहा पाउन सकिन्छ ।

त्रिपिटक अनुसार देवताहरूलाई पुण्यानुमोदन गर्न कहिलेबाट सुरु गरिएको हो भन्ने विषयमा भेट्टाउन कठिन भएपनि तथागतले देवताहरूलाई पनि पुण्यानुमोदन गर्नुपर्ने विषयमा भने उल्लेख गरिएको छ । यसको उदाहरणको रूपमा उदान पालिमा आउने पाटलिगामिय सुत्तलाई लिन सकिन्छ । एक समयमा तथागत शास्ता भिक्षुगणसँग मगध राज्यको पाटलिपुत्त नामक गाउँमा जानु भएको थियो । त्यहाँका उपासकहरू तथागत शास्ताको दर्शन गर्न आए र उनीहरूले पाहुनाको लागि बनाएको गृहमा बास बसि रात बिताउन निमन्त्रणा गरे । सो निमन्त्रणालाई बुद्धले मौन रहनु भई स्वीकार्नु भयो र त्यहाँ बस्नुभयो । तथागत बुद्धले रातको समयमा त्यस स्थलमा आएका सबै उपासकहरूलाई शीलवान् हुनु र नहुनुको फाइदा बेफाइदाको विषयमा धर्मोपदेश दिंदै खुसी पार्नुभयो ।

---

३३ भिक्षु पञ्ञामूर्ति (अनु.), *परित्राण - सूत्रपाठ,* ललितपुरः सुप्रिया शाक्य, वि.स २०७६, पृ. ६३ ।
"समन्ता चक्कवालेसु, अत्रागच्छन्तु देवता ।
सद्धम्मं मुनिराजस्स, सुणन्तु सग्गमोक्खदं ॥"


Downloaded from http://www.dhamma.digital

ती उपासकहरू घर फर्किसकेपछि शास्ता सुन्यागारमा (कोही नभएको घरमा) जानुभयो। त्यस अवस्थामा उहाँको सर्वज्ञ आँखाले यस्तो दृष्य देख्नुभयो। जहाँ मगधको महामन्त्रीहरू सुनिध वस्सकारले पाटलिपुत्र नगर निर्माण गर्दै थिए। त्यहाँ धेरै देवीदेवताहरू पनि आएर देव विमान निर्माण गर्दै, हजार-हजारको संख्यामा घरमहलहरूमा अधिगृहित भएर बसेका थिए। जहाँ-जहाँ महेशाक्य देवताहरूको स्थान बनेको थियो, त्यही महेशाक्य राजा तथा महामन्त्रीहरूको लागि महल बनाउन वास्तुशास्त्र हेर्ने मान्छेको मन भयो। जहाँ-जहाँ मध्यम् प्रभाव भएका देवताहरूको स्थान बनेको थियो, त्यही मध्यम् वर्गका राजा तथा महामन्त्रीहरूको लागि महल बनाउन वास्तुशास्त्र हेर्ने मान्छेको मनभयो। जहाँ-जहाँ साना स्तरका देवताहरूको स्थान बनेको थियो, त्यही साना स्तरका राजा तथा महामन्त्रीहरूको लागि महल बनाउन वास्तुशास्त्र हेर्ने मान्छेको मनभयो। यसरी त्यहाँ देव विमान निर्माण भएअनुसार नगर निर्माण भइरहेको तथागत बुद्धले देख्नुभयो।

भोलि पल्ट बिहान आनन्द भन्तेलाई आमन्त्रणा गर्दै यस विषयको बारेमा बताउनु भयो र भविष्यमा पाटलिपुत्र नगर आगो, पानीले विनाश हुने र मानिसहरू एक आपसमा भेदभिन्न भएर पनि विनाश हुने यी तीनवटा अन्तरायधर्म बताउनु भयो। त्यस समयमा सुनिध र वस्सकार दुई जना महामन्त्रीहरू बुद्ध कहाँ आई वन्दना गरी भोजनको लागि निमन्त्रणा गरे। बुद्धले पनि मौन भावले भोजन स्वीकार्नु भयो र भोजन ग्रहण गरिसक्नु भएपछि तथागत शास्ताले गाथाबाट धर्मोपदेश गर्नुभयो। जहाँ पण्डित तथा प्रज्ञावानहरूले देवीदेवतालाई पुण्य दिने विषयमा चर्चा गरिएको छ र त्यसरी पुण्य दिंदा देवताको आशिर्वाद तथा सुरक्षा प्राप्त गर्न सकिने कुरा बुद्धले बताउनु भएको देख्न सकिन्छ। पाटलिगामिय सुत्तमा भएका ती गाथाहरूको अर्थ यस प्रकार छन् :


Downloaded from http://www.dhamma.digital

"जुन प्रदेशमा पण्डित जातीकाहरू (प्रज्ञावानहरू) बसोवास गर्छन्,

त्यो आफ्नो ठाउँमा संयमित भएका, ब्रह्मचारी शीलवानहरूलाई भोजन गराएर ।"[३४]

"त्यसस्थान कुनै देवता छ भने, ती अधिगृहित देवताहरूलाई पुण्य दिनेछन् ।

त्यसरी गौरव गरिएका देवताहरूले गौरव नै गर्छन्, मानसम्मान गरिएका देवताहरूले मानसम्मान नै गर्छन् (उसलाई सुरक्षा गर्छन्)।"[३५]

"आफ्नै कोखबाट जन्मेको पुत्रलाई आमाले अनुकम्पा गरे जस्तै देवताहरूले अनुकम्पा गर्छन् । त्यसरी देवताहरूको अनुकम्पा पाएको व्यक्तिले सधैं राम्रो देख्छ ।"

माथि उल्लेखित गाथालाई राम्ररी अध्ययन गर्दा तथागत बुद्ध जीवमान समयमा नै दान इत्यादि पुण्य कार्य गरी पुण्य संचय गरेर आफ्नो स्थानमा अधिगृहित देवीदेवतालाई पुण्य दिने चलन रहेको बुझिन्छ । तथागत बुद्धले त्यसरी देशना गर्नु भई त्यहाँबाट निस्कनु भयो । ती महामन्त्रीहरूले तथागत बुद्ध बाहिर निस्किनु भएको नगरको ढोकालाई गोतम द्वार, जुन ठाँउबाट गंगा नदी पार गर्नुभयो त्यस ठाँउलाई गोतमतीर्थ नामाकरण गरे ।

३४ *उदान पालि*, तिपिटक.एल्के एप्लिकेशन ।
"यस्मिं पदेसे कप्पेति, वासं पण्डितजातियो ।
सीलवन्तेत्थ भोजेत्वा, सञ्ञते ब्रह्मचारयो ॥"

३५ ऐजन ।
"या तत्थ देवता आसुं, तासं दक्खिणमादिसे ।
ता पुजिता पुजयन्ति, मानिता मानयन्ति नं ॥"
"ततो नं अनुकम्पन्ति, माता पुत्तञ्च ओरसं ।
देवतानुकम्पितो पोसो, सदा भद्रानि पस्सतीति ॥"


Downloaded from http://www.dhamma.digital

रतन सूत्रअनुसार तथागत बुद्धको समयमा वैशाली नामक एउटा विकसित (समृद्धशाली) नगर थियो । ७७०७ जना लिच्छवी राजाहरूले त्यस नगरमा शासन गरिरहेका थिए । एक समयमा त्यस नगरमा रोग, अमनुष्य, दुर्भिक्ष (अनिकाल) यी तीन प्रकारका भय (डर, विपत्ति) उत्पन्न हुन पुग्यो । त्यस विपत्तिलाई समाधान गर्न लिच्छवी राजाहरूले धेरै उपायहरू लगाए पनि समाधान नभएपछि एउटा मात्र मार्ग तथागत बुद्ध हो भनि थाहा पाए । त्यसैले उनीहरूले राजा बिम्बिसारलाई उपहार पठाउँदै तथागत शास्तालाई वैशालीमा पठाउन आग्रह गरे तर राजाले संदेश लिएर आएका राजाहरूलाई नै बुद्ध कहाँ गई सोध्न अनुरोध गरे । उनीहरूले बुद्ध कहाँ गई वैशालीमा भैरहेको विपत्तिलाई समाधान गर्न पाल्न हुन अनुरोध गरे । तथागत बुद्धले पनि त्यसस्थानमा गएपछि सो विपत्ति हटेर जाने र सबैको भलो हुने देख्नुभइ निमन्त्रणा स्वीकार्नु भयो । यो कुरा बिम्बिसार राजाले थाहा पाउनु भई बुद्ध प्रमुख संघलाई वैशालीसम्म जानको लागि सबै प्रबन्ध मिलाई दिनुभयो । शास्ताले वैशाली नगरको द्वारमा पुगेपछि आनन्द भन्तेलाई आमन्त्रणा गरी, यस नगरको प्रमुख पर्खाल तीन वटा समेटिने गरी हिँड्दै सूत्र सज्झायना (पाठ गर्नु) गर्नु भनि रतन सूत्र सिकाउनु भयो र भन्तेले तथागत बुद्धकै पात्रमा परित्राण जल भरेर त्यस नगरमा रतन सूत्र पाठ गर्दै परित्राण जल छर्कनु भयो । त्यसपछि नगर र नगरवासीहरू तीन प्रकारका भयबाट मुक्त भए । त्यसरी तीन प्रकारका भयबाट मुक्त गराएको यस सूत्रमा तथागत शास्ताले देवताहरूको बारेमा पनि उल्लेख गर्नु भएको छ । ती गाथाहरूको भावार्थ यसप्रकार छन् :[३६]

---

३६ रतन सुत्र, *खुद्दकपाठ*, तिपिटक.एल्के एप्लिकेशन ।
"यानीध भूतानी समागतानि, भुम्मानि वा यानिव अन्तलिक्खे ।
सब्बेव भूता सुमना भवन्तु, अथोपि सक्कच्च सुणन्तु भासितं ॥"
"तस्मा हि भूता निसामेथ सब्बे, मेत्तं करोथ मानुसिया पजाय ।
दिवा च रत्तो च हरन्ति ये बलिं, तस्मा हि ने रक्खथ अप्पमत्ता ॥"


Downloaded from http://www.dhamma.digital

“यस बखतमा यस पृथ्वीमा वा अन्तरिक्षमा जतिपनि भूतहरू (अमनुष्य देवताहरू) उपस्थित छन्, उनीहरू सबैको चित्त प्रसन्न होऊन् र म तथागतको यस उपदेशलाई ध्यानपूर्वक श्रवण गरुन् ।”

“सबै भूतहरू (अमनुष्य देवताहरू) म तथागतको उपदेश सुन्नको निमित्त प्रेरणा लिएर आइसकेकाले कान थापी ध्यान पुऱ्याएर दत्तचित्तले सुन्नुपऱ्यो । तिमीहरू सबैले ती मनुष्य मात्रको प्रति दत्तचित्त भएर मैत्री राखुन् र अप्रमादी बनेर उनीहरूको रक्षा गरुन्, जसले रातदिन तिमीहरू समक्ष पूजनीय वस्तुहरू ल्याई पूजा गर्दछन् ॥”

माथि उल्लेखित गाथाहरूलाई नियालेर हेर्दा, तथागत बुद्धको समयमा आफ्नो सुरक्षा समृद्धिको लागि देवीदेवताहरूलाई विभिन्न प्रकारका पूजा सामग्री चढाई दिनरात पूजा गर्ने गरेको बुझिन्छ। त्यसैले तथागत शास्ताले देवताहरूलाई आमन्त्रणा गरी उनीहरूको कर्तव्य स्मरण गराउँदै मनुष्यलाई मैत्रीले रक्षा गर्न आव्हान गर्नुभयो । यहाँ “भूतानी” शब्द देवीदेवताहरूलाई जनाउन प्रयोग गरिएको हो । जसलाई आकाशमा बस्ने देवता र पृथ्वीमा बस्ने देवता गरी दुई भागमा विभाजन गरिएको छ । खुद्दकपाठ अट्ठकथाअनुसार याम देवलोकदेखि अकनिट्ठका ब्रह्मलोकसम्मलाई अन्तरिक्ष देवता भनिएको छ भने याम देवलोकभन्दा तल रहेको सुमेरू पर्वतदेखि तल पृथ्वीसम्ममा बस्ने देवताहरूलाई भुमिस्थ देवता भनिएको छ । यहाँ पालि शब्द “बलि” उल्लेख भएको पाइन्छ जसको अर्थ बलि दिनु हो । माथि व्याख्या गरे अनुसार बलिको अर्थ पूजासत्कार रहेको छ भने अट्ठकथाअनुसार चाहिँ पुण्य संचय गरेर माथि भनिएका देवताहरूलाई पुण्य दिनुलाई पनि बलि भनिएको छ । दिनरात पूजापाठ गरी पुण्य दिन्छन् भनेर गाथामा उल्लेख भए अनुसार


Downloaded from http://www.dhamma.digital

पुण्य दिने चलन त्यस समयमा रहेको देखिन्छ। प्रायः बौद्धहरूले पुण्य संचय गरेर देवताहरूलाई पुण्य दिने पनि गर्दछन्। त्यसैले यहाँ पुण्य दिनु र पूजनीय वस्तुहरू चढाउनु यी दुवै प्रकार समेटिने गरी शास्ताले यस "बलि" शब्दको प्रयोग गर्नु भएको पाइन्छ। यस विषयलाई समग्र रूपमा हेर्दा, तथागत बुद्ध जीवमान रहनु भएको समयदेखि नै देवताहरूलाई पनि पुण्यानुमोदन गरिएको देख्न सकिन्छ।

## २.३.३ जीवित रहेकालाई आशिर्वाद स्वरूप गरिने पुण्य

समाजको प्रायः धेरै मानिसहरूले आशिर्वादमा विश्वास गरेको देख्न पाइन्छ। त्यसैले उनीहरू मन्दिर, विहार इत्यादि पूजनीय स्थलहरूमा गएर पूजनीय वस्तुहरू चढाउने आदिद्वारा कुशल-मंगल, सुस्वास्थ्य लगायत जीवनका हरेक अवस्थाहरूमा समृद्धिको निमित्त आशिर्वाद लिने गरिन्छ। यसरी मानव जीवनमा कुनै न कुनै अवस्थामा आशिषको आवश्यकता हुने गर्दछ। यी सबै आवश्यकता जीवित रहेकाहरूलाई हुने गर्दछ र यस आवश्यकताको आपूर्ति स्वरूप पनि पुण्य गरिदिने चलन रहेको भन्न सकिन्छ। पुण्यानुमोदन दिवंगत भएर गएका तथा देवताहरूलाई गरिन्छ। तर बाँचिरहेकाहरूलाई पनि मंगलको कामना गर्दै दान परित्राण पाठ आदि पुण्य गरिन्छ। यसैलाई जन व्यवहारमा आशिर्वाद गर्नु वा दिनु भनिन्छ।

बौद्ध संस्कार प्रणाली अनुसार विभिन्न तरिकाले आशिर्वाद गर्न सकिन्छ। बुद्ध पूजा, परित्राण पाठ, महापरित्राण पाठ, मैत्री भावना, ध्यान भावनाहरूको अभ्यास, बोधि पूजा (श्रीलंकामा बोधि वृक्षलाई वन्दना गरिने प्रचलन रहेको छ त्यसलाई नै बोधि पूजा भनिन्छ), धर्मदेशना, धर्म श्रवण, दान, श्रमदान इत्यादि गरेर अन्तमा संचित पुण्यको प्रभावले फलानो फलानो व्यक्तिको मनोकामना पूरा होस्, रोग पिडाबाट मुक्त


Downloaded from http://www.dhamma.digital

होस्, मंगल होस् भनि कामना गरिन्छ। यस प्रकृयाबाट दिइने वा बाँडिने आशिर्वाद पनि पुण्य छोड्नु वा दिनु नै हो । संचित पुण्यको प्रभावले फलानोलाई यी-यी कुरा प्राप्त होस् भन्नु र यो पुण्य फलानोलाई लाभ होस् भन्नुमा भिन्नता देखिँदैन । किनभने, दुवैको अन्तिम उद्देश्य एउटै रहेको छ। त्यो उद्देश्य भनेकै व्यक्तिको भलो हुनु हो। त्यसैले आशिर्वाद गर्नु भने पनि पुण्य दिनु भने पनि एउटै विषय हो भन्न सकिन्छ।

यसरी आशिर्वाद दिने प्रचलन बुद्धको समयदेखिनै चलिआएको त्रिपिटकको अध्ययनबाट बुझ्न् सकिन्छ। माथि व्याख्या गरिएको रतन सुत्त, करणीय मेत्त सुत्त अनुसार पनि आशिर्वाद गर्ने प्रचलन बुद्धको जीवमान कालमा नै रहेको देखिन्छ। वैशाली महानगरमा रोग, दुर्भिक्ष, अमनुष्य यी तीन प्रकारका भय उत्पन्न भएको समयमा तथागत बुद्धको सत्य वचनले आनन्द भन्तेले रतन सुत्त देशना गर्नुभई नगर नगरवासीहरूलाई ती भयबाट मुक्त गराएका थिए । सूत्रमा भएका त्रिरत्नको गुण, सत्य वचनलाई मैत्री, करुणाले युक्त भएर एक चित्तले सज्झायना गर्दा त्यसबाट भावनामय पुण्य संचय हुने गर्दछ। सो पुण्य अति नै प्रभावकारी र शक्तिसम्पन्न हुन्छ। त्यसैले सूत्र सज्झायना गरेर आशिष गर्दा रोगपीडा, अमनुष्य इत्यादि उपद्रवबाट सुरक्षित हुने विषय भिक्षु सरणंकरले अनुवाद गर्नु भएको महापरित्राणको परिचयमा उल्लेख भएको छ।[३७] त्यसैले यस्तो तरिकाबाट पनि बुद्ध कालमा मानिसहरूलाई स्वस्ति-शान्ति गरेको रतन सुत्तमा देख्न सकिन्छ।

करणीय मेत्त सुत्तमा साना, ठूला, आँखाले देखिने, नदेखिने सबै प्रकारका सत्व प्राणीहरूलाई मैत्री गरेको वर्णन भेटिन्छ । यस सूत्रलाई सज्झायना गर्दा अमनुष्य भयबाट मुक्त हुन सकिन्छ। यहाँ पनि भावनामय पुण्यको भूमिका रहेको छ । यसको प्रभावले अदृष्य शक्ति

---

३७ पूर्वोक्त पाद टिप्पणी, संख्या १९, पृ. ग ।


Downloaded from http://www.dhamma.digital

वा उपद्रवबाट सुरक्षित भई अमनुष्यहरूबाट समेत मित्रभाव प्राप्त गर्न सहयोग पुग्ने देख्न सकिन्छ । यस सूत्रको निदान कथा अध्ययन गर्दा, जंगलमा ध्यान बस्न जानु भएका भिक्षुहरूलाई अमनुष्य उपद्रव भएको कारणले सो उपद्रवबाट बच्नलाई तथागत शास्ताले यस सूत्र देशना गर्नु भएको थियो । यसबाट पनि बुद्ध कालमा नै आशिर्वाद गर्ने चलन रहेको देख्न सकिन्छ ।

त्यस्तै धम्मपद अनुसार "सधैं शीलवानलाई अभिवादन गर्ने स्वभाव हुने र उमेर र गुणले जेष्ठ भएका वृद्धहरूलाई सधैं वन्दना गर्ने व्यक्तिको आयु, वर्ण, सुख र बल यी चार वटा धर्म वृद्धि हुन्छ ।"[३८] भनिएको छ । यसबाट घरमा बसि बसि कसरी जीवनमा आशिर्वाद लाभ गर्न सकिन्छ ? त्यसलाई दर्शाएको छ । आशिर्वाद अथवा पुण्य लाभ गर्न विहारमा नै जानुपर्छ भन्ने छैन । घरमा बसेर कर्तव्य पूरा गरे पनि पुण्य संचय गरेको हुन्छ । त्यस्ता अवस्थाहरू मध्ये एउटा, जेष्ठ वृद्धहरूको सेवा, उपस्थान, अभिवादन गर्नु हो । तथागत शास्ताले दीर्घायु कुमारको कारण यो गाथा अरण्यकुटीमा देशना गर्नु भएको थियो । उमेरले ७ दिनको मात्र आयु भएको कुमारलाई तथागत दर्शन गराउने क्रममा मातापितालाई झैं दीर्घायुको आशिर्वाद तथागत बुद्धबाट प्राप्त नहुँदा दीर्घायु कुमारको बारेमा जानी चिन्तित भई आफ्नो छोराको दीर्घायुको निमित्त मण्डप बनाइ सातदिनसम्म भिक्षुसंघद्वारा परित्राण पाठ गराए । सातौं दिनमा तथागत स्वयम पाल्नुभई ७ दिनको आयु भएको कुमारको आयु वृद्धि भई १२० बर्षसम्म बाँच्न सक्ने कुरा बताउनु भएको कथा धम्मपद अट्ठकथामा प्रस्तुत गरिएको छ ।

---

३८ सहस्स वग्ग, धम्मपद एप्लिकेशन ।

"अभिवादनसीलिस्स-निच्चं वुड्ढापचायिनो ।

चत्तारो धम्मा वड्ढन्ति-आयुवण्णो सुखंबलं ॥"


Downloaded from http://www.dhamma.digital

"परिसमन्ततो ताय रक्खती'ति परित्तं" अनुसार चारै दिशाबाट आउने विघ्नबाधाहरूबाट सुरक्षा प्रदान गरिने भएकोले यसलाई परित्राण भनिएको हो ।[३९] सत्व प्राणीहरूको स्वस्ति, शान्ति, सुरक्षा इत्यादि लाभ गर्नको निम्ति परित्राण पाठ गर्ने गरिन्छ । यस कथा र गाथा दुवैबाट पनि बुद्धको समयमै जीवित रहेकालाई आशिर्वाद गर्ने चलन रही आएको देखिन्छ ।

३९ पूर्वोक्त पाद टिप्पणी, संख्या १९, पृ. ग ।


Downloaded from http://www.dhamma.digital

# अध्याय - तीन

# पालि साहित्यमा पुण्यानुमोदनको बारे उल्लेख

## ३.१ दिवंगत भएकालाई पुण्यानुमोदन गरिएका अवस्थाहरू

तथागत बुद्धले देशना गर्नु भएका सम्पूर्ण धर्म-उपदेशहरूलाई सूत्रपिटक, विनयपिटक र अभिधर्मपिटक गरी तीन भागमा विभाजन गरिएको छ । जसलाई त्रिपिटक भनिन्छ । त्रिपिटकलाई अझ राम्ररी बुझ्न र स्पष्ट गर्न रचना गरिएका अट्ठकथा, टिका, अनुटिका र बौद्धधर्म सम्बन्धी पालि भाषाबाट रचना गरिएका ग्रन्थ इत्यादिहरूलाई पालि साहित्य भनिन्छ । यी मध्ये त्रिपिटकलाई मूल पालि सहित्यको रूपमा लिन सकिन्छ । यस मूल पालि साहित्य अन्तर्गत सूत्रपिटकमा रहेको खुद्दकनिकायको पेतवत्थुमा अकुशल कर्म गरेका कारण दुर्गतिमा पतन भएका प्रेतहरूको बारेमा उल्लेख भएको पाइन्छ । यस ग्रन्थमा विभिन्न प्रेतहरूको कथा पालि गाथाहरूमा संक्षिप्त रूपमा वर्णन गरिएको देखिएता पनि पेतवत्थु अट्ठकथामा भने ती विषयहरूलाई विस्तृत ढंगले व्याख्या गरिएको छ जहाँ पुण्यानुमोदन गरी सुगती गामी भएको सम्बन्धमा उल्लेख भएका धेरै कथाहरू देख्न पाइन्छ ।

| | |
|---|---|
| ३.१.१ खेत्तुपम पेतवत्थु<br>३.१.२ पिट्ठधीतलिक पेतवत्थु<br>३.१.३ तिरोकुड्ड पेतवत्थु | } पेतवत्थु उरगवग्ग |
| ३.१.४ संसारमोचक पेतिवत्थु<br>३.१.५. सारिपुत्तत्थेरमातु पेतिवत्थु<br>३.१.६ मत्ता पेतिवत्थु<br>३.१.७ चुलसेट्ठि पेतवत्थु | } उब्बरीवग्ग |


Downloaded from http://www.dhamma.digital

३.१.८ सानुवासी पेतवत्थु
३.१.९ सेरिणी पेतवत्थु } चुलवग्ग

३.१.१० अम्बसक्कर पेतवत्थु
३.१.११ नन्दक पेतवत्थु } महावग्ग

३.१.१. खेत्तुपम पेतवत्थु

यस कथामा पुण्यानुमोदनको सम्बन्धमा चर्चा गरेको देख्न पाइन्छ । तथागत बुद्धले राजगृहमा महाधन सेंठ पुत्रको कारणले देशना गर्नु भएको यस कथानुसार धेरै धन भएको कारण महाधन सेंठले आफ्नो छोरालाई कुनै शिक्षा नदिइ मोज मस्ति तथा विलासीमा जीवन बिताउन दिइएको थियो । फलस्वरूप पाप मित्रको संगतमा परेर अन्तमा चोरको संगतमा परी मृत्यु दण्ड समेत पाएको थियो । उसको मृत्यु हुने दिनमा मौद्गल्यायन भन्तेलाई दान दिने सुअवसर प्राप्त गरी दुर्गतिमा पतन हुने व्यक्ति पनि वृक्ष देवता भई जन्म लिन पाएको थियो । मौद्गल्यायन भन्तेले यसरी सुगतिमा पुऱ्याउन मद्दत गरेको कुरा मानिसहरू माझ चर्चा हुन पुग्यो र तथागत बुद्धले त्यस पुत्रलाई नै निमित्त बनाएर कुशल संचय गर्न आवश्यक पर्ने तीनवटा विषयको चर्चा गर्नु भएको थियो ।

अर्थ -

"अर्हत्हरू खेत जस्तै हुन् । दाताहरू कृषक जस्तै हुन् । दान दिईने वस्तु बीज जस्तै हो । यी तीन विषयको कारणले कुशल फल उत्पन्न हुन्छ ।"[४०]

---

४० *पेतवत्थु*, टिपिटक.एल्के एप्लिकेशन् ।
"खेत्तुपमा अरहन्तो - दायका कस्सकुपमा ।
बीजुपमं देय्यधम्मं - एत्तो निब्बत्तते फलं ॥"


Downloaded from http://www.dhamma.digital

माथि उल्लेखित गाथाबाट कुशल फल प्राप्त गर्न तीनवटा विषय हुनुपर्ने बुझिन्छ । जसरी खेति गर्न राम्रो जमिन, कृषक र बीजको आवश्यकता पर्ने हुन्छ त्यसरी नै कुशल फल प्राप्त गर्न पनि दान लिने पक्ष, दान दिने दाता र दान दिने वस्तु चाहिने हुन्छ । जहाँ अर्हत्लाई खेतको उपमा, त्यस्तै खेतमा काम गर्ने कृषकलाई दान दिने पक्षको उपमा र दान दिने वस्तुलाई बीजको उपमाको रूपमा देखाइएको छ । यी तीन वटै विषय एक आपसमा मिलेको अवस्थामा मात्र कुशलफल प्राप्त हुने गर्दछ ।

अर्थ-

"यही कुशल गरी, परलोक गएकाहरूलाई पुण्य दिई, राम्रो कर्म गरी स्वर्ग लोकमा जान्छ ।"[४१]

दिवंगत भएकाहरूलाई पुण्यानुमोदन गर्दा पुण्य अथवा कुशल दिने गरिन्छ । त्यसैले सुरुको गाथाबाट कुशल कसरी संचय गर्न सकिन्छ भनेर तथागत शास्ताले आज्ञा गर्नुभयो । माथि उल्लेखित दोस्रो गाथामा कुनै मानिस मृत्युपश्चात स्वर्गमा कसरी जान सक्छ भन्ने देखाउनु भएको छ । साथै कुशल कर्म गरी परलोक गएकाहरूलाई पुण्य दिनु र राम्रो कर्म गर्नु स्वर्ग जाने माध्यमको रूपमा पनि बताउनु भएको छ । यस अनुसार तथागत बुद्धले पुण्यानुमोदनलाई स्वर्ग सम्पत्ति लाभ गर्न सकिने माध्यमको रूपमा पनि व्याख्या गर्नु भएको देखिन्छ । त्यस्तै गरी पुण्य गर्ने र पुण्य लिने दुवै पक्षलाई भलो हुने कुरा पनि यस कथाको दोस्रो गाथामा उल्लेख गर्नु भएको छ ।

---

४१ ऐजन ।

"इधेव कुसलं कत्वा - पेते च पटिपुजिय ।
सग्गञ्च कमतिट्ठानं - कम्मं कत्वान भद्दकन्ति ॥"


Downloaded from http://www.dhamma.digital

### ३.१.२. पिट्ठधीतलिक पेतवत्थु

पुण्यानुमोदनको विषयमा उल्लेख भएको अर्को उदाहरण स्वरूप पिट्ठधीतलिक पेतवत्थुलाई लिन सकिन्छ । तथागत शास्ता श्रावस्तीको जेतवन विहारमा बस्नु भएको समयमा अनाथपिण्डिकले दिएको दानलाई निमित्त बनाएर यस कथा देशना गर्नु भएको थियो । त्यस अनुसार अनाथपिण्डिकको नातिनी पिठोले बनाएको खेलौना फुटेर रोइरहेको हुनाले, उनलाई फकाउन तिम्रो खेलौना छोरीको नाममा दान दिउँला भनि फकाए र बुद्ध प्रमुख संघलाई निमन्त्रणा गरी भोजन दान गरी पुण्यानुमोदन गरेको कारणलाई लिएर, निर्लोभीहरूले सानो निमित्त राखेर पनि दानधर्म गर्ने गर्छन् भनेर बुद्धले यस कथामा उल्लेखित गाथाहरू देशना गर्नुभयो ।

अर्थ -

"कुनै न कुनै उपलक्ष्य लिएर कन्जुस नभएको व्यक्तिले, पहिले दिवंगत भएकाहरू वा गृहवस्थुमा अधिगृहित देवताहरूलाई निमित्त गरेर दान दिने गर्छ ।"[४२]

यस गाथा अनुसार दिवंगत भएकाहरू र देवताहरूको निम्ति तथागत बुद्धको समयमा पनि दान दिने चलन रहेको बुझ्न सकिन्छ । तर यहाँ दान दिनुको अर्थ – प्रवजितहरूलाई झै घरमा बोलाएर दान दिए जस्तो नभइ, दिवंगत भएका तथा देवताहरूलाई निमित्त मात्र गरेर दान दिनु भन्ने हुन्छ । अर्थात् उहाँहरूलाई पुण्य प्राप्त होस् भनेर अरु कसैलाई दान दिनु हो । वा आफूले पुण्य संचय गरी उहाँहरूको नाममा अनुमोदन गर्नु भन्ने हुन्छ ।

---

४२ ऐजन ।
"यं किञ्चारम्मणं कत्वा, दज्जा दानं अमच्चरि ।
पुब्बपेतेच आरब्भ, अथ वा वत्थु देवता ॥"


Downloaded from http://www.dhamma.digital

दिवंगत भएका तथा देवताहरूको नाममा दान दिई पुण्य अनुमोदन भएको कुरा यस कथाको अन्तिम गाथाबाट स्पष्ट हुन्छ।

अर्थ- "जुन यो दान दक्षिणा दिएको हो, ती संघमा सुप्रतिष्ठित भयो। प्रेत अथवा मरेर गएकाहरूलाई दीर्घ समयसम्म हित सुखको लागि हुन्छ। उचित स्थानमा अवस्थित भयो।"[४३]

३.१.३. तिरोकुड्ड पेतवत्थु

अट्ठकथा अनुसार सर्वप्रथम बिम्बिसार राजाले दिवंगत भएका आफन्तहरूको नाममा पुण्यानुमोदन गरेको देख्न सकिन्छ। यस विषय उल्लेख भएको स्थानको रूपमा तिरोकुड्ड पेतवत्थुलाई देखाउन सकिन्छ। राजा बिम्बिसारले कल्पौं अगाडिका ञातीहरूलाई पुण्य दिएर दुर्गतिबाट सुगतिमा पुऱ्याएका थिए। यस पेतवत्थुमा पुण्य लाभ गर्ने प्रेतहरूको निम्नअनुसार व्याख्या गरिरएको छ।

क) पुण्य कामना गर्ने प्रेतहरू घरदैलोमा आएर बस्छन्।

अर्थ-

"प्रेतहरू आफ्नो घरमा आएर पर्खालको पछाडि, दोबाटो, घरको कुनामा र द्वारमा उभिरहन्छन्।"

कति बेला पुण्य पाउँला र दुर्गतिबाट मुक्त हौंला भनेर पुण्यको अपेक्षा गरेर बस्ने प्रेतहरू पुण्य लिनको निम्ति त्यसरी ती स्थानहरूमा आएर बस्ने गर्दछन्।

---

४३ एजन।

"अयञ्च खो दक्खिणा दिन्ना, संघम्हि सुप्पतिट्ठिता।
दिघरत्तं हितायस्स, ठानसो उपकप्पति॥"


Downloaded from http://www.dhamma.digital

ख) अकुशल कर्मको कारण कसैले सम्झेर पुण्य दिँदैन ।

जीवित रहेका आफन्तहरू सम्पन्न भएपनि, अन्नपानको कुनै कमी नभएपनि, सुख पूर्वक बसे पनि परलोक भएका आफन्तहरूलाई तिनीहरू स्वयमले नै गरेका अकुशल कर्मको कारण स्मरण नगर्ने गरेको कुरा तथागत बुद्धले यस कथाको दोस्रो गाथामा उल्लेख गर्नुभएको छ ।

ग) प्रेतहरूलाई जीवन यापनको लागि कुनै बाटो नभएको ।

"नहि तत्थ कसि अत्थि..........." उल्लेख भए अनुसार प्रेतलोकमा गरी खानको लागि कृषि, व्यापार, व्यवसाय इत्यादि नभएको देखिन्छ। पुण्य नै उनीहरूको एकमात्र विकल्प रहेको कुरा यस गाथाबाट बुझ्न सकिन्छ साथै पुण्यको महत्व परलोकमा कति छ भन्ने पनि बुझ्न सकिन्छ ।

घ) परलोक गएकालाई कसरी सहयोग गर्ने ?

यस कथाको अंक दशमा उल्लेख भएअनुसार रोइकराई गरेर, शोक गरेर उनीहरूलाई सहयोग नहुने बताईएको छ। यस अनुसार कोही मरेर जाँदा शोक गर्नु व्यर्थ रहेको बुझिन्छ र यदि परलोक गएकालाई सहयोग गर्ने हो भने पुण्य गरेर पुण्य दिनु उत्तम रहेको देखिन्छ ।

ङ) पुण्य कसरी दिने ?

आहारपान आदि दान दिएर "इदं नो ञातिनं होतु, सुखिता होन्तु ञातयो ।" हामीले गरेको यो पुण्य हाम्रा आफन्तहरूलाई प्राप्त होस् र उनीहरू सुखी होऊन् भनि कामना गर्दै उनीहरूको गुण स्मरण गर्दै पुण्य दिनु पर्दछ ।

च) पुण्य कसरी प्राप्त गर्छन् ?

"यथा वारिवहा पुरा, परिपुरेन्ति सागरं ।
एवमेव इतो दिन्नं, पेतानं उपकप्पति ॥"


Downloaded from http://www.dhamma.digital

अर्थ-

"जसरी नदीबाट बगेको पानीले सागरलाई परिपूर्ण गर्छ। त्यसरी नै यहाँ दान दिएको त्यहाँ प्रेतहरूले पाउँछन्"

छ) सुगतिमा पुगेका आफन्तले दिने आशिर्वाद ।

अंक पाँचको गाथामा "चिरं जीवन्तु नो ञाती" हाम्रा आफन्तहरू चिरञ्जीवि होस् भनिएको छ ।

ज) पुण्यानुमोदन गर्ने क्रममा दाताले धेरै पुण्य संचय गर्छ ।

दाताहरूले आफन्तलाई स्मरण गरेर पुण्य दिनु भनेको एउटा ञातीधर्म हो । त्यस्तै शुद्ध दान कर्म पनि हो । भिक्षुहरूलाई आहार दान दिनु, बल दान दिनु सरह हो । त्यो पनि पुण्य कार्य हो । त्यसैले यी विभिन्न अवस्थाहरूबाट पुण्य अनुमोदन गर्ने पक्षले धेरै पुण्य संचय गरेको हुन्छ ।

३.१.४.संसारमोचक पेतिवत्थु

पेतवत्थुको उब्बरि वर्गमा उल्लेखित संसारमोचक पेतिवत्थु अनुसार तथागत वेलुवनाराममा बस्नु भएको समयमा कुनै प्रेतनीलाई निमित्त गर्नुभई देशना गर्नु भएको थियो । बुद्धको जीवमान समयमा संसारमोचक कुलमा जन्म लिएतापनि पूर्व जन्ममा र यस जन्ममा कुनै पुण्य नगरेको र मृत्युपश्चात नर्कलोकमा जन्म हुने निमित्त सारि पुत्र भन्तेले देख्नु भई उनले वन्दना मात्र गरे पनि पुण्य लिन मिल्ने प्रेत लोकमा जन्म हुने र पुण्य दिएर सुगतिमा ल्याउन सक्ने निमित्त देख्नुभयो । सारिपुत्र भन्ते उनी भएको स्थानमा जानु हुँदा, साथीहरूको करले उनले पनि भन्तेलाई वन्दना गरेकी थिईन् । केही समयपछि विवाह भयो र गर्भवती भएको अवस्थामा उनको मृत्यु भई प्रेतनी भएर


Downloaded from http://www.dhamma.digital

जन्म लिईन् र सारिपुत्र भन्ते कहाँ आएर आफूलाई दुर्गतिबाट उद्धार गर्न बिन्ती गरिन् । भन्तेले पनि दान दिनु भई पुण्यानुमोदन गरी उनको उद्धार गर्नुभयो र उनी देवपुत्री भई सुख सम्पत्ति लाभ गरेको निम्न गाथाबाट स्पष्ट हुन्छ ।

अर्थ-

"उनलाई पुण्य दिएपछि दानको फल स्वरूप नानाप्रकारको दिव्य भोजन समान भोजन, दिव्य वस्त्र, पेय पदार्थ उत्पन्न भयो ।"[४४]

सामान्यतया दिवंगत भएका आफन्तहरूलाई मात्र पुण्य दिने प्रचलन रहेको देख्न पाइन्छ । आफन्त बाहेकका अन्य व्यक्तिलाई पुण्य दिएको विरलै देखिन्छ तर यस देशनाबाट पुण्य आफन्तलाई मात्र होइन नचिनिने व्यक्तिलाई पनि दिइ दुर्गति मुक्त गराउन सकिन्छ भन्ने देख्न पाइन्छ ।

३.१.५. सारिपुत्तत्थेरमातु पेतिवत्थु

तथागत बुद्ध वेलुवन विहारमा बस्नु भएको समयमा, सारि पुत्र भन्तेको पाँच जन्म अगाडि आमा भएकी तर यस जन्ममा प्रेतनी भएकी कुनै एक प्रेतनीलाई निमित्त गरेर यस कथा देशना गर्नु भएको थियो । पूर्व जन्ममा उनले शरीर र वचनद्वारा धेरै अकुशल कर्म गरी मृत्युपश्चात प्रेतनी भई जन्म लिन पुगिन् । त्यस दुर्गतिबाट छुट्कारा हुने माध्यमको रूपमा आफ्नो पूर्व जन्मको छोरा सारिपुत्र भन्ते देखी आफू पहिले वहाँको आमा भएको र अहिले दुर्गतिमा पतन भएको कारण पुण्य दिएर उद्धार गर्न बिन्ती गरिन् । सारिपुत्र भन्तेले बिम्बिसार राजाको सहयोग लिइ चार वटा कुटी बनाउनु भई संघलाई भोजनसहित दान

---

४४ ऐजन ।

"समनन्तरानुद्दिट्ठे, विपाको उदपज्जथ ।
भोजनच्छादनपानीयं, दक्खिणाय इदं फलं ॥"


Downloaded from http://www.dhamma.digital

दिइ आमालाई पुण्य दिनुभयो । उनले सो पुण्य प्राप्त गरी दुर्गतिबाट मुक्त भएर सुगतिमा जन्म लिन सफल भईन् ।

यस कथानुसार नातागोताको सम्बन्ध एउटा जन्ममा नै समाप्त नहुने र कुनै जन्ममा दुःखमा परियो भने पनि सहयोगको लागि आफन्तहरूलाई सम्झनु पर्ने र प्रवजित भएपनि आफ्नो कर्तव्य निर्वाह गरी अरूलाई सुख शान्ति दिने कार्यमा लाग्नु पर्छ भन्ने देख्न सकिन्छ ।

३.१.६. मत्ता पेतिवत्थु

तथागत श्रावस्तीको जेतवनमा बस्नु भएको समयमा मत्ता नामक प्रेतनीलाई निमित्त गरेर यस पेतवत्थु देशना गर्नु भएको थियो । तिस्सा र मत्ता भन्ने दुई सौता सौतेनीको कथामा मत्ता पहिलो पत्नी थिइन् तर उनीबाट कुनै सन्तान हुन नसकेको कारण उनको पतिले दोस्रो श्रीमतीको रूपमा तिस्सालाई भित्राए र पुत्र जन्माउन सफल भए । मत्ता धर्मप्रति श्रद्धा नभएको र इर्ष्यालु स्वभावकी थिइन् । त्यसैले उनले सौताप्रति इर्ष्या गर्दै धेरै नराम्रो कुकर्म गरेर प्रेतनी भएर जन्म लिइन् । प्रेतनी भएकी मत्ता आफ्नो विरुपी शरीर तिस्साको अगाडि आएर देखाउदै आफूले अकुशल कर्म गरेर धेरै दुःख पाएको र त्यस दुर्गतिबाट मुक्त गराइदिन प्रार्थना गर्दै निम्न गाथा भनिन् ।

अर्थ-

"चारजना भिक्षुसंघ र चारजना पुद्गल भिक्षुहरू आठजना जम्मा गरी मेरो नाममा भोजन दान दिनु र मलाई पुण्य दिनु । त्यसरी पुण्य दिँदा सबै इच्छा पूर्ण भई म सुखी हुनेछु ।"[४५]

---

४५ ऐजन ।

"चत्तारो भिक्खु संघतो, चत्तारो पन पुग्गले ।
अट्ठ भिक्खु भोजयित्वा, मम दक्खिणमादिस ।
तदाहं सुखिता हेस्सं सब्बकामसमिद्धिनी ॥"


Downloaded from http://www.dhamma.digital

तिस्साले पनि भने अनुसार गरेर पुण्य दिएर उनलाई सुगतिमा पुऱ्याइन् र यो विषय तिस्साले भिक्षुहरूलाई सुनाइन्। भिक्षुहरूले तथागत बुद्धलाई भन्नु भएपछि शास्ताले उपस्थित भएका मानिसहरूलाई यस कथा देशना गर्नुभयो। यस पेतवत्थुमा पनि पुण्यानुमोदन गरी सुगतीमा पुऱ्याएको बारेमा उल्लेख गरिएको छ।

३.१.७.चुलसेट्ठि पेतवत्थु

पुण्यानुमोदनको सम्बन्धमा व्याख्या भएको पेतवत्थुको रूपमा चुलसेट्ठि पेतवत्थुलाई लिन सकिन्छ। यस देशना तथागत बुद्धले भिक्षुहरूबाट सुन्नु भई, चुलसेट्ठि प्रेतलाई निमित्त गरेर मानिसहरूलाई देशना गर्नु भएको थियो। आफ्नो पिताको हत्यापछि पश्चाताप भएका राजा अजातशत्रु सुत्न नसकि कौसीमा चंक्रमण गरिरहेको बेलामा लोभी भएर दान धर्म नगरी अकुशल कर्म गरेर प्रेत भएर जन्मेको चुलसेट्ठिलाई राजाले देखी श्रमण जस्तो भेष भएको आकाशबाट उडेर कहाँ जान लागेको भनि सोद्धा प्रेतले आफू प्रेत भएको र खाना नपाएर आफन्तकोमा जान लागेको बताए। त्यहाँबाट प्रेतले केही प्राप्त गर्न नसकि राजाले पुण्य गरी अनुमोदन गरी दुर्गतिबाट उद्धार गरी दिए।

चुलसेट्ठि प्रेत आफ्नो छोरीले बाउबाजेहरुको निम्ति ब्राह्मणहरूलाई दान दिंदैछ भनि थाहा पाएर त्यहाँ गएको थियो तर उनले पुण्य नपाई फर्केर अजातशत्रु राजाकहाँ आएको थियो।

अर्थ-"प्रेतले भन्यो - हुन्छ मैले त्यसरी नै गर्नेछु भनि ऊ त्यहाँबाट गयो। तर त्यहाँ दान लिएर भोजन गरिरहेकाहरू अयोग्य र अनुचित दक्षिणाका पात्र थिए। त्यसैले त्यो प्रेतले पुण्यभाग नपाउँदा पुनः राजगृहमै फर्केर जनाधिपतिको अगाडि प्रकट भए।"[४६]

---

४६ ऐजन।

"तथाति वत्वा अगमासि तत्थ, भुञ्जिंसु भत्तं न च दक्खिणारहा।
पच्चागमि राजगहं पुनापरं, पातुरहोसि पुरतो जनाधिपस्स॥"


Downloaded from http://www.dhamma.digital

यस गाथाको अध्ययन गर्दा दानधर्म गरेतापनि प्रेतले पुण्य नपाएको देखिन्छ । यस कथामा ब्राह्मण शब्दको प्रयोग भएको छ र ती ब्राह्मणहरू दुश्शील रहेको अर्थकथामा उल्लेख भएको छ । "....भत्तं भुञ्जिंसु दुस्सीलब्राह्मणा,.." यसबाट यो कुराको पुष्टि हुन्छ की त्यसरी दुस्सीलहरूलाई दान दिएको कारण पुण्य प्राप्त गरी सुगतिमा जान नपाई अजातशत्रु राजा कहाँ आएको बुझिन्छ । प्रेतले भने अनुसार बुद्ध प्रमुख संघलाई भोजन दान र चीवर दान दिएर उसलाई (प्रेतलाई) पुण्य दिँदा दुर्गतिबाट मुक्त भई सुगतिमा देवताको रूपमा जन्म लिएको देख्न सकिन्छ । त्यसैले पुण्यानुमोदन गर्दा राम्ररी विचार पुऱ्याउन आवश्यक रहेको देखिन्छ ।

### ३.१.८.सानुवासी पेतवत्थु

वेलुवनाराममा तथागत शास्ता बस्नु भएको समयमा सानुवासी स्थविरको ञाति प्रेतलाई निमित्त गरेर यस कथा देशना गर्नुभएको थियो । भन्तेको माता, पिता, दाइ अकुशल कर्मको कारण दुर्गतिमा पतन भएका थिए । सानुवासी भन्ते बस्नु हुने स्थानमा प्रेत भएका दाइ आएर आफ्नो रूप देखाउँदै आमा बुबा पनि दुःखमा परेको हुनाले, पुण्य दिएर सबैलाई दुर्गतिबाट मुक्त गराउन बिन्ती गऱ्यो । भन्तेले पनि विभिन्न तरिकाबाट आहार, चीवर इत्यादि दान दिने वस्तु जुटाएर संघलाई दान दिनु भई पुण्यानुमोदन गरी आफन्तहरूको उद्धार गर्नुभयो । यस कथामा दान दिने व्यक्तिले जुन-जुन वस्तुहरू दान दिन्छ त्यही अनुरूप फल प्राप्त गर्ने र त्यस पुण्य परलोक गएकालाई दिँदा उनीहरूले पनि त्यही अनुसार फल प्राप्त गरी सुगतिमा जन्मी सुख सम्पत्ति लाभ गर्ने देखिन्छ ।

### ३.१.९.सेरिणी पेतवत्थु

तथागत जेतवन विहारमा बस्नु भएको समयमा सेरिणी प्रेतनीको कारण यस कथा देशना गर्न भएको थियो । कुरु राज्यको हत्थीनीपुरमा


Downloaded from http://www.dhamma.digital

नगरसोभिनीको रूपमा रहेकी सेरिणीले कुनै पुण्य कर्म नगरेको र अरूले दिएको पुण्य पनि अनुमोदन नगरी, प्रवजितहरूलाई दान दिनु व्यर्थ रहेको भन्थिन् । त्यसैले मत्युपश्चात प्रेतनी भईन् । एक जना चिन्ने व्यापारीलाई आफू देखाउदै, आफूलाई पुण्यको आवश्यक परेकोले दान गरेर पुण्य दिन, फलानो ठाउँमा बस्नु हुने मेरी आमालाई खबर दिनु भनिन् । उनको आमाले पनि भने बमोजिम दान दिएर पुण्य दिई, छोरीलाई दुर्गतिबाट मुक्त गराईन् । यसरी यस कथामा पनि पुण्य गरेर पुण्य दिएको देखिन्छ ।

३.१.१०.अम्बसक्कर पेतवत्थु

लिच्छवी राजा अम्बसक्कर र प्रेत बीच भएको संवाद यस पेतवत्थुमा उल्लेख भएको छ । मनुष्य भएर जन्म लिएपछि पुण्य कर्म गर्नुपर्ने र त्यसको फल स्वरूप सुगतिमा जन्मिने तथा पाप कर्म गरे दुर्गतिमा जन्मी धेरै दुःख भोग्नु पर्ने हुन्छ । त्यस्तै प्रेत भएकालाई पुण्य दिने कोही नहुँदा धेरै भौंतारिएर बस्नु पर्ने र आफू कसरी दुर्गतिमा परी दुःख भोग्नु पऱ्यो भन्ने कुरा गाथाद्वारा बताए ।

अर्थ- "मैले आफ्नो निम्ति त्यस्तो कुनै कर्म गरिनँ । मेरो उद्देश्य लिई दान गरिदिने कोही पनि भएन । त्यसैले म नाङ्गो भई कष्ट भोगिरहेको छु ।"[४७]

राजाले तपाईंलाई कसरी सहयोग गर्न सक्छु भनि प्रेतसँग सोध्दा, वैशालीमा बस्नु हुने कप्पितक भन्तेलाई मेरो उद्देश्य लिएर वस्त्र दान दिन भनि भन्नु हुँदा राजाले पनि त्यसरी नै दान दिई उनलाई

---

४७ ऐजन ।

"नत्थि कम्मानि सयं कतानि - दत्वापि मे नत्थि सो आदिसेय्य ।

अच्छादनं सयनमथन्नपानं - तेनम्हि नग्गो कसिरा च वुत्ति ॥"


Downloaded from http://www.dhamma.digital

सहयोग गरी आफू पनि भन्तेको संगत र उपदेशबाट प्रभावित भई राजा अम्बसक्करले श्रोतापत्तिफल प्राप्त गरे ।

३.१.११.नन्दक पेतवत्थु

बुद्ध महापरिनिर्वाण भएको दुई सयवर्षपछि सुरट्ठ देशका राजा पिङ्गल भएका थिए र उनका सेनापति नन्दक थियो जो कर्म कर्मफलको विश्वास गर्दैन थियो । त्यसैले कुनै पुण्य विना नै मृत्यु भई प्रेत भएर जन्म लिए । यसरी उनको मृत्युपश्चात उनकी छोरीले सम्झेर एक जना भिक्षुलाई दान दिएर पुण्यानुमोदन गरिन् । प्रेतले पुण्य प्राप्त गर्‍यो र कर्म कर्मफलको विश्वास गर्न सुरु गरी यस कुरा राजालाई पनि बुझाएर सत्मार्गमा ल्याउन आफ्नो पुण्यको प्रभाव र आफूलाई देखाएर सबै कुरा बताए । त्यसपछि त्रिरत्नको शरण जान अनुरोध गरे । राजाले पनि सो कुरा स्वीकारे । यसरी पुण्य प्राप्त गरी आफू सुगतिमा पुगी कर्मफल विश्वास गर्ने भई राजालाई पनि सुमार्गमा ल्याएको यस कथामा प्रस्तुत गरिएको छ ।

३.१.१२.पत्तकम्म सुत्त (अंगुत्तर निकाय चतुक्कनिपात, पत्तकम्म वग्ग)

यस सूत्र देशना अनाथपिण्डिक गृहपतिलाई तथागत बुद्धले देशना गर्नु भएको थियो । यस सूत्रमा बुद्धले, आफूले पसिना बगाएर धार्मिक रूपमा कमाएको धन पाँच परिषद्‌लाई पनि दिनुपर्ने बताउनु भएको छ । त्यसलाई पञ्च बलि भनिन्छ । यहाँ “बलि”को अर्थ पूजा गर्नु, दान दिनु हो । त्यसरी दिइने पाँच प्रकारका बलिहरू निम्न बमोजिम रहेका छन् :

क) ञाति बलि - आफन्तलाई दिनु वा सत्कार गर्नु

ख) अतिथि बलि - अतिथिलाई दिनु सत्कार गर्नु

ग) पुब्बपेत बलि - परलोक गएकालाई पुण्य दिनु


Downloaded from http://www.dhamma.digital

घ) राज बलि - सरकारलाई कर तिर्नु

ङ. देवता बलि - देवतालाई पूजा गर्नु वा पुण्य दिनु

यहाँ उल्लेख भएको पञ्च बलि मध्ये पुब्बपेत बलि र देवता बलिलाई पुण्यानुमोदनसँग सम्बन्ध गर्न सकिन्छ। मरेर गएकालाई पूजा गरेर, आफूसँग भएको धन दिएर कुनै अर्थ रहँदैन । यदि मरेकालाई सहयोग गर्ने हो भने दान इत्यादि पुण्य कर्म गरेर संचय गरेको पुण्य अनुमोदन गर्नुपर्ने हुन्छ। त्यसैले यहाँ पुब्बपेत बलि दिवंगत भएकालाई दिइने पुण्यको रूपमा देखाइएको छ । त्यस्तै गरी देवताहरूको पूजा गर्नुको सट्टा उनीहरूलाई पुण्य गरेर पुण्य दिंदा पुण्य वृद्धि गर्ने अवसर मिल्ने भएकोले देवता बलिको अर्थ पुण्य दिनुलाई भनिएको बुझिन्छ । यसरी यस सूत्रमा पनि पुण्यानुमोदनको बारेमा उल्लेख भएको पाइन्छ ।

३.१.१३. जाणुस्सोणि सुत्त (दसक निपात, जाणुस्सोणि वग्ग)

परलोक गएका आफन्तहरूलाई पुण्य दिने कार्य बुद्धकालीन ब्राह्मणहरूले पनि गरेको जाणुस्सोणि सूत्रबाट स्पष्ट हुन्छ । भिक्षु अमृतानन्दले लेख्नु भएको बुद्धकालीन ब्राह्मण भाग २ मा पनि जाणुस्सोणि ब्राह्मणको बारेमा विस्तृत जानकारी र दिवंगत भएकालाई गरिने पुण्यानुमोदनको बारेमा उल्लेख भएको देख्न सकिन्छ। यस सूत्रमा जाणुस्सोणि ब्राह्मणले परलोक गएका आफन्तको लागि दान दिंदा प्राप्त गर्छ की गर्दैन भनि तथागत बुद्धसँग प्रश्न गरेको थियो । यही प्रश्नको जवाफ स्वरूप बुद्धले यस सूत्र देशना गर्नु भएको थियो ।

अर्थ-

"भो गोतम ! हामीहरू ब्राह्मण हौं । 'यो दान हाम्रा रक्तसम्बन्धी ज्ञातिपितृहरूले पाऊन्, यो दान हाम्रा रक्तसम्बन्धी ज्ञाति-पितृहरूले खाऊन्' भनि हामी ब्राह्मणहरू दान दिन्छौं, श्राद्धहरू गर्छौं । भो गोतम !


Downloaded from http://www.dhamma.digital

के त्यो दान (को फल) हाम्रा रक्तसम्बन्धी ज्ञाति-पितृहरूले पाउँछन् ? के त्यो दान (को फल) हाम्रा रक्तसम्बन्धी ज्ञाति-पितृहरूले खान्छन् ?"[४८]

बुद्धले यहाँ त्यस प्रश्नहरूको जवाफ स्वरूप "ठाउँमा छ भने पाउछ, ठाउँमा छैन भने पाउँदैन ।" भनि भन्नुभयो जसअनुसार यदि दिवंगत भएका व्यक्ति पुण्य लाभ गर्न योग्य स्थानमा छ भने उनले पुण्य प्राप्त गर्छ, होइन भने पुण्य प्राप्त गर्न नसकिने हुन्छ । त्यसरी पुण्य प्राप्त गर्न सकिने स्थानको रूपमा परदत्तूपजीवि प्रेत लोकलाई यस अंगुत्तर निकायको दसक निपातको जानुस्सोणी वग्गको जानुस्सोणी सुत्तवण्णनामा देखाईएको छ ।[४९]

### ३.१.१४. सिंगालक सुत्त (दीघ निकाय, पाथिक वग्ग)

सूत्र पिटकको सिगालक सूत्र अथवा गृही विनयमा एक-आपसमा गर्नुपर्ने कर्तव्यहरूको बारेमा व्याख्या गरिएको छ । तथागत शास्ताले सिगालक नाम गरेको गृहपति पुत्रलाई देशना गर्नु भएको यस सूत्रमा आमाबुबाप्रति सन्तानले निभाउनु पर्ने कर्तव्यहरू मध्ये आमाबुबा दिवंगत भएर जानुहुँदा उहाँहरूको नाममा पुण्य गरी पुण्य अनुमोदन गर्नुपर्ने कुरा दर्शाउनु भएको छ ।

"अथ वा पन पेतानं कालकतानं दक्खिनं अनुप्पदस्सामि' ति ।"[५०]

यहाँ उल्लेखित "दक्खिनं अनुप्पदस्सामि" अनुसार दिवंगत भएर गएकाहरूलाई पुण्य दिने कुरालाई जनाएको छ ।

---

४८ भिक्षु डा. अमृतानन्द, *बुद्धकालीन ब्राह्मण भाग २*, काठमाडौं: आनन्द कुटी विहार, ई.१९७७ पृ. २९६ ।
"मयमस्सु, भो गोतम, ब्राह्मणा नाम दानानि देम,
सद्धानि करोम - 'इदं दानं पेतानं ञातिसालोहितानं उपकप्पतु,
इदं दानं पेता ञातिसालोहिता परिभुञ्जन्तु' ति ।"

४९ अंगुत्तर निकाय अट्ठकथा, वेब्साइट्: तिपिटक डट् एल्के ।

५० पाथिक वग्ग, *दीघ निकाय*, तिपिटक.एल्के एप्लिकेशन् ।


Downloaded from http://www.dhamma.digital

## ३.२ देवतालाई पुण्य दिएका अवस्थाहरू

३.२.१.पाटलिगामिय सुत्त

माथि उल्लेख गरिएका अवस्थाहरूबाट परलोक भएकाहरूलाई पुण्य दिएको र ती पुण्य प्राप्त गरी ती आफन्तहरू सुगतिमा परी सुख सम्पत्ति भोगेको देखिन्छ तर यस सूत्रमा देवताहरूलाई पनि पुण्य दिने प्रचलन रहेको र सो कार्य गर्दा देवताहरूको आशिर्वाद प्राप्त गर्न सकिने देखाइएको छ । पाटलिपुत्र गाउँमा तथागत बुद्धले सुनिध र वस्सकार दुई जना महामन्त्रीको भोजन ग्रहणपछि गाथाहरूबाट धर्मोपदेश गर्नुभई देवीदेवताहरूलाई पनि पुण्य कार्यपछि पुण्य दिंदा उहाँहरूबाट आशिर्वाद पाउन सकिने कुरा देखाउनु भएको पाइन्छ ।

अर्थ-

"जुन प्रदेशमा पण्डित जातीकाहरू (प्रज्ञावानहरू) वसोवास गर्छन्,

त्यो आफ्नो ठाँउमा संयमित भएका, ब्रह्मचारी शीलवानहरूलाई भोजन गराएर ।"

अर्थ-

"त्यस स्थान कुनै देवता छ भने, ती अधिगृहित देवताहरूलाई पुण्य दिनेछन् ।

त्यसरी पूजा गरिएका देवताहरूले पूजा गर्छन्, मानसम्मान गरिएका देवताहरूले मानसम्मान गर्छन् (उसलाई सुरक्षा गर्छन्)।"[५१]

५१ उदान पालि, *खुद्दक निकाय*, तिपिटक.एल्के एप्लिकेशन् ।
"यस्मिं पदेसे कप्पेति, वासं पण्डितजातियो ।
सीलवन्तेत्थ भोजेत्वा, सञ्ञते ब्रह्मचारयो ॥"
"या तत्थ देवता आसुं, तासं दक्खिणमादिसे ।
ता पुजिता पुजयन्ति, मानिता मानयन्ति नं ॥"


Downloaded from http://www.dhamma.digital

### ३.२.२. रतन सुत्त

"सबै भूतहरू (अमनुष्य देवताहरू) म तथागतको उपदेश सुन्नको निमित्त प्रेरणा लिएर आईसकेकाले कान थापी ध्यान पुऱ्याएर दत्तचित्तले सुन्नुपऱ्यो । तिमीहरू सबैले ती मनुष्य मात्रको प्रति दत्तचित्त भएर मैत्री राखुन् र अप्रमादी बनेर उनीहरूको रक्षा गरुन्, जसले रातदिन तिमीहरू समक्ष पूजनीय वस्तुहरू ल्याई पूजा गर्दछन् ।" भनेर यस सूत्रमा उल्लेख भएअनुसार देवतालाई पुण्य दिने प्रचलन रहेको देखिन्छ । यहाँ "भूता" भन्नाले देवतालाई र "बलि" भन्नाले संचित पुण्य दिनुलाई भनिएको छ । देवताहरूलाई प्रत्यक्ष रूपमा पुण्य दिएको यस सूत्रमा नभेटिएता पनि दिन रात देवताहरूलाई बलि दिइने कुरा तथागतले बताउनु भए अनुसार देवताहरूलाई पनि पुण्य दिइएको बुझ्न सकिन्छ ।

## ३.३ जीवित रहेकालाई आशिर्वाद स्वरूप गरिएको पुण्यानुमोदन

### ३.३.१.करणिय मेत्त सुत्त

यस सूत्रको निदान कथा अनुसार वर्षावासको समयमा भिक्षुहरू वनमा ध्यानको अभ्यास गर्दै बस्नु हुँदा त्यस स्थानमा अधिगृहित वृक्ष देवताहरूले भयत्रास उत्पन्न गराएर भिक्षुहरूलाई ध्यानभावना गर्न बाधा पुऱ्याएका थिए ।[५२] त्यस विषयमा बुद्धले थाहा पाउनु भई मैत्री भावना गर्न सिकाउनु भएको थियो । त्यसपछि देवताहरूबाट हुन सक्ने विपत्तिबाट बच्न भिक्षुहरू सफल भएका थिए । यहाँ भिक्षुहरूको मैत्री भावनाको बलले उनीहरूलाई खुसी पारेको देखिन्छ। अर्थात् मैत्री भावना गर्दा उत्पन्न भएको कुशल शक्ति देवताहरूलाई दिइएको देखिन्छ । जसबाट देवता प्रसन्न भएको र भिक्षुहरूलाई ध्यान भावना गर्न सहज वातावरण बनेको थियो । यो एक मैत्रीको आशिर्वाद हो भन्न सकिन्छ ।

---

५२ पूर्वोक्त पाद टिप्पणी संख्या २५ पृ.२०४ - २०६ ।


Downloaded from http://www.dhamma.digital

### ३.३.२.रतन सुत्त

वैशाली नगरमा रोग, अमनुष्य, अनिकाल यी तीन भय उत्पन्न भएको थियो । यस भयबाट मुक्त गराउनको निम्ति तथागत बुद्धले यस सूत्र आनन्द भन्तेलाई सिकाउनु भई पाठ गर्न लगाउनु भएको थियो । यस सूत्र सज्झायना पश्चात वैशाली नगरवासीहरू आशिर्वाद स्वरूप त्यस भयबाट मुक्त भएका कुरा यस सूत्र वर्णनामा भेटिन्छ ।[५३] यसरी बुद्धकालमै मानिसहरूले जीवित रहँदै आशिर्वाद प्राप्त गरेका थिए ।

### ३.३.३.अंगुलिमाल सुत्त

मज्झिमनिकायमा रहेको यस सूत्र तथागत बुद्धले श्रावस्तीमा अंगुलिमाल भन्तेलाई देशना गर्नु भएको थियो । अंगुलिमाल भन्तेले प्रसव वेदनाले छटपटाई रहेकी महिलालाई आशिर्वाद स्वरूप पाठ गर्नुभयो जसबाट प्रसव वेदनाले छट्पटाइरहेकी सो महिलाले सहज रूपमा बच्चा जन्माउन सकिन् । वर्तमान समाजमा पनि गर्भवती महिलाहरू माझ यस सूत्र पाठ गराएर आशिर्वाद लिने प्रचलन रहि आएको देख्न सकिन्छ ।

### ३.३.४.अहिमेत्त (खन्ध) सुत्त

सर्पले डसेर एक भिक्षुको निधन भएको कारण तथागत बुद्धले सर्पहरूलाई मैत्री गरेको भए त्यसरी मृत्यु नहुने कुरा बताउनु हुँदै यस सूत्र देशना गर्नुभयो । विरूपाक्ष, एरापथ, छब्यापुत्त, कण्हागोतम यी चार नागराज लगायत सर्पहरू र अन्य सबै प्राणीहरूलाई पनि यहाँ मैत्री गरिएको छ ।[५४] उनीहरूबाट सुरक्षित हुनको निम्ति यस सूत्र देशना गरिएको छ ।

---

५३ ऐजन ।

५४ *अंगुत्तर निकाय,* तिपिटक.एल्के एप्लिकेशन् ।



Downloaded from http://www.dhamma.digital

### ३.३.५.बोज्झङ्ग सुत्तहरू

महाकस्सप, मोद्गल्यायन, महाचुन्द बोज्झङ्ग सूत्रहरूमा सप्त बोज्झङ्ग समावेश भएको छ र विरामी भएको अवस्थामा स्वास्थ लाभको लागि पाठ गर्ने गरिन्छ । यी सूत्रहरू संयुक्तनिकायको गिलान वर्ग अवस्थित यस सूत्रहरू क्रमशः गिलान, दुतिय गिलान, ततिय गिलानको रूपमा रहेका छन् । महाकस्सपत्थेर बोज्झङ्ग – तथागत बुद्ध राजगृहको वेलुवनमा बस्नु भएको समयमा महाकस्सप भन्ते विरामी हुनुभयो । तथागत शास्ता महाकस्सप भन्ते कहाँ जानु भई सप्त बोज्झङ्ग देशना गर्नुभयो । महामोग्गलान बोज्झङ्ग – तथागत बुद्धले राजगृहमा महामोग्गलान भन्ते विरामी हुनु भएको समयमा वहाँको स्वास्थ्य लाभको निमित्त देशना गर्नु भएको थियो । महाचुन्दत्थेर बोज्झङ्ग – तथागत शास्ता अस्वस्थ हुनु भएको बेलामा महाचुन्द भन्तेले यस सूत्र पुनः देशना गर्नुभयो । यस सूत्रहरू श्रवण गरेका ती भन्तेहरूलाई र तथागत बुद्धलाई त्यस आबाधबाट शीघ्र स्वास्थ लाभभयो ।

### ३.३.६.गिरिमानन्द सुत्त

यस सूत्र पनि गिरिमानन्द भन्ते विरामी हुनु भएको अवस्थामा वहाँको स्वास्थ्य लाभको निम्ति तथागत बुद्धले आनन्द भन्तेलाई सिकाउनु भई पाठ गराउनु भएको थियो र यस सूत्र देशनापश्चात गिरिमानन्द भन्ते स्वास्थ्य हुनु भएको उल्लेख रहेको छ ।[५५]

### ३.३.७. महामंगल सुत्त

खुद्दकनिकाय अन्तर्गत खुद्दकपाठमा रहेको यस सूत्रमा ३८ वटा मंगलहरूको विषयमा उल्लेख भएका छन् । देवताहरूमा मंगल के हुन् भन्ने विषयमा चर्चा भएको हुँदा प्रश्नको उत्तर स्वरूप यस सूत्र

---

५५ ऐजन ।


Downloaded from http://www.dhamma.digital

श्रावस्तीमा देशना गर्नुभयो। यस सूत्र मंगल गृह प्रवेश जस्ता कार्यहरूमा सज्झायना गरिने गर्दछ।

३.३.८.बोधिराजकुमार सुत्त

मज्झिमनिकायमा रहेको यस सूत्रमा नव गृह प्रवेश र पुत्र लाभ गर्नलाई बुद्ध प्रमुख संघलाई भोजन दान दिएको उल्लेख छ। जसबाट आशिर्वाद लाभ गर्न भोजन दान प्रदान गरिएको देखिन्छ। त्यस्तै यहाँ भोजन दान दिने क्रमविधि पनि देख्न सकिन्छ।

३.३.९. धजग्ग सुत्त

संयुक्तनिकायमा रहेको यस सूत्र तथागत बुद्धले श्रावस्तीको जेतवन विहारमा बस्नु हुँदा भिक्षुहरूलाई देशना गर्नु भएको थियो। यस सूत्रमा त्रिरत्नको गुणहरू वयान गरिएको छ र भयत्रास उत्पन्न भएको अवस्थमा सज्झायना गर्दा त्यस भयत्रासबाट बच्न सक्ने उल्लेख गरिएको छ।

३.३.१०.आटानाटिय सुत्त

दीघनिकाय अन्तर्गत आटानाटिय सूत्र दुईवटा रहेको छ। त्यस मध्ये पहिलो आटानाटिय सूत्र चार महाराजहरूले तथागत बुद्धलाई सुनाउनु भयो र दोस्रो आटानाटिय सूत्र तथागत बुद्धले भिक्षुहरूलाई फेरि देशना गर्नुभयो। यसरी दुई अवस्थाहरूमा देशना भएको कारणले दुईवटा सूत्र रहेको देख्न सकिन्छ। यस सूत्रहरू गृहस्थीहरू, प्रवजितहरू सबैलाई अमनुष्यबाट सुरक्षित हुनको निम्ति देशना गरिएको छ।

अर्थ-

"त्यहाँ यक्षहरू पनि निवास गरी बसेका हुन्छन्, जो तथागतका यी धर्म देशनाले गर्दा अप्रसन्न भएका हुन्छन्। भन्ते ! भिक्षु-भिक्षुणी, उपासक-उपासिकाहरूको रक्षाको लागि, पीडाबाट बच्नको लागि,


Downloaded from http://www.dhamma.digital

सुखपूर्वक विहार गरी बस्नको लागि, तिनीहरूको प्रशन्नताको लागि, तथागत बुद्धले "आटानाटिय रक्षा" उपदेश आज्ञा गर्नुहोस् ।"[५६]

३.३.११. दीर्घायुकुमार कथा

दीर्घायुकुमारलाई सातदिन भित्रमा मर्न लेखिएता पनि बुद्धको उपदेश अनुसार सातदिनसम्म अटुट रूपमा परित्राण पाठ गरेर आशिर्वाद दिईंदा त्यस दशाबाट मुक्त भई १२० वर्षसम्म उनको आयु वृद्धि भएको धम्मपदट्ठकथाको सहस्स वर्गमा उल्लेख भएको पाइन्छ ।

---

५६ पूर्वोक्त पाद टिप्पणी, संख्या १९, पृ. ९८ ।

"तत्थ सन्ति उलारा यक्खा निवासिनो, ये इमस्मिं भगवतो पावचने अप्पसन्ना, तेसं पसादाय उग्गण्हातु, भन्ते, भगवा आटानाटियं रक्खं भिक्खुनं भिक्खुनीनं उपासकानं उपासिकानं गुत्तियारक्खाय अविहिंसाय फासुविहाराया'ति ।"


Downloaded from http://www.dhamma.digital

# अध्याय - चार

# पुण्यको परिभाषा र पुण्यानुमोदनको महत्व

## ४.१ पुण्यको परिभाषा

कुनै पनि असल कार्य गर्दा प्राप्त हुने फललाई पुण्य भनिन्छ । त्यस्तै दान इत्यादि धर्म गरी प्राप्त गरिने फललाई धार्मिक दृष्टिकोणले पुण्य भनिएको छ । प्रायः जसो सबै धर्ममा पुण्यको विषयमा चर्चा भएको देखिन्छ र सबैले पुण्य गर्नु असल कार्य रहेको बताउछन् । मानव जीवनको अभिन्न अंगको रूपमा पनि यस पुण्यलाई देखाइएको छ। त्यस्तै जीवनमा सुख, समृद्धि लाभ गर्न यस पुण्यको ठूलो भूमिका रहेको छ । त्यसैले बुद्धधर्ममा पनि पुण्यलाई सुविशेष स्थान दिएको पालि साहित्यमा पाइन्छ । यस पुण्यलाई पालि भाषामा "पुञ्ञ" भनिएको छ र यसको अर्थ असल कार्य पनि रहेको छ। तथागत बुद्धले पुण्यको परिभाषा अथवा व्याख्या गर्नु भएको विभिन्न अवस्था पालि साहित्यमा भेटिन्छ । अंगुत्तर निकायको मेत्त सुत्तमा "सुखस्सेतं भिक्खवे अधिवचनं यदिदं पुञ्ञाति" अथवा सुखलाई भनिने पर्याय वचन पुण्य हो भन्नु भएको छ ।[५७] यसबाट मानिसले अनुभव गर्ने वा प्राप्त गर्ने सुखलाई नै पुण्य भनिएको बुझ्न सकिन्छ । तसर्थ पुण्य गर्नु भनेकै सुख पाउनु हो त्यसकारण पनि मानव जीवनमा पुण्य गर्नलाई प्रेरित गरेको पनि देखिन्छ। त्यस्तै पालि साहित्यमा आउने "हदयं पुनातीति पुञ्ञं" भन्ने गाथापदका अनुसार कुनै असल कार्य गर्दा हृदय वस्तु पवित्र हुन्छ भने त्यसलाई नै पुण्य भनिन्छ भनेर परिभाषा गरेको देख्न सकिन्छ ।[५८] यस परिभाषा अनुसार पुण्यले

---

५७ *अंगुत्तर निकाय*, इगतपुरीः विपस्सना विसोधन विन्यास, ई.१९९८, पृ.२२७ ।

५८ किरिन्दे अस्सजि हिमि, "ससर पुरा आरक्षितया कवरेक्द ?", *बुदु सरण,* कोलम्बोः लेक् हाउस्, ई.२०१४/०२/१४ । https://budusarana.lk/budusarana/2014/02/14/tmp.asp?ID=vision13


Downloaded from http://www.dhamma.digital

मानिसलाई नैतिकवान बनाउन सहयोग गर्छ भन्न सकिन्छ । किनभने पुण्य गर्नु राम्रो कार्य हो र त्यस कार्य गर्दा मान्छेको मन सफा हुन पुग्छ । त्यस माध्यमबाट नैतिकवान मानवताको सुरुवात हुन्छ । यहाँ उल्लेख गरिएको असल कार्यहरू भन्नाले दान दिनु, शील पालना गर्नु, भावना गर्नु, आचार्य तथा जेष्ठहरूको गौरव गर्नु, सेवा गर्नु, आमाबुबाको सेवा उपस्थान गर्नु इत्यादि हुन् ।[५९] अर्को तरिकाले भन्ने हो भने दानादि दश पुण्य क्रियाहरू नै असल कार्यहरू हुन् र ती कार्यहरू गर्दा नै पुण्य लाभ भएको हुन्छ । त्यसैले यहाँ दानादि कार्यपछि प्राप्त हुने फललाई पुण्य भनिएको हो भनेर बुझ्न आवश्यक छ ।

तथागत बुद्धले विभिन्न अवस्थाहरूमा पुण्यको बारेमा देशना गर्नु भएको छ । सुमना सुत्तमा उहाँले **"मनुस्सभूतस्सपि उपकारानी पुञ्ञानी । पब्बजितस्सपि उपकारानी पुञ्ञानी"**[६०] अर्थात् मानिस र प्रवजित दुवै पक्षलाई पुण्यले उपकार गर्छ अथवा पुण्य चाहिन्छ भनेर देशना गर्नुभयो । पुण्य विषय केवल गृहस्थीहरूलाई मात्र आवश्यक नभएर प्रवजितहरूलाई पनि त्यतिकै आवश्यक रहेको यस देशनाबाट बुझिन्छ । त्यस्तै अर्को अवस्थामा बुद्धले पुण्य भन्ने विषय यस जीवनमा मात्र होइन, दिवंगत भएर परलोक गएपछि पनि चाहिन्छ र त्यस समयमा पुण्यले नै दिवंगत भएकाहरूलाई उपकार गर्छ भनेर "पुञ्ञानी परलोकस्मिं पतिट्ठा होन्ति पाणीनं" भनि पिय सुत्त र .कालदान सुत्तमा देशना गर्नुभयो ।[६१] यसबाट पनि पुण्यको महत्व सम्पूर्ण मनुष्य अमनुष्य वर्गमा समेत रहेको देखिन्छ ।

---

५९ दश पुण्य क्रिया, *धम्मसंगणी अट्ठकथा* , तिपिटक डट् एल्के एप्लिकेशन् ।

६० *अंगुत्तर निकाय*, सरल सिंहल तिपिटक एप्लिकेशन् ।

६१ *संयुत्तनिकाय*, तिपिटक.एल्के एप्लिकेशन् ।
*अंगुत्तरनिकाय*, तिपिटक.एल्के एप्लिकेशन् ।

 Downloaded from http://www.dhamma.digital 

मानिसको मन स्वभावले नै कुशलभन्दा अकुशल तर्फ चाँडै र सजिलै जाने गर्दछ। त्यसैले कतिपय मानिस राम्रो कामबाट अलग्गिएको हुन्छ । उनीहरूलाई समय समयमा सम्झाए बुझाए भने फेरि राम्रो काम गर्न थाल्छन् । त्यसैले तथागतले यस विषय बुझि पुण्य भनेको असल कार्य हो, यस कार्य गरे आफैलाई नै राम्रो हो, यस कार्यबाट राम्रो फल लाभ हुँदा सुखी हुने पनि आफै नै हुन् भन्नु हुँदै पुण्य भनेको पुनः पुनः गर्नुपर्छ भनि बताउनु भयो । धम्मपदको पाप वर्गमा आउने त्यस गाथाको अर्थ निम्न अनुसार रहेको छ ।

"पुण्य गरिसक्यो भने फेरि पनि गर्नुपर्छ। त्यसमा खुब उत्साह बढाउनु पर्छ। पुण्यको रास सुखको कारण हो ।"

त्यसरी तथागत बुद्धले विभिन्न अवस्थाहरूमा पुण्य गर्न प्रेरणा दिएको देखिन्छ। त्यसै गरी "दानं सग्गस्स सोपानं"[६२] अर्थात् दान दिनु भनेको स्वर्ग जानलाई भऱ्याङ्ग प्राप्त गर्नु हो भनिएको छ। मानिसहरूले जीवित रहुन्जेल सुख भोग्ने र परलोक हुँदा स्वर्गमा जाने कामना गर्ने गरेको पाइन्छ। बुद्धले यी कुरालाई मध्य नजर गर्नु हुँदै दान गर्नु भनेको स्वर्ग जाने बाटो हो भन्नु भएको देखिन्छ । यहाँ दान गर्नु भनेको नै पुण्य गर्नु हो भनि देखाइएको छ । यसरी माथि उल्लेख गरिएका यी सबै विषयवस्तुहरूको अध्ययन गर्दा पुण्य गर्नु मनुष्य जीवनमा अति महत्वपूर्ण रहेकोले बुद्धधर्ममा पुण्य गर्न प्रेरित गरिएको देखिन्छ।

## क) पुण्यको फाइदाहरू

मानिसको जीवन सुख पूर्वक यापन गर्न आवश्यक प्रमुख अंगको रूपमा पुण्य रहेको छ । त्यसैले पुण्य अनुरूप नै मानिसले सुख दुःख

६२ भिक्षु महानाम महास्थविर, *रसवाहिनी जम्बुदीपुप्पत्ति कथा - चोरधघातक वत्थु*, लुम्बिनीः भिक्षु अनुरूद्ध, वि.सं.२०४०, पृ. १०४ ।


Downloaded from http://www.dhamma.digital

भोग्ने, सानो ठूलो भेदभावमा पर्ने, रूपमा राम्रो नराम्रो हुने, धनी गरिब हुने इत्यादि हुने हुन्छ भनेर चुलकम्मविभंग सुत्तमा उल्लेख गरिएको छ।[६३] ती सबै हेर्दा पुण्यको फाइदाहरू धेरै नै रहेको पाइन्छ। ती मध्ये केही यसप्रकार छन्।

- सुगतिमा जन्म हुनु
- सुख पूर्वक बाँच्नु
- रोगपीडा कम हुनु
- धनी हुनु
- रूपरङ्ग राम्रो हुनु
- कामनाहरू पूर्ण हुनु
- प्रज्ञावान हुनु
- धार्मिक हुनु

ख) शक्तिसम्पन्न पुण्य कसरी गर्ने ?

माथि उल्लेख गरे अनुसार विभिन्न तरिकाबाट पुण्य गर्न सकिन्छ। तर पुण्य गर्ने समयमा कसरी कुन चित्तले गरिएको छ त्यस अनुसार नै पुण्यको शक्ति पनि धेरै थोरै हुने गर्दछ। त्यसैले पुण्य गर्दा होश् राखेर गर्नु पर्दछ र पुण्य कार्य गर्दा अंग पूर्ण हुने गरी गर्नु आवश्यक छ। अन्यथा सोचे जतिको फल प्राप्त गर्न सकिंदैन। पुण्य गर्नलाई दानादि कार्य गर्न जरुरी रहेको छ। त्यसैले यहाँ दान मार्फत शक्तिसम्पन्न पुण्य कसरी गर्न सकिन्छ भनि निम्न गाथाबाट बुझ्न सकिन्छ।

अर्थ- "कुनै शीलवान् व्यक्तिले धार्मिक रूपमा कमाएको धनले प्रसन्न चित्तले युक्त भई कर्म र कर्मफलको विश्वास राख्दै शीलवान्

६३ *मज्झिमनिकाय*, तिपिटक.एल्के एप्लिकेशन्।


Downloaded from http://www.dhamma.digital

व्यक्तिहरूलाई दान दिन्छ भने, निश्चित रूपमा त्यस दानको फल विशाल हुन्छ ।"[६४] दक्खिणाविभंग सुत्तमा व्याख्या भए अनुसार पुण्य कसरी गर्दा महत् फल प्राप्त गर्न सकिन्छ भन्ने क्रमबद्ध रूपमा देखाएको पाइन्छ। सर्वप्रथम दान दिने व्यक्ति शीलवान् हुन आवश्यक छ। दोस्रोमा दान दिने वस्तु अथवा धन धार्मिक हुनु पर्दछ । तेस्रोमा चित्त प्रसन्न अथवा श्रद्धा सम्पन्न हुनु पर्दछ । त्यस्तै चौंथोमा कर्म र कर्मफलमा विश्वास हुनु पर्दछ र पाँचौंमा दान ग्रहण गर्ने व्यक्ति पनि शीलवान् हुनु पर्दछ। यी विषयहरू पूरा भएको खण्डमा मात्र त्यस दानको फल महत् वा विशाल हुन्छ भन्ने बुझिन्छ। त्यसैले यसप्रकारले अंग सम्पन्न गरी दान दिनु पर्दछ ।

त्यस्तै गरी दान दिंदा अर्को तिनवटा विषयहरूमा पनि ध्यान दिनु आवश्यक रहेको छ । ती पूर्व चेतना (दान दिनुभन्दा अगाडिको चित्त), मुञ्चन चेतना (दान दिंदै गरेको अवस्था) अपर चेतना (दान दिइसकेपछिको अवस्था) हुन् ।[६५] यी सबै अवस्थाहरूमा चेतना सफा हुनु पर्दछ । त्यसपछि मात्र दानको फल विशाल रहने बताइएको छ ।

त्यसरी नै अर्को अवस्था भनेको द्बिहेतुक कुशल र तिहेतुक कुशल देखाइएको छ। कुनै पुण्यकार्य गर्दा अलोभ (लोभबिना, अदोस (क्रोधबिना, अमोह (प्रज्ञा) यी कुशल मूलहरू मध्ये अलोभ, अदोस मात्र मूल भयो भने त्यस्तो किसिमको कुशल वा पुण्यलाई द्बिहेतुक कुशल भनिन्छ । यस्तो पुण्य त्यति प्रभावकारी हुँदैन तर कुशल मूल तिनवटाले नै युक्त भएर कुशल गर्दा त्यसलाई तिहेतुक भनिन्छ र त्यस किसिमको कुशल बलसम्पन्न पनि हुन्छ। त्यसैले दान धर्म गर्दा वा पुण्य गर्दा माथि उल्लेख

---

६४ *मज्झिमनिकाय*, तिपिटक.एल्के एप्लिकेशन् ।

"यो सीलवा सीलवन्तेसु ददाति दानं, धम्मेन लद्धं सुपसन्न चित्तो ।

अभिसद्दहं कम्मफलं उदारं, तं वे दानं विपुलप्फलन्ती ब्रुमी ॥"

६५ तिकनिद्देसवण्णना, *विभंग अट्ठकथा,* तिपिटक डट् एल्के एप्लिकेशन् ।


Downloaded from http://www.dhamma.digital

गरिएका विषयवस्तुहरूलाई ध्यानमा राख्दै त्यस कार्य गर्न आवश्यक रहेको र यही तरिकाबाट शक्तिसम्पन्न पुण्य गर्न सकिन्छ भन्ने बुझिन्छ।

## ४.२ के पुण्य र कुशल एउटै हुन् ?

त्रिपिटकको अध्ययन गर्दा पुण्य र कुशलको बारेमा धेरै ठाउँहरूमा उल्लेख भएको पाइन्छ। तथागत बुद्धले यी शब्दहरूको प्रयोग धेरै गर्नु भएको देखिन्छ र त्रिपिटकमा यी शब्दहरूको प्रयोगमा कुनै दुबिधा उत्पन्न भएको देखिँदैन। तर वर्तमान परिवेशमा यस विषयलाई लिएर गलत अर्थकथन गरेको पाइन्छ। श्रीलंका जस्तो बौद्ध देशको कतिपय धर्मदेशक तथा विज्ञहरूले समेत यी विषयमा गलत अर्थकथन गरेको पाइन्छ। नेपालमा पनि त्यसरी अर्थ्याउनेहरूको कुनै कमी छैन। जस्तो कि – पुण्य गर्नाले लौकिक सुख, समृद्धि प्राप्त हुन्छ र कुशलले निर्वाण बोधको अथवा संसारिक दुःखबाट मुक्त गराउछ भनिएको छ। त्यस्तै पुण्यले संसारिक जीवन अझ लम्ब्याउछ भने कुशलले संसारिक जीवन छोटो बनाउन वा संसार चक्रबाट मुक्त गराउछ पनि भनेको पाईन्छ। त्यस्तै पुण्यानुमोदन गर्दा पुण्य दिने कि कुशल दिने भन्ने विषयमा प्रश्न आउन पनि सक्छ। त्यसैले यहाँ पुण्य र कुशलको बारेमा अध्ययन गरेर सत्य तथ्य बाहिर ल्याउन आवश्यक रहेको देखिन्छ।

पुण्य र कुशलको बारेमा गलत धारणा वा अर्थकथन आउनुको मुख्य कारण तथागत बुद्धले धेरै स्थानहरूमा पुण्यबाट लौकिक सुख सम्पत्ति प्राप्त हुन्छ भनेर गरेको देशनालाई सही अर्थमा बुझ्न नसकेकोले हुन सक्ने देखिन्छ। माथि पुण्यको बारेमा व्याख्या भए अनुसार पनि यो कुरा स्पष्ट हुन्छ। तर कतै पनि यी दुई शब्दले लौकिक, लोकोत्तर सुख प्राप्त हुन्छ भन्नलाई प्रयोग गरेको तिपिटकमा भेटिँदैन। त्यसैले सर्वप्रथम यी दुई शब्दहरूको अर्थ के हो ? हेर्न जरूरी छ। पालि शब्दकोष अनुसार “पुञ्ञ” को अर्थ पुण्य, असल कार्य, कुशल रहेका छन् भने “कुशल” को


Downloaded from http://www.dhamma.digital

अर्थ दक्ष हुनु, असल कार्य कुशल इत्यादि रहेका छन् ।[६६] यसबाट दुवै शब्दको अर्थ एक आपसमा मिलेको देखिन्छ र यी शब्दहरू समानार्थ हुन् भन्ने पुष्टि हुन्छ ।

पुण्यको व्याख्या **"हदयं पुनातीति पुञ्ञं"** अथवा कुनै असल कार्य गर्दा हृदय वस्तु पवित्र हुन्छ भने त्यसलाई नै पुण्यको रूपमा अर्थ्याइएको पाइन्छ । त्यस्तै कुशलको बारेमा व्याख्या गर्दा **"कुच्छितते पापके धम्मे सलयन्ति चलयन्ति कम्पेन्ति विद्धंसेन्तीति कुसला ।"**[६७] अर्थात् अकुशल धर्मलाई चलाउने, हल्लाउने, कम्पन् गर्ने, ध्वस्त पार्ने अर्थले कुशल भनिएको छ । दुवै अर्थहरूको तुलना गर्दा पुण्यले हृदय वस्तु पवित्र पार्छ र कुशलले अकुशललाई नष्ट पार्छ भन्ने देखिन्छ । मनमा भएको लोभ आदि अकुशल मूल नहुँदा मन पवित्र हुने गर्दछ र पवित्र भएको कारणले मनमा अकुशल नदेखिने हुन्छ । त्यसैले यी दुवै एउटै विषयमा केन्द्रित रहेको बुझिन्छ ।

त्यसरी अट्ठकथा, पालि शब्दकोषमा अर्थ दिएतापनि यी दुई शब्दहरूको अर्थ फरक रहेको बताउनेहरू धेरै देखिन्छन् । उहाँहरूले भोजन दान इत्यादि पुण्य कार्यहरूमा पुण्यले लौकिक सुख सम्पत्ति मात्र प्राप्त हुन्छ तर निर्वाण लाभ गर्न कुशल गर्नुपर्छ भनेको देखिन्छ । यदि पुण्यले निर्वाण प्राप्त हुँदैन भने पुण्य कार्यहरूको अन्तमा "इदं मे पुञ्ञं आसवक्खया वहं होतु । .........निब्बानस्स पच्चयो होतु ।"[६८] अर्थात् यस पुण्यको प्रभावले आश्रव क्षय होस्, निर्वाण प्राप्त गर्न हेतु होस् भनेर किन कामना गराइन्छ त ? यसबाट पुण्य र कुशलको अर्थ फरक रहेको बताउनेहरूले दिएको तर्क फेरि आफैले नै खण्डन गरेको स्पष्ट

---

६६ पोल्वत्ते बुद्धदत्त नाहिमि, *पालि सिंहल अकारादिय*, कोलम्बोः एम्डि गुणसेन सह समागम, ई.१९६०, पृ. १६४, ३४५ ।

६७ *धम्मसंगीणी अट्ठकथा*, इगतपुरीः विपस्सना विशोधन विन्यास, ई. १९९८, पृ.८६ ।

६८ *संयुत्त निकाय टिका*, तिपिटक डट् एल्के एप्लिकेशन् ।


Downloaded from http://www.dhamma.digital

हुन्छ। किन भने "पुण्य र कुशल" समानार्थ शब्द हो। पर्यायवाची वचन हो। किनभने संयुत्तनिकायको निदान वर्ग अन्तर्गत पटिपदा सुत्तको अट्ठकथामा पुण्यलाई कुशल भनिएको छ।

त्यसरी नै दीघनिकायको महापरिनिब्बान सुत्त अनुसार आनन्द भन्तेले अब केही समयमा तथागत बुद्धको महापरिनिर्वाण हुन्छ भन्ने कुरा थाहा पाउँनु भई रून थाल्नु भयो। त्यस समयमा तथागतले आनन्द भन्तेलाई सम्झाउँदै **"कत पुञ्ञोसि त्वं आनन्द, पधानमनुयुञ्ज, खिप्पं होहिसि अनासवो"** अर्थात् "आनन्द ! तिमिले पुण्य गरेका छौ। त्यसैले प्रधान वीर्य गर, चाँडै नै अर्हत् हुने छौ" भन्नुभयो। यहाँ पनि "पुण्य" शब्दको प्रयोग भएको छ र अर्हत् हुनलाई पनि पुण्य नै साधन भएको बताइएको छ। त्यसैले आनन्द भन्ते, बुद्ध महापरिनिर्वाणपछि अर्हत् हुनु भई प्रथम धर्म संगायनामा सहभागी हुनुभयो। यसबाट निर्वाण प्राप्त गर्नलाई पुण्य बाधा नरहेको बुझिन्छ। यदि बाधा हुन्थ्यो भने तथागत शास्ताले त्यसरी आनन्द भन्तेलाई भन्नु हुन्नथ्यो। त्यसैले यस "पुञ्ञ" ले कुशललाई नै जनाएको देखिन्छ।

त्यस्तै गरी तथागत बुद्धले चक्कवत्ति सुत्तको अन्तमा "भिक्षुहरू ! म मार बल जस्तो दमन गर्न कठिन अन्य कुनै बल देख्दिन। तर त्यो बललाई पनि अर्हत् फलले दमन गर्दछ। भिक्षुहरू ! यसरी कुशल धर्म समादान भएको हेतुले (कारणले) पुण्य अर्हत् भएसम्म वृद्धि हुन्छ"[६९] भन्नु भएको छ। यसबाट पुण्य अर्हत्सम्म वृद्धि भएर मार बललाई पराजित गर्न सफल हुने बुझिन्छ। त्यस्तै गरी महान अट्ठकथाचार्य बुद्धघोषले मंगल सुत्तमा आउने **"पुब्बे च कत पुञ्ञता"** अर्थात् पूर्व जन्ममा संचित पुण्य भनेको बुद्ध, पच्चेक बुद्ध, अरहन्तहरूलाई आरम्मण गरेर संचित

---

६९ *दीघनिकाय,* तिपिटक डट् एल्के एप्लिकेशन्।


Downloaded from http://www.dhamma.digital

कुशल हो भनेर त्यस सूत्र वर्णनामा भन्नु भएको छ। त्यस्तै बोधिसत्वले कुनै पुण्य कार्य गर्नु हुन्छ भने त्यो सबै बुद्धत्व लाभको निम्ति हुन्छ भनेर दीघनिकायको लक्षण सुत्तको टिकामा उल्लेख भएको पाइन्छ । त्यस्तै अंगुत्तरनिकायको पुञ्ञकिरियवत्थु सूत्रमा दानमय पुण्य क्रिया, शीलमय पुण्य क्रिया, भावनामय पुण्य क्रिया उल्लेख भएको छ । भावनाबाट सामान्य रूपमा कुशल संचय हुन्छ भनिएता पनि यस सूत्रमा भावनाबाट पुण्य हुन्छ भनिएको देखिन्छ। अभिधर्म अनुसार चित्त ८९ वटा भए पनि त्यहाँ कतै पनि पुण्य चित्तको बारेमा उल्लेख भएको भेटिंदैन । पुण्य गर्नलाई र कुशल गर्नलाई कुशल चित्त मात्र रहेको देखिन्छ। यदि पुण्य र कुशल अलग अलग भए चित्तुत्पाद खण्डमा पुण्य चित्तको बारेमा पनि उल्लेख हुन्थ्यो होला तर त्यहाँ उल्लेख भएको भेटिदैन ।

माथि उल्लेख गरिएको सबै विषयवस्तुहरूलाई मध्य नजर गर्दा पुण्य र कुशल एउटै अर्थमा प्रयोग भएको र समानार्थ शब्द भएको बुझिन्छ । पुण्य गरे पनि कुशल गरे पनि एउटै हो र निर्वाण लाभको लागि कुनै बाधा नरहेको देखिन्छ । त्यस्तै पुण्यले लौकिक सुख सम्पत्ति र कुशलले निर्वाण सम्पत्ति लाभ हुन्छ भनेर व्याख्या गर्नु गलत भएको बुझिन आउछ । त्यस्तै पुण्य र कुशलको बारे गलत धारणा त्रिपिटक, अट्ठकथा, टिका, पालि शब्दकोषमा नभएको र यी धारणा केही समयअगाडि मात्र उत्पन्न भएको देखिन्छ ।

यसरी पुण्य र कुशलको व्याख्या हुँदा लौकिक सुख सम्पत्ति र निर्वाण सम्पत्ति लाभ गर्न गरिने असल कार्यहरूलाई के भनिन्छ भन्ने प्रश्न उत्पन्न हुन सक्छ । चक्कवत्ति सुत्तवण्णना अनुसार अट्ठकथामा पुण्य अथवा कुशललाई वट्टगामि कुशल र विवट्टगामि कुशल गरी दुईवटा प्रभेदमा देखाइएका छन् ।[७०] कुनै असल कार्य अथवा कुशल कार्यको

---

७० *दीघनिकाय अट्ठकथा,* तिपिटक डट् एल्के एप्लिकेशन् ।


Downloaded from http://www.dhamma.digital

कारण लौकिक सुख सम्पत्ति प्राप्त हुन्छ भने त्यसलाई वट्टगामि कुशल भनिन्छ। त्यस्तै कुनै असल कार्य अथवा कुशल कार्यको कारण लोकोत्तर सुख प्राप्त हुन्छ भने त्यसलाई विवट्टगामि कुशल भनिएको छ । यी कुराहरूको अध्ययन्‌बाट माथिको प्रश्नको निराकरण हुन जान्छ ।

## ४.३ पुण्यानुमोदनको महत्व

कुनै पनि धर्ममा कुनै संस्कार, परम्परा चलिआएको छ भने ती सबैमा विशेषता र महत्व रहेको पाइन्छ। त्यसरी नै यस पुण्यानुमोदनमा पनि छुट्टै विशेषता र महत्व रहेको पाइन्छ। पुण्यानुमोदन एक आशिर्वाद हुनुको साथै अरूलाई गर्न सकिने, आफ्नो लागि लिन सकिने उपकार पनि हो । त्यस्तै जीवित सबैलाई र दिवंगत भएका सबैलाई अनुमोदन गर्न सकिने महत्वपूर्ण विषयवस्तु हुन् । मानव जीवनमा सबैलाई साथी-भाइ तथा आफन्तहरूको सहयोग र उपकारको आवश्यकता हुन्छ र कतिपय अवस्थामा अन्जान व्यक्तिहरूबाट पनि सहयोगको अपेक्षा गर्नुपर्ने हुन्छ। त्यस्तै दिवंगत भएपछि पनि पुण्यको आवश्यक परेको खण्डमा त्यसरी नै सहयोगको अपेक्षा गरिन्छ भन्ने विषय पेतवत्थुबाट स्पष्ट हुन्छ । दुर्गतिगामी भएका आफन्तजनहरूलाई यदि सम्झेर पुण्यानुमोदन गरेन भने दुर्गतिमा दीर्घकालसम्म दुःख भोग्दै बस्नुपर्ने हुन्छ। यदि पुण्यानुमोदन गरेमा तुरुन्त दुर्गतिबाट मुक्त भई सुगतिमा जन्म लिन सकिने कुरा पेतवत्थुमा उल्लेख भएको पाइन्छ । यसकारण पुण्यानुमोदन दुःखमा परेका ञातिगणहरूलाई उद्दार गर्ने एउटै मात्र मार्ग वा साधनको रूपमा लिन सकिन्छ र यसलाई एक ठूलो दान वा उपहार पनि भन्न सकिन्छ।[७१]

पुण्यानुमोदन दिवंगत भएकाहरूलाई मात्र होइन । बाँचिरहेकाहरूलाई पनि अत्यावश्यक सम्पदा हुन् तर बाँचिरहेकाहरूलाई

---

७१ पूर्वोक्त पाद टिप्पणी संख्या ७, पृ.१२५ ।


Downloaded from http://www.dhamma.digital

पुण्यानुमोदन दिइन्छ भने त्यसलाई सामान्य व्यवहारमा आशिर्वाद भन्ने गरिन्छ । जीवित व्यक्तिलाई आशिर्वाद दिंदा पुण्यानुमोदन शब्दको प्रयोग नहुने नै चाहिं होइन कहिलेकाहीं कुनै कुशल कार्य गरेर यस्तो कुशल कार्य गरिएकोमा तपाईं पनि अनुमोदन हुनुहोस् भन्ने गरेको पनि पाइन्छ । जे भएपनि पुण्यानुमोदन वा आशिर्वाद मानिसको जीवनमा अत्यावश्यक सम्पदाको रूपमा रहेको पाइन्छ । आशिर्वादको कमीले कतिपय अवस्थाहरूमा मानिस असफल भएर, रोगी भएर, विपत्तिमा परेर धेरै दुःख कष्टमा परेको पनि देख्न सकिन्छ । त्यसैले यस पुण्यानुमोदन जीवित र दिवंगत भएका सबैलाई उत्तिकै महत्वपूर्ण रहेको पाइन्छ ।

पेतवत्थु अट्ठकथा अनुसार बिम्बिसार राजाको पूर्व जन्मको ञातिहरूको घटना उदाहरणको रूपमा लिएर हेर्ने हो भनेपनि पुण्यानुमोदन गर्न कतिको अत्यावश्यक र महत्वपूर्ण छ भन्ने बुझ्न सकिन्छ । उनीहरू अकुशल कर्मको कारण दुर्गतिमा ९२ कल्पसम्म बसि काश्यप बुद्धको समयमा मात्र परदत्थु उपजीवि नामक प्रेत लोकमा जन्म लिई कसैले पुण्य देला र मुक्त हुन पाउछौं भनि बसेका थिए ।[७२] पुण्य नपाएपछि काश्यप बुद्धसँग यस बारे प्रश्न गर्दा पुण्य पाउन गौतम बुद्धको समयसम्म पर्खिनु पर्ने र बिम्बिसार नामक राजाले पुण्य दिने बताउनुभयो । काश्यप बुद्धको समयदेखि गौतम बुद्धको समयसम्म प्रेत लोकमा रहँदै दुःख कष्ट भोग्दै बस्नु अति नै कष्टकर प्रतित हुन्छ । उनीहरू त्यतिका लामो समयसम्म पुण्य लाभको लागि पर्खिनु परेको र पुण्य पाएपछि मात्र दुर्गतिबाट मुक्त भएका थिए । यस कथाबाट पनि पुण्यानुमोदन महत्वता बुझ्न सकिन्छ । त्यसैले परिवारबाट कुनै सदस्य दिवंगत हुँदा शीघ्र दानादि पुण्य कार्य गरी पुण्यानुमोदन गर्ने परम्परा बौद्ध समाजमा बुद्धकालीन समयदेखि वर्तमानसम्म अनवरत रूपमा रहदै आएको देख्न सकिन्छ ।

७२ सरत्चन्द्र विजितनन्द(अनु), *पेतवत्थु अट्ठकथा*, देहिवलः बौद्ध संस्कृतिक मध्यस्थान ई.२००८, पृ. २३ ।


Downloaded from http://www.dhamma.digital

मनुष्य लोकमा झैं दुर्गतिमा पुण्य संचय गर्ने अवस्था लाभ गर्न सकिदैन त्यहाँ दुःख नै दुःख मात्र हुने कुरा बौद्ध साहित्यहरूमा उल्लेख भएको पाइन्छ । न कुनै पुण्य गर्ने, न खेतिपाती कर्मान्त गर्ने वातावरण नै हुन्छ, कहिल्यै पेट भरी खाना पाउदैनन्, कसैले खाना समेत नै पाउदैनन् उनीहरू भोक र प्यासी हुन्छन् ।[७३] त्यसै गरी तिरोकुड्ड सुत्तमा उल्लेख भए अनुसार पुण्य अनुमोदन भएका ती आफन्तहरूले "**चीरं जीवन्तु नो ञाती** अर्थात् हामीलाई पुण्य दिने आफन्तहरू दीर्घायु होस्" भनि आशिर्वाद दिने गर्दछन् । यस कारणले पनि यहाँ पुण्यानुमोदनको ठूलो महत्व रहेको छ । सारिपुत्त मातुपेती कथामा प्रेतनी निर्वस्त्र भई खान, पिउन नपाएर खकार, सिँगान, कुहिएको रगत खानु परेको उल्लेख भए अनुसार दुर्गतिमा जन्म हुदाँ धेरै दुःख, कष्ट हुने देखिन्छ । सारिपुत्त भन्तेले दान दिएर संचित पुण्य अनुमोदन गरेपछि मात्र त्यस प्रेतनीले दिव्य आहार, पान, वस्त्र प्राप्त गरेको कुरा पेतवत्थुमा व्याख्या गरिएको छ । यस कथामा मौगल्लान भन्तेले "महत् अनुभावले युक्त देवी, मनुष्य हुँदा कुन पुण्य गर्नु भएको थियो ?" भनेर प्रश्न गर्नु हुँदा सारिपुत्त भन्तेले पुण्यानुमोदन गर्नु भएपछि उहाँको पूर्व जन्मको आमा स्वर्गमा उत्पन्न भएको बुझिन्छ । यसअनुसार हेर्दा पुण्य दिंदा दिवंगत भएकाहरूले आहारपान, वस्त्र, वासस्थान मात्र प्राप्त गर्दैनन् परदत्तु उपजीवि नामक प्रेतलोक अथवा दुर्गतिबाट मुक्त भई स्वर्गमा समेत उत्पन्न हुने देखिन्छ । त्यसैले दिवंगत भएकाहरूलाई पुण्यानुमोदनको कति आवश्यकता र महत्व छ ? भन्ने यसबाट बुझ्न सकिन्छ ।

दिवंगत भएका सबैले आफन्तहरूबाट मात्र पुण्य पाउँन सक्दैनन् किनकि दिवंगत भएपछि आफ्ना ञातिहरूले सम्झेर पुण्य दिन्छ, दिंदैन

७३ भिक्षु बोधिसेन महास्थविर(अनु), पेतवत्थु, काठमाण्डौं: बोधिचर्या विहारका तीर्थ यात्री, वि.सं. २०७६, पृ.४,५ ।


Downloaded from http://www.dhamma.digital

थाहा हुँदैन । कतिपय अवस्थामा नातेदारहरूले पुण्य दिनु त के, याद समेत गर्दैनन् । यी सबै हुनुको कारण अकुशल कर्म भएको कुरा तिरोकुड्ड सुत्तमा प्रस्तुत गरिएको छ । त्यसैले कुशल कर्म अलि-अलि भए पनि गर्नुपर्छ । ता कि दिवंगत भएपनि बाँचेका आफन्तहरुले सम्झेर पुण्य दियोस् । यसरी कुशल कर्मको अभावमा कहिलेकाँही अन्य मानिसहरूबाट समेत पुण्य प्राप्त गरी लिनु परेको उदाहरण सारिपुत्त भन्तेले नातेदार नपर्ने एक प्रेतनीलाई पुण्यानुमोदन गरी सुखित मुदित गरेको कुरा संसारमोचक पेतिवत्थुमा व्याख्या गरिएको छ ।

त्यस्तै अजातशत्रु राजासँग पनि चुलसेट्ठि नामक प्रेत आएर पुण्य माग गर्दा आफन्त ञाति नभएर पनि पुण्यानुमोदन गरी सुगतिमा पुऱ्याइ दिएको कुरा चुलसेट्ठि पेतवत्थुमा देख्न सकिन्छ । दिवंगत भएर दुर्गतिमा पतन भएकालाई पुण्य दिने कोही नहुँदा बेसाहरा भई अरूसँग पुण्य माग्दै भौतारिएर दुःख भोग्नु पर्ने देखिन्छ । यस कथाहरूबाट पनि पुण्यानुमोदनको महत्वलाई दर्शाएको छ ।

वर्तमान समाजमा यसको व्यावहारिक पक्षमा अध्ययन गर्दा पनि यसको महत्व अझ वृद्धि भएको देखिन्छ । अहिलेको युग प्राविधिक युग भएतापनि, नयाँ-नयाँ सोच र दृष्टिकोणले समाज भरिएतापनि यसको मान्यतामा कमी आएको छैन । त्यसैले विभिन्न धर्म संस्कृति अपनाएकाहरूले आफ्नै तरिकाले पिण्डदान तथा पुण्य दिएको देख्न सकिन्छ । कतिपय अवस्थामा दिवंगत भएकाहरूलाई पुण्य दिएर काम छैन, धनको नाश गर्नु हो, साधुसन्तको पोषण गर्नु मात्र हो भनेको सुन्न पाइन्छ तर दिवंगत भएकाले पुण्य नपाएर दुर्गतिबाट मुक्त हुन नसकि आफन्तजनलाई विभिन्न तरिकाबाट समस्याहरू उत्पन्न गराउने अवस्था उत्पन्न हुँदा पूजा, पाठ, दान इत्यादि गरेर पुण्यानुमोदन गरी स्वस्ति-शान्ति गरिएका उदाहरणहरू देख्न सकिन्छ । उदाहरणको लागि बि.सं.


Downloaded from http://www.dhamma.digital

२०७२ सालमा भूकम्पबाट दिवंगत भएकाहरूको कथा लिन सकिन्छ। सो भूकम्पबाट काठमाडौंको काष्ठमण्डप ढलेर त्यहाँ रक्तदान दिंदै बसेकाहरू, दिन आएकाहरू र अन्य मानिसहरूको मृत्यु भएको थियो । त्यहाँ केही समयपछि रूने कराउने विलाप दिने जस्तो डरलाग्दो आवाज रातमा धेरै जसोले सुनेका थिए। त्यहाँका बासिन्दाहरूले त्यस समस्यालाई समाधान गर्न परित्राण पाठ, दान आदि कार्यक्रमको व्यवस्था गरेर आनन्दकुटी विहार लगायत अन्य विहारहरूबाट भन्तेहरूलाई निमन्त्रणा गरी दिवंगत भएकाहरूलाई पुण्य अनुमोदन गरिदिएपछि त्यस समस्या समाधान हुन गएको स्थानीयहरूको बुझाइ छ। यी विषयवस्तुहरूबाट पुण्यानुमोदनको महत्व कति धेरै रहेको छ भन्ने बोध गर्न सकिन्छ।

पुण्य दिवंगत भएकाहरूलाई मात्र आवश्यक विषय होइन । जीवित रहेकालाई पनि त्यति नै आवश्यक र महत्वपूर्ण छ। जीवित रहि रहँदा जीवनमा रोग, पिडा, अमनुष्य भय, धन हानी, विभिन्न क्षेत्रहरू असफल हुनु इत्यादि समस्याहरू आइरहन्छ। यी समस्याहरूबाट कतिपय सफलता पाउछन् भने कतिपयले समस्या सुल्झाउन नजानेर असफल भएको पनि देखिन्छ । यस्ता प्रकारका समस्याहरूको हल निकाल्ने माध्यमलाई पुण्यानुमोदन अथवा आशिर्वाद भन्न सकिन्छ। यसमा पनि कुशल जोडिएको हुन्छ। कुशल अथवा पुण्य आशिर्वादभित्र रहेर जीवनमा आउने समस्याको समाधान हुने गर्दछ। यी आशिर्वाद बुद्धपूजा, परित्राण पाठ, दान, शील, भावना इत्यादि गर्नाले प्राप्त हुन्छ। त्यसैले जीवनमा समस्या आउँदा त्रिरत्नलाई सम्झेर दान आदि पुण्य कार्य गर्ने गरिन्छ।

तथागत बुद्धको समयमा पनि त्यसरी आशिर्वाद लिइएको पालि साहित्यमा देखिन्छ । धम्मपदट्ठकथामा दिर्घायु कुमारको कथा उल्लेख भए अनुसार उनलाई १२० वर्षको आयु प्राप्त हुनुको मुख्य कारण सातदिनसम्म अटुट रूपमा परित्राण पाठ गर्नु हो। त्यस्तै वैशाली नगरमा


Downloaded from http://www.dhamma.digital

रोग, अमनुष्य, दुर्भिक्ष (अनिकाल), यी तीन प्रकारका भयहरू उत्पन्न हुँदा, तथागत बुद्धले आनन्द भन्तेलाई रतन सुत्त सिकाउनु भई त्यस नगरमा परित्राण सज्झायना गर्न लगाउनु भयो । त्यसपछि ती तीन भयहरू हटेर गएको विषय रतन सुत्त वण्णनामा उल्लेख भएको पाइन्छ। त्यस्तै सर्पहरूबाट र अन्य विषधारी सत्व प्राणीहरूबाट सुरक्षित हुन र मैत्रीभावना वृद्धि गर्न समेत खन्ध सुत्त देशना गर्नुभएको थियो । बुद्धले गर्भिनी आमालाई सुरक्षाको निम्ति अंगुलिमाल सुत्त, विभिन्न प्रकारका रोगहरूबाट सुरक्षित हुन महाचुन्द आदि बोज्झंग सुत्तहरू देशना गर्नु भएको पाइन्छ । यसबाट जीवित रहेकाहरूलाई आशिर्वाद मिल्दछ । त्यसैले सम्पूर्ण सत्व प्राणीहरूमा पुण्यानुमोदन वा आशिर्वादको महत्व धेरै रहेको छ ।

देवलोकमा अधिक सुख हुने भएको कारण त्यहाँ बस्ने देवताहरूले पुण्य गर्ने बारेमा सोच्ने गर्दैनन् भनिन्छ । यदि कसैलाई पुण्य गर्ने मनसाय जागेमा देवताहरू मनुष्य लोकमा नै आउने गर्छन् भन्ने विषय पालि साहित्यमा देख्न पाइन्छ । देवताहरूलाई पनि पुण्य आवश्यक हुने भएकोले देवलोकमा पुण्य वृद्धि गर्न नसकिने कारण मानिसहरूले पुण्य गरी अन्तमा देवताहरूलाई पुण्यानुमोदन गर्दा पुण्य वृद्धि हुने कुरा पाटलिगामिय सूत्रमा देवतालाई पुण्य दिने बारेमा तथागत बुद्धले उल्लेख गर्नु भएको कुराबाट प्रष्ट हुन्छ । त्यसरी पुण्य दिंदा देवताहरूबाट आशिर्वाद र सुरक्षा प्राप्त हुने कुरा पनि बुद्धले देशना गर्नु भएको छ । यसबाट देवता र मनुष्य दुवै पक्षलाई राम्रो हुने भएकोले पुण्यानुमोदनको महत्व अझैं बढेको देख्न सकिन्छ । रतन सुत्त अनुसार वैशालिमा तीन भयहरू हटाउने क्रममा तथागत बुद्धले बलि लिने अथवा पुण्य लिने देवताहरूलाई सम्बोधन गर्नु हुँदै मनुष्यको रक्षा गरेर आफ्नो कर्तव्य पूरा गर्न भन्नु भएको थियो । त्यसैले यसबाट पनि पुण्यानुमोदनको महत्वलाई बुझ्न सकिन्छ । त्यस्तै एक समयमा महाकाश्यप भन्ते निरोध


Downloaded from http://www.dhamma.digital

समापत्तिबाट उठ्नु भई आज कसलाई महापुण्य गर्न अवस्था दिने भनि सोच्नुभयो । त्यस अवस्थामा एक गरिबलाई देख्नु भई उसलाई महापुण्य गर्न अवस्था दिन भिक्षाटन जाने क्रममा इन्द्र देवले यस कुरा थाहा पाई एक गरिबको भेषमा आएर दान दिने प्रयास गरेको कथा धम्मपदट्ठकथा र उदान पालिमा देख्न पाइन्छ । त्यस्तै धम्मपदट्ठकथाको पाप वर्ग अन्तर्गत लाजा देव अप्सराको कथा अनुसार उनले पुण्यलाई स्थिर बनाउन महाकाश्यप भन्तेको उपस्थान गर्न आएको बताइएको छ । यी कथाहरूबाट देवताहरूलाई पनि पुण्यको आवश्यक पर्ने कुरा बुझ्न सकिन्छ । त्यसैले देवताहरूलाई पनि पुण्यानुमोदन गर्न आवश्यक छ । किनभने उनीहरूले आफ्नो पुण्य पुण्यानुमोदनमार्फत वृद्धि गर्न सक्छन् । माथि व्याख्या गरिएको सबै विषयहरूको अध्ययन गर्दा पुण्यानुमोदन जीवित र दिवंगतहरूलाई मात्र होइन । देवी-देवताहरूलाई पनि त्यतिकै महत्व रहेको बुझिन्छ ।

## ४.४ पुण्यानुमोदन गर्दा कस-कसले ग्रहण गर्न सक्छ ?

बौद्ध समाजमा दान आदि कुशल कर्मबाट संचित पुण्य दिवंगत भएकाहरूलाई र जीवित रहेकाहरूलाई बाँड्ने गरेको देखिन्छ । तर कतिपय मानिसहरूमा यस सम्बन्धी धेरै जिज्ञासा रहेको पनि देखिन्छ । त्यसैले के पुण्यानुमोदनबाट दिवंगत भएकाहरूले पुण्य प्राप्त गर्छन् ? के त्यसरी दिएको पुण्यले जीवनमा आशिर्वाद प्राप्त गर्न सक्छन् ? जस्ता प्रश्नहरू सोध्ने गरेको समाजमा देख्न सकिन्छ । बुद्धधर्ममा अन्धविश्वासलाई कुनै स्थान छैन र त्यसको प्रोत्साहन पनि गर्दैन । त्यसकारण बुद्धधर्मले कुनै पनि विषयवस्तुलाई विचार विमर्शन नगरी आँखा चिम्लेर विश्वास गर्न सिकाउँदैन । पुण्यानुमोदन पनि त्यस्तै विचार विमर्शन गर्नुपर्ने विषयवस्तु हुन् । त्यसैले यस सम्बन्धी कुनै कुरा बिना अर्थ स्वीकार्नु हुँदैन । त्यस अनुसार माथि उठेका प्रश्नहरू मान्य


Downloaded from http://www.dhamma.digital

रहेको छ र यहाँ यसबारेमा अध्ययन गर्न जरूरी भएको महसुस गर्दै, के दुर्गतिमा भएकाहरूले पुण्य प्राप्त गर्छन् र के सुगतिमा भएकाहरूले पुण्य लाभ गर्छन् भन्ने विषयहरूमा विवेचना गरिएको छ ।

## ४.४.१ के दुर्गतिमा भएकाहरूले पुण्य प्राप्त गर्छन् ?

सर्वप्रथम संचित पुण्य दिवंगत भएकाहरूलाई अनुमोदन गर्दा उनीहरूले लाभ गर्छन् कि गर्दैनन् ? अध्ययन गरिनेछ । पुण्यानुमोदन भनेको एक सहयोग पनि हो । सहयोग पिडित पक्षलाई अथवा सहयोगको आवश्यकता पर्ने व्यक्तिलाई गर्ने गरिन्छ। त्यसरी नै दिवंगत भएकाहरूलाई पुण्य अनुमोदन गर्दा दुर्गतिमा अथवा अपायमा पतन भएकाहरूलाई केन्द्रित भई गरिन्छ । किनभने मनुष्य आदि सुगतिमा जन्मेकाहरूलाई पछिल्लो जन्मका ञातिहरूले दिने पुण्यको आवश्यकता कम मात्रामा हुन्छ । तर दुर्गतिमा परेकाहरूलाई पुण्यको धेरै महत्व रहेको हुन्छ । यहाँ दुर्गति भनेर भनिएता पनि सबै प्रकारका दुर्गतिहरूमा जन्म लिएकाहरूले पुण्य प्राप्त गर्न सक्दैनन् । दुर्गति अथवा अपाय पनि विभिन्न प्रकारका हुन्छन् ।[७४]

क)अपाय

मनुष्य सुख, देवसुख र निर्वाण सुख प्राप्त हुने कारण कुशल पुण्यलाई अय भनिन्छ । त्यो अय भन्ने कुशलपुण्यबाट वञ्चित भएको स्थानलाई अपायभूमि भनिन्छ ।

अपाय भूमि

अ) निरय

आ) तिर्यक

---

७४ पूर्वोक्त पाद टिप्पणी संख्या १६, पृ. ४१९-४४७ ।



Downloaded from http://www.dhamma.digital

इ) प्रेत

ई) असुर भनेर चार प्रकारका छन् ।

अ) निरय अपाय

नि+अय = निरय भएको हो । यसको अर्थ सुख नभएको स्थान हुन आउँछ । यस अन्तर्गत आठ ठूलो नर्क – सञ्जीव, कालसुत्त, संघात, रोरुव, महारोरुव, तापन, महातापन, अवीचि रहेका छन् ।

सञ्जीव – हातमा बलिरहेको हतियार भएका नरकपालहरूले टुक्रा-टुक्रा पारेर मारेतापनि अकुशल कर्मको विपाक बाँकी छ भने फेरि-फेरि जीवित नै भइरहने प्राणी भएको नरकलाई सञ्जीव नरक भनिन्छ ।

कालसुत्त – जंगली जनावरले लखेटिरहे जस्तै गरिकन दगुरिरहेका प्राणीहरूलाई धागोले ताछिरहेको हुन्छ र त्यसो गरेतापनि कर्मफल बाँकी हुञ्जेल फेरि-फेरि जीवित नै भइरहने प्राणी भएको नरकलाई कालसुत्त नरक भनिन्छ ।

संघात – ९ योजन भएको फलामको भूईंभित्र कम्मरसम्म गाडेर माथिबाट तातो फलामको पर्वतले पिस्ने हुन्छ, तापनि कर्म हुञ्जेल जीवित नै भइरहने प्राणी भएको नरक ।

रोरुव – सम्पूर्ण नरकलोकलाई नै भष्म पार्न सक्ने आगोको ज्वालाले पोलेर विलाप गरिरहेका प्राणीहरू भएको नरक ।

महारोरुव – सम्पूर्ण नरकलोकलाई नै ढाक्ने आगोको धूँवा सबै प्वालहरूबाट भित्र छिरिकन सास्ती गरेकोले विलाप गरिरहेका प्राणीहरू भएको नरक ।


Downloaded from http://www.dhamma.digital

तापन – अति नै रापिलो फलामको सूलीमाथि नचलिकन बस्न लगाएर सम्पूर्ण शरीरलाई आगोले सेकेर सास्ती गर्ने नरक ।

महातापन – अति नै रापिलो फलामको पर्वतमाथि चढाएर तलबाट ठड्याइराखेको सूलीहरू माथि अधोमुख खसाएर तापनभन्दा पनि दोब्बर तातो आगोले सेकेर सास्ती गर्ने नरक ।

अवीचि – सबैतिरबाट आगोको ज्वाला बलिरहने, त्यो ज्वालाभित्र प्राणीहरू कोचाकोच भरिरहने, शरीर र मनमा सास्ती हुने गरिकन दुःख भोगिरहनु पर्ने, एक सेकेण्डसम्म पनि आराम हुने अवस्था नभइकन दुःख भोग्नुपर्ने नरक ।

त्यस्तै गरी हरेक नरकहरूको वरिपरि अरू स-साना उस्सद नरकहरू धेरै रहेका हुन्छन् । ती मध्ये केहि निम्न अनुसार छन् ।

गूथनिरय - मलमूत्र भएको नरक

उण्ह कुक्कुल निरय - उष्ण खरानी भएको नरक

सिम्बली निरय - तिखो र धारिलो रूखहरूले युक्त वन भएको नरक

असिपत्त निरय - दुई धारे तरवारको पत्रहरू भएको नरक

आ) तिर्यक अपाय

मनुष्य देवहरू जस्तै दुई खुट्टाले सिधा नगइकन चार खुट्टा टेकेर वा घिस्रेर वा उडेर जाने प्राणीहरूलाई तिरच्छान भनिन्छ। यसभित्र चार खुट्टा भएका, दुई खुट्टा भएका, खुट्टा नभएका जमिनमा बस्ने, पानीमा बस्ने, आकाशमा उड्ने सबै प्राणीहरू पर्छन् । यी तिर्यक प्राणीहरूको बासस्थान भनेर अलग्गै छैन तिनीहरू मनुष्यलोकमा नै बस्न गर्छन् ।


Downloaded from http://www.dhamma.digital

इ) प्रेत अपाय

यस मनुष्य लोकबाट दिवंगत भएर परलोक गएको अर्थमा पेत अथवा प्रेत भनिएको छ । कतिपय अवस्थामा दिवंगत भएकोलाई जनाएको छ भने पेतवत्थुमा सुखबाट वञ्चित भएको अर्थमा व्याख्या गरिएको छ। यी प्रेतहरूको पनि अलग्गै बस्ने वासस्थान छैन। तिनीहरू रहने पर्वत, जंगल, नदी, खोला, सम्सान श्मशान इत्यादि ठाउँलाई नै प्रेतभूमि भनिन्छ । यहाँ चार प्रकारमा विभाजन भएका प्रेतहरू निम्न अनुसार छन् ।

-परदत्तूपजीवि - अरूले दिएको पुण्यले अथवा चिजले जिउने प्रेतलाई परदत्तूपजीवि भनिन्छ ।

-खुप्पिपासिक - आहारपान नपाएर जहिले भोकै, प्यासै तड्पिने प्रेतहरूलाई भनिन्छ ।

-निज्झामतण्हिक - जहिले पनि शरीर भित्र बाहिर जलिरहेर दुःख भोग्ने प्रेतहरूलाई भनिन्छ ।

-कालकञ्जिक - रगत मासु सूकेर गएको, विशाल काय भएको, मुख सानो भएको, निऊरेर खाना खाने प्रेतहरूलाई भनिन्छ ।

ई) असुर अपाय

देवताहरू जस्तो चम्किन नसक्ने प्राणीलाई असुर भनिन्छ । असुरहरूको समूहलाई असुरकाय भनिन्छ। असुरभूमि भनेर पनि अलग्ग छैन । असुरहरू प्रायः समुद्र, नदी किनार आदि स्थानमा बस्छन् । असुर भनेको पनि एकप्रकारको प्रेत नै हो ।

माथि व्याख्या गरिएको अपाय भूमिहरू मध्ये प्रेत अपाय अन्तर्गत परदत्तूपजीवि प्रेतहरूले मात्र पुण्यलाई अनुमोदन गर्दा प्राप्त गर्न सक्छन्


Downloaded from http://www.dhamma.digital

भनिएको छ ।[७५] त्यस्तै जानुस्सोणी सूत्रमा तथागतले दिवंगत भएकाहरू सहि ठाउँमा भए पुण्य प्राप्त गर्छन् नत्र गर्दैनन् भन्नु भएको छ ।[७६] सहि ठाउँ भनेको पुण्य लाभ गर्न मिल्ने परदत्तूपजीवि प्रेत लोक हो भनिएको छ । त्यस्तै पुण्यको अपेक्षा गरे मात्र पुण्य अनुमोदन हुन सक्ने र अपेक्षा नहुँदा अनुमोदन हुन नसक्ने कुरा पनि बौद्ध साहित्यमा देख्न पाइन्छ । त्यस अनुसार दिवंगत भएर मनुष्यको रूपमा जन्मिए पनि पुण्य लिन सकिंदैन । किनभने मनुष्यहरूले जीवन भरमा पूर्व जन्मको नातेदारले पुण्य दिन्छ भनेर आशा गर्दैनन् र पुण्य पाउदैन । तर देव, ब्रह्मा भएमा उनीहरूले पछिल्लो जन्मको कुरा देख्न सक्ने भएको हुनाले चाहेमा पुण्य लाभ गर्न पनि सक्छन् । तर असञ्ञासत्व र अरूपी ब्रह्महरू यसभित्र पर्दैनन् ।

## ४.४.२ के सुगतिमा भएकाहरूले पुण्य लाभ गर्छन् ?

माथिको परिच्छेदमा दिवंगत भएकाहरूले पुण्य लाभ गर्छ वा गर्दैनन् भन्ने विषयमा चर्चा भइसकेको छ । त्यसैले यस शिर्षकमा सुगतिमा जीवित रहेकाहरूले पुण्य अनुमोदन गर्छ वा गर्दैन भन्ने बारे चर्चा गरिएको छ । मानिसहरूले स्वयं आफैले कुशल कर्म गरी पुण्य संचय गर्दै पुण्यको वृद्धि गर्न सक्छन् । त्यस्तै मानिसहरूले पुण्य वृद्धि गर्न सक्ने दोस्रो मार्ग अरूले गरेको पुण्यमा आफू अनुमोदन हुनु रहेको छ । सामान्य जीवनमा पुण्यको आवश्यक पर्ने गर्दछ र त्यस आवश्यकताको पूर्ति अरूले दिएको पुण्यबाट अथवा आशिर्वादबाट हुने गर्दछ । त्यसैले सुगतिमा बस्ने मान्छेहरूले पुण्य प्राप्त गर्न सक्छन् भन्न सकिन्छ । पालि साहित्यमा मानिसले अरूबाट पुण्य अनुमोदन भएर आशिर्वाद प्राप्त गरेको उदाहरणहरू थुप्रै देख्न सकिन्छ ।

---

७५ पूर्वोक्त पाद टिप्पणी संख्या ४९ पृ. ८६१ ।

७६ पूर्वोक्त पाद टिप्पणी संख्या ४८ पृ. २९६ ।


Downloaded from http://www.dhamma.digital

अंगुलिमाल सुत्तअनुसार एक अवस्थामा गर्भिनी आमाले बच्चालाई जन्म दिन नसकि छट्पटाई रहेको अंगुलिमाल भन्तेले देख्नुभयो। भन्तेले तथागतबाट सत्य वचन अथवा परित्राण सिक्नु भई, गर्भिनी आमाकहाँ गएर पाठ गर्नुभयो र त्यसबाट आशिर्वाद पाएकी आमाले सहज रूपमा बच्चालाई जन्म दिन सकेकी थिइन्। यस कथाबाट मानिसले जीवित रहँदै आशिर्वाद प्राप्त गर्न सक्छन् भन्ने देखिन्छ।

रसवाहिनीमा आउने तेभातिक कथाअनुसार तीन दाजुभाइमध्ये कान्छो भाइले गरेको पुण्यलाई, जेठा दाइ र माइलो दाइले अनुमोदन गरेको कारणले अर्को जन्ममा राजा बन्न र भिक्षु बन्न समेत पाएका थिए। यसबाट पनि पुण्यलाई अनुमोदन गर्न सकिन्छ भन्ने बुझिन्छ। त्यस्तै पछिल्लो परिच्छेदहरूमा उल्लेख गरिएका दीर्घायु कुमारको कथा, महाकाश्यप भन्ते, महाचुन्द भन्तेको कथाहरूबाट पनि यसै जन्ममा पुण्यलाई अनुमोदन गरेर सुस्वास्थ्य दीर्घायु भएको व्याख्या पाइन्छ। त्यस्तै वर्तमान समयमा बौद्ध-अबौद्ध सबैले आ-आफ्ना तरिकाहरूबाट दान आदि असल कार्य, पुण्य कार्य गर्दै साथी-भाइ, आफन्तहरूको सुस्वास्थ्य, दीर्घायु, मंगल-मैत्री आदि कामना गर्दै पुण्य अनुमोदन गरेको देखिन्छ। पुण्य अनुमोदन गर्नेहरूले फेरि-फेरि पनि कुशल गरेर पुण्य दिएको पनि देखिन्छ। यस विषयमा उनीहरू सँग प्रश्न गर्दा त्यस पुण्यानुमोदनबाट छोरा-छोरी आदिको राम्रो भएको र फेरि-फेरि गर्न प्रेरित भएको बताउछन्। त्यसैले यसबाट पनि जीवित रहेकाहरूले पुण्यलाई अनुमोदन गर्न सक्छन् भन्न सकिन्छ।

त्यस्तै गरी देव-ब्रह्माहरूले पुण्यलाई अनुमोदन गर्न सक्छन् त ? भन्दा रूपावचरको असञ्ञासत्व र अरूपी ब्रह्माहरू बाहेक अन्य देव-ब्रह्माहरूले चाहेको खण्डमा पुण्य प्राप्त गर्न सक्छन् भन्न सकिन्छ। यहाँ उल्लेख गरिएको असञ्ञासत्व ब्रह्माहरूको चित्त नहुने भएकोले


Downloaded from http://www.dhamma.digital

कुनै पनि चित्त उत्पन्न हुँदैन । त्यस्तै गरी अरूपी ब्रह्महरूको रूपकाय अथवा शरीर हुँदैन चित्त मात्र हुने गर्दछ । त्यसैले उनीहरूले पुण्यलाई अनुमोदन गर्न सक्दैनन् । उनीहरू बाहेक अन्य ६ वटा देवलोकका देवहरूले र १५ वटा रूपावचरको ब्रह्महरूले पुण्यलाई अनुमोदन गर्न सक्छन् । यस विषय धम्मचक्कवपत्तन सूत्रबाट स्पष्ट हुन्छ । किनभने बुद्धको प्रथम धर्मदेशनापछि ती देव-ब्रह्माहरूले साधुकार दिंदै अनुमोदन गरेका थिए । त्यस्तै रतन सुत्त, पाटलिगामिय सुत्तहरूमा देवताहरूलाई पुण्य दिइने बारेमा उल्लेख भएअनुसार पनि देव-ब्रह्माहरूले पुण्यलाई अनुमोदन गर्न सक्छन् भन्न सकिन्छ ।


Downloaded from http://www.dhamma.digital

# अध्याय - पाँच

# पुण्यानुमोदनको परम्परा

## ५.१ पुण्यानुमोदनको परम्परा

थेरवाद बुद्धधर्ममा असाध्यै राम्रो र अर्थान्वित एउटा परम्परा रही आएको छ । जुन पुण्यानुमोदनको रूपमा बुद्धकालीन समयदेखि हालसम्म विद्यमान रहेको देख्न सकिन्छ। परम्परा एक यस्तो विषय हो, जहाँ आफूले पाएको असल शिक्षाहरू एक पुस्ताबाट नयाँ पुस्तालाई संस्कारको रूपमा हस्तान्तरण गरिन्छ। यसरी परम्परालाई सयौं वर्षदेखि एक पुस्ताले अर्को पुस्तालाई सुरक्षित र व्यवहारिक तवरमा सुम्पिदै आएको हुन्छ। थेरवाद बुद्धधर्मभित्र रहेको पुण्यानुमोदनको परम्परा पनि यस्तै रहेको छ ।

तथागत बुद्धले नै शुभारम्भ गर्नु भएको यस पुण्यानुमोदन गर्ने परम्परालाई कतिपय मानिसहरूले कर्मकाण्डको रूपमा व्याख्या गरेको सुन्न पाइन्छ । तर बुद्धधर्ममा रहेको यस परम्परालाई कर्मकाण्डको नामकरण गर्न मिल्दैन । किनभने यो परम्परा अर्थान्वित र व्यवहारिक रहेको छ। यस परम्पराको आचरण अभ्यासबाट यस लोकमा रहेकाहरू र परलोक गएकाहरूको मंगल भएको छ ।[७७] यस परम्पराको आरम्भ किंवदन्तिबाट सुरु नभई बुद्धको समयमै सुरु भएको तिरोकुड्ड सुत्त वण्णनामा व्याख्या गरिएको छ । त्यसैले यो परम्परा बिना अर्थ गरिंदै आइरहेको र सुनेको भरमा पनि गरिंदै आएको होइन । त्यसकारण बुद्धधर्ममा रहेको पुण्यानुमोदनको परम्परालाई कर्मकाण्ड भन्न सकिदैन ।

---

७७ पूर्वोक्त पाद टिप्पणी संख्या ७२, पृ. ३२ -३३ ।


Downloaded from http://www.dhamma.digital

पालि साहित्य अनुसार यस पुण्यानुमोदनको परम्परालाई केलाउदै जाँदा यसको आरम्भ तथागत शास्ता जीवमान रहनु भएको समयमै भएको हो भन्ने प्रमाण पालि साहित्यमा पाइन्छ । बिम्बिसार राजाले दुस्वप्न देख्नुभयो र बुद्ध कहाँ गई यस बारेमा अवगत गराउँदा पुण्यानुमोदन गर्नुपर्ने बताउनु भयो । त्यसपछि राजाले तथागतले आज्ञा गर्नु भए अनुसार पुण्य संचित गरेर दिवंगत भएकाहरूलाई पुण्य अनुमोदन गर्नुभयो । यस घटना ईसा पूर्व ५०० मा घटित भएको थियो । त्यसअनुसार पुण्यानुमोदन परम्पराको आरम्भ बुद्धत्व लाभको प्रथम वर्षमा भएको थियो । यस सम्बन्धी व्याख्या तिरोकुड्ड सुत्त वण्णनामा पाइन्छ ।

जाणुस्सोणी सुत्तमा के श्राद्धको फल पितृहरूले पाउँन सक्छन् ? भनेर जाणुस्सोणी ब्राह्मणले प्रश्न गरेको र बुद्धले त्यस सम्बन्धी व्याख्या गर्नु भएको देखिन्छ।[७८] यो सूत्र श्रावस्तीमा देशना गरिएको थियो। त्यस्तै बुद्धले पाटलिगामिय सुत्तमा देवीदेवताहरूलाई पुण्य अनुमोदन गर्दा हुने फाइदाहरू देशना गर्नु भएको छ। यसबाट देवताहरूलाई पुण्य अनुमोदन गर्ने चलन पनि बुद्धको समयमै भएको देखिन्छ। त्यस्तै गरी महाकस्सप आदि बोज्झंग सुत्तहरूमा परित्राण सज्झायना गरी रोगी भिक्षुहरूलाई आशिर्वाद गरेको र त्यसपछि रोग निको भएको देखिन्छ। त्यस्तै दीर्घायु कुमारलाई सातदिनसम्म परित्राण गरेर आशिर्वाद दिएपछि उनी १२० वर्षसम्म आयु भएको धम्मपदट्ठकथामा उल्लेख छ। यी सबै विषयहरूको अध्ययन गर्दा पुण्यानुमोदन परम्पराको आरम्भ तथागत बुद्धको समयमै भएको देखिन्छ। त्यस्तै राजगृहबाट शुभारम्भ भएको यस परम्परा पछि अन्य नगर राज्यहरूमा फैलिदै गएको पनि माथि उल्लेख गरिएको विषयवस्तुहरूले जनाउँछ। पालि साहित्य अनुसार भिक्षुहरू वर्षावासको

---

७८ पूर्वोक्त पाद टिप्पणी संख्या ४८, पृ. २९६ ।


Downloaded from http://www.dhamma.digital

समयमा पनि धर्म-प्रचार गर्दै हिँडेको कारणले वर्षावास बस्नु पर्ने विनय नीति बुद्धले बनाउनु भएको थियो ।[७९] त्यसरी धर्म प्रचार-प्रसार हुँदा जहाँसम्म बुद्धधर्म फैलियो त्यहाँसम्म बुद्धको समयमा र त्यसपछि पनि धर्म सँग-सँगै यस पुण्यानुमोदनको परम्पराले जरो गाडेको पाइन्छ ।

## ५.२ श्रीलंकामा बुद्धधर्म र पुण्यानुमोदनको परम्परा

तथागत बुद्धकै समयमा यस परम्परा जम्बुद्वीपभन्दा बाहिर देशहरूमा पनि फैलिएको देखिन्छ । श्रीलंकाको दीपवंश, महावंश जस्ता वंशावलीअनुसार तथागत बुद्ध श्रीलंकामा तीन पटक पाल्नु भएको उल्लेख छ ।[८०] बुद्धत्वको नवौं महिनामा महियंगन जानु भई यक्ष दमन गर्नुभयो र नागदीपमा बुद्धत्वको पाँचौं वर्षमा जानु भई चुलोधर र महोधर राजाहरूको बीच हुन गएको झगडालाई सुल्झाई दिनुभयो । त्यसपछि धर्म-देशना गरी सबैलाई बौद्ध उपासक-उपासिका बनाउनु भएको व्याख्या त्यस वंशावलीमा पाइन्छ । बुद्धत्वको आठौं वर्षमा क्यालणीमा संघसहित जानु भई हिरा जडित सिंहासनमा बुद्ध बस्नुभयो र मणि अक्खिक राजाले बुद्ध प्रमुख संघलाई भोजन दान दिनु भएको पनि उल्लेख भएको पाइन्छ । जहाँ दान आदि पुण्य कार्य हुन्छ, त्यहाँ पुण्यानुमोदन पनि अवश्य नै गरिन्छ । त्यसैले यसबाट त्यस समयमा दान आदि कुशल कर्म गरी पुण्य अनुमोदन पनि गरिएको भन्न सकिन्छ । त्यसैले बुद्धको समयमै यस परम्परा विदेशी राज्यहरूमा गएको भन्न सकिन्छ ।

## ५.३ नेपालमा बुद्धधर्म र पुण्यानुमोदनको परम्परा

त्यस्तै नेपालको परिवेशमा – विपस्सी, कोणागमन, ककुसन्ध बुद्धहरू नेपाल भ्रमणमा आउनु भएको उल्लेख स्वयम्भू पुराणमा पाइन्छ ।

---

७९ वस्सुपनायिक खन्दक, *महावग्गपालि*, विनय पिटक, तिपिटक डट् एल्के एप्लिकेशन् ।

८० आनन्द प्रधान (अनु.), *महावंश*, लुम्बिनीः भिक्षु ज्ञानेन्द्र, वि.सं २०७४, पृ. १-७ ।


Downloaded from http://www.dhamma.digital

त्यसैले नेपालमा बुद्धधर्म भित्रिएको केवल गौतम बुद्धको समयमा मात्र नभई अन्य बुद्धहरूको पालादेखिनै समय-समयमा भित्रिएको देखिन्छ। महावस्तु अवदान अनुसार दीपावतीनगरका राजा अर्चिष्मान र रानी सुदीपाको कोखबाट जन्मनु भई दीपंकर बोधिसत्वले बुद्धत्व लाभ गर्नु भएको थियो। यहाँ उल्लेख गरिएको दीपावतीनगर नेपालको ललितपुरको गूईतः टोल भनि चिनिएको छ। त्यस्तै त्यहाँ सर्वानन्द राजाले दीपंकर बुद्धलाई निमन्त्रणा गरी दान दिएको पनि उल्लेख छ।

कपिसावदान अनुसार ज्ञानाकार नामक बाँदरले किंसुक नामक वनमा दीपंकर बुद्धलाई कटहर फल दान दिई मृत्युपश्चात दानको फल स्वरूप किमार्थी नगरको सेंठको परिवारमा मनुष्य भई जन्म लिएको थियो । उनको नाम धर्मश्री राखिएको थियो । उनी बाल्य कालमा बालुवामा खेलिरहँदा दीपंकर बुद्ध भिक्षाटनमा आउनु भएको थियो। त्यस बेला उनले बुद्धको पात्रमा बालुवा राखि यो चामल, यो गहुँ इत्यादि नाम लिदै दान दियो। उनले भने बमोजिम नै त्यो बालुवा चामल इत्यादिमा परिणत भएको कपिसावदानमा उल्लेख भएको देखिन्छ । पछि त्यस बालक सर्वानन्द नामक राजा भई बुद्धलाई पंचदान आदि दिएको पनि उल्लेख छ।

स्वयम्भू पुराण अनुसार सत्य युगमा बन्धुमति नगरबाट तथागत विपस्सी बुद्ध काठमाडौं उपत्यकामा आउनु हुँदा यस उपत्यका पानीले भरिएको विशाल दहको स्वरूपमा रहेको थियो । बुद्धले त्यस दहमा कमलको बिऊ बिजारोपण गर्नुभयो र त्यस बिऊबाट सहश्रदल कमलको फूल फुली त्यसबाट आदि बुद्ध स्वयम्भू ज्योतिरूप उत्पन्न भयो। यस ज्योतिमय रूप हेर्न अरूणावति नगरबाट तथागत शिखि र वेस्सभू आउनु भएको पनि उल्लेख छ। त्रेतायुगमा महाचीनबाट मञ्जुश्री बोधिसत्व आउनु भई पानी पठाएर बस्ती बसाल्नु भएको पनि वर्णन छ। त्यसपछि


Downloaded from http://www.dhamma.digital

ककुच्छन्द, कनकमुनि, काश्यप तथागत बुद्धहरू पनि पाल्नु भई धर्म-उपदेश दिनु भएको थियो । वाराणासीबाट आउनु भएका प्रचण्ड देव उपत्यका आउनु भई काश्यप बुद्धको आज्ञानुसार स्वयम्भू ज्योति दर्शन गर्नुभयो । उनी भिक्षु शान्तश्री भई पछि शान्तिकराचार्य हुनुभयो र यस स्वयम्भू ज्योतिलाई ढाकेर स्तूप बनाउनु भएको उल्लेख पनि छ । यस स्वयम्भू पुराण अनुसार नेपालमा शाक्यमुनि बुद्धभन्दा पूर्वदेखिनै बुद्धधर्म प्रचार भएको देखिन्छ ।[८१] यी समय अवधिभित्र बुद्धहरूले पुण्यानुमोदनको परम्परालाई धर्म सँग-सँगै स्थापित गरेको मान्न सकिन्छ ।

पालि साहित्यअनुसार शाक्यमुनि बुद्धले बुद्धत्व लाभ गरिसकेपछि शुद्धोदन राजाको निमन्त्रणामा अरहन्त भिक्षु संघको साथ कपिलवस्तुमा जानु भएको थियो । त्यहाँ निग्रोधाराम विहारमा बस्नु हुँदै आफन्तजनहरूलाई धर्मदेशना गर्नुभयो । त्यस्तै भाइ नन्द र छोरा राहुललाई प्रवजित गराउनु भयो । यसरी शाक्यमुनि बुद्धको समयमै नेपालमा बुद्ध शासन स्थापना भएको देखिन्छ ।[८२] त्यस्तै डानियल राइटको वंशावली अनुसार सातौं किराँती राजा जितेदस्तीको पालामा गौतम बुद्ध नेपालमा आउनु भएको उल्लेख भेटिन्छ । यसबाट पनि नेपालमा बुद्धकालीन समयदेखिनै बुद्धधर्म रहँदै आएको बुझिन्छ । कुशल कर्मसँगै जोडिएको संस्कार पुण्यानुमोदन हो । जुन कुशल कार्यपछि अनुमोदन गरिन्छ । त्यसैले यस पुण्यानुमोदन परम्परा बुद्धको समयमै नेपालमा पनि भित्रिएको मान्न सकिन्छ ।

## ५.४ सम्राट अशोकद्वारा बुद्धधर्मको प्रचार

विनय अट्ठकथा समन्तपासादिका, श्रीलंकाको वंशकथा दीपवंश र महावंश आदि पालि साहित्य ग्रन्थहरूमा तेस्रो संगायनाको बारे

८१ शाक्य, मीन बहादुर. शान्तहर्ष बज्राचार्य (अनु.), *स्वयम्भू पुराण,* ललितपुरः नागार्जुन बौद्ध अध्ययन संस्था, वि.सं. २०५८, पृ. २२५ ।

८२ भूवनलाल प्रधान, *नेपालमा बौद्धधर्म*, काठमाडौंः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, वि.सं. २०४५, पृ.२२,२५ ।


Downloaded from http://www.dhamma.digital

व्याख्या गरिएको छ। त्यस ग्रन्थअनुसार अशोक राजाको समय हुँदासम्म बुद्धशासनमा निर्मल धर्म पाउन गाऱ्हो भैसकेको थियो। विभिन्न मतधारी र दुश्शीलवान् धेरै मात्रामा भएको कारण संगायनाको पनि आवश्यकता देखिएको थियो। यस विषयलाई अशोक राजाले बोध गरी सर्वप्रथम त आफू नै प्रमुख भएर दुश्शील र विभिन्न मतधारीहरूलाई सासनबाट हटाई बुद्ध सासन फेरि पवित्र बनाई दिनुभयो। त्यसपश्चात राजाको अनुग्रहमा र मोग्गलिपुत्त थेरको प्रमुखतामा एक हजार अरहत् भिक्षुहरूको साथमा तेस्रो संगायना बुद्ध परिनिर्वाणको दुईसय वर्षपछि पाटलिपुत्त नगरको अशोकाराम विहारमा गरियो।[८३] यसबाट त्रिपिटक पनि पूर्ण भयो र बुद्ध सासनको चिरस्थायी र विस्तार पनि भयो। यसको फल स्वरूप जम्बुदीप र त्यसभन्दा बाहिरको देशहरूमा बौद्ध धर्मको प्रचार-प्रसार हुन पुग्यो। यसमा राजाको पूर्ण अनुग्रह र प्रमुखता थियो। यसरी विभिन्न ९ वटा देशहरूमा धर्मदुत मण्डलहरू पठाइएको थियो।[८४] ती निम्न अनुसार छन्।

क) काश्मीर – गन्धार : मज्झन्तिक थेर लगायत परिषद्

ख) योनक देश (ग्रिक) : महारक्खित थेर लगायत परिषद्

ग) अपरान्त प्रदेश : धम्मरक्खित थेर लगायत परिषद्

घ) महिष मण्डल : महादेव थेर लगायत परिषद्

ङ) वनवासि (प्रदेश दक्षिण भारत) : रक्खित थेर लगायत परिषद्

च) हिमाल प्रदेश : मज्झिम थेर लगायत परिषद्

छ) स्वर्ण भूमि (थाईल्याण्ड/म्यान्मार) : सोण थेर लगायत परिषद्

ज) महारट्ठ (महाराष्ट्र) : महाधम्मरक्खित थेर लगायत परिषद्

झ) तम्बपण्णी देश (श्रीलंका) : महेन्द्र थेर लगायत परिषद्

८३ पूर्वोक्त पाद टिप्पणी संख्या ८०, पृ. ३६।

८४ पूर्वोक्त पाद टिप्पणी संख्या ८०, पृ. ६०।


Downloaded from http://www.dhamma.digital

यसरी माथि उल्लेख गरिएको व्याख्या अनुसार ९ वटा देशहरूमा बुद्धधर्म प्रचार-प्रसार भएको देखिन्छ । धर्मको साथ-साथै धर्मसँग जोडिएको संस्कार, परम्परा पनि ती देशहरूमा गएको बुझिन्छ । त्यस्तै ती देशहरूमा बुद्धधर्म स्थापना भए सँगै विभिन्न निमित्त लिएर दान आदि पुण्य कार्य गर्न र पुण्य अनुमोदन गर्न पनि ती देशवासीहरूले सिकेकोमा दुई मत हुन सकिदैन । किनभने हालसम्म पनि बुद्धधर्म रहिरहेका श्रीलंका, बर्मा, थाइल्याण्ड देशहरूमा विभिन्न निमित्त राख्दै कुशल कार्य गरी पुण्यानुमोदन गर्दै आएको देख्न सकिन्छ ।

उदाहरणार्थ श्रीलंकामा तेस्रो संगायना पश्चात धर्माशोक राजाले आफ्नो छोरा महेन्द्र अर्हत् भन्ते लगायत परिषद्लाई धर्म प्रचार हेतु श्रीलंकामा पठाउनु भयो । त्यसपछि छोरी संघमित्ता भिक्षुणी लगायत परिषद्लाई पनि पठाउनु भयो । त्यसपछि श्रीलंकामा भिक्षु र भिक्षुणी शासन स्थापित गरिएको दीपवंश, महावंश आदि ग्रन्थहरूमा देख्न सकिन्छ। विशेष गरी महावंशको १३, १५, १६, १७, १८, १९ परिच्छेदहरूमा महेन्द्रागमन, महाविहार परिग्रहण, चैत्य पर्वत विहार परिग्रहण, धातु, बोधि आगमन आदि बारे व्याख्या गरिएको छ। त्यसरी बुद्ध शासन त्यहाँ स्थापित हुँदै जाँदा विहार स्तूपको आवश्यकता परेपछि त्यस समयमा श्रीलंकाको देवानंपियतिस्स राजाले सुरूमा केही समय बिताउनको लागि कालप्रसाद नामक विहार बनाई दान दिनु भएको थियो । त्यसपश्चात अनुराधपुरको महमेवुनामा महाविहार बनाई संघलाई दान दिनुभयो । त्यस्तै गरी राजाले अनुराधपुर नगरमै गौतम बुद्धको अस्तु धातु (सर्वज्ञ धातु) राखेर थुपाराम चैत्य निर्माण गराउनु भएको देखिन्छ । त्यस्तै गरी पुजा सत्कार गर्नलाई बुद्धगयाबाट श्रीमहाबोधिको अंकुर शाखा संघामित्ता थेरीले श्रीलंकामा लग्नु भई अनुराधपुरमा रोपण गरेको पनि देखिन्छ । यी असल कार्यहरूबाट संचित पुण्य महेन्द्र भन्तेले राजा लगायत श्रीलंकावासीहरूलाई अनुमोदन गराउनु भएको हुन सक्छ ।


Downloaded from http://www.dhamma.digital

किनकि बुद्ध शासनमा पुण्य कार्यपछि अनिवार्य रूपमा पुण्यानुमोदन गर्ने प्रचलन बुद्धकालीन समयदेखि रहँदै आएको छ । यसप्रकार श्रीलंकामा पुण्यानुमोदको अनुशरण भए जस्तै अन्य देशहरूमा पनि बुद्धधर्म सँग सँगै पुण्यानुमोदनको परम्पराले जरो गाडेको थियो भन्न सकिन्छ ।

## ५.५ पुण्यानुमोदनको परम्परा सुरक्षा गर्न श्रीलंका, बर्मा, थाइल्याण्ड देशहरूको भूमिका

माथि उल्लेख गरिएका देशहरू मध्ये श्रीलंका, बर्मा, थाइल्याण्डलाई बुद्ध शासन इतिहासमा सुविशेष स्थान प्रदान गरिएको छ । किनभने यी तीनवटा देशहरूले बुद्धधर्मलाई सुरक्षित राख्न आफ्नो अमुल्य जीवन दान समेत गरेका छन् र अनगिन्ति दुःख कष्ट भोगेका छन् । वलगम्बा राजाको युगमा श्रीलंकामा भएको (ब्यमिनिटि सागत) अनिकाललाई उदाहरणको रूपमा लिन सकिन्छ । उनीहरूले गरेको त्यस योगदानको कारण हालसम्म बुद्धधर्म पवित्र र सुरक्षित रूपमा रहेको छ ।

तेस्रो संगायना पश्चात श्रीलंका, बर्मा, थाइल्याण्डले बुद्धधर्म पाए पनि त्यहाँ अखण्ड रूपमा बुद्धधर्म रहन सकेन । विभिन्न राजनीतिक समस्याहरू, युद्धहरू उत्पन्न भएको कारणले कालन्तरमा बुद्धधर्म लोप हुँदै जाँदा त्यहाँ दुश्शीलहरू बढेर धर्म विनय पनि अपवित्र हुँदै गएको देखिन्छ। तर यी तीन देशहरूमा एकै समयमा बुद्धधर्म अथवा बुद्ध शासन त्यस्तो परिहानि नभएको कारण  एउटा देशमा बुद्धशासन परिहानितिर जाँदा अर्को देशबाट फेरि बुद्ध शासन ल्याएर स्थापित गरेको देखिन्छ। यी देशहरूले मूल बुद्ध धर्मलाई नै एक आपसमा बाँड्दै गुरू शिष्य परम्पराले हालसम्म सुरक्षित गर्दै आएका हुन् ।[८५]

---

८५ महलेकम्, सेनेविरत्न, ***दहम् पासल अवसान सहतिक पत्र विभाग- बौद्ध संस्कृतिय***, कोलम्बोः बौद्ध कटयुतु देपार्तुमेन्तुव, ई. २०१०, पृ. २९२,३०५ ।


Downloaded from http://www.dhamma.digital

अर्हत् महेन्द्र भन्तेले श्रीलंकामा स्थापना गर्नु भएको बुद्ध शासन सयौं वर्षसम्म रह्यो । तर प्रथम विजयबाहु राजाको समयमा श्रीलंका चोल राज्यको अधिनमा थियो र त्यस समयमा बुद्धशासनमा ठूलो क्षति हुन पुगेको थियो । उक्त समयमा उहाँले चोल राज्यसँग युद्ध गरी श्रीलंकालाई मुक्त गराउन सफल हुनुभयो । त्यस समयमा बर्मामा बुद्ध शासन जाज्वल्यमान भैरहेको थियो र उक्त समयमा बर्मामा राजा अनुरूद्धले शासन गरिरहेको थियो । प्रथम विजयबाहु राजाले अनुरूद्ध राजालाई श्रीलंकामा बुद्धशासन परिशुद्ध गर्न धर्मधर र विनयधर भिक्षुहरू पठाउन दुत संदेश पठाउनु भयो । त्यसपछि बर्माबाट पाल्नु भएका भिक्षुहरूद्वारा गरिएको उपसम्पदा पश्चात श्रीलंकाको महाविहार भिक्षु परम्पराले नयाँ उर्जा प्राप्त गरेको थियो । प्रथम विजयबाहु राजाको राज्य काल ई. १०५५ - १११० लाई मानिन्छ ।[८६]

त्यस्तै श्रीलंकाको महापराक्रमबाहु राजाको समयमा बर्माबाट छप्पट नामक श्रामणेर बर्माको त्यस बेलाको संघनायक उत्तरजीव भन्तेसँग श्रीलंकामा आउनु भएको थियो । छप्पट श्रामणेरले महाविहारमा उपसम्पदा प्राप्त गरी धर्मको अध्ययन गरी फेरि बर्मा फर्कनुभयो । त्यस बेला सिथु राजाले बर्मामा राज्य संचालन गरिरहेको थियो । राजाले छप्पट लगायत भिक्षुहरूलाई स्वागत गर्नुभयो र छप्पट भिक्षुको अनुरोधमा बर्मामा रहेका धेरै भिक्षुहरूले फेरि उपसम्पदा प्राप्त गरेका थिए । यस सँग सँगै बर्मामा सिहल संघ निकायको प्रारम्भ भयो र यस संघलाई साथ नदिएका भिक्षुहरूले मरम्म संघ निकायको सुरुवात गरे ।[८७]

ई.१४७० - १४७८ मा श्रीलंकामा राजा चौंथो भुवनेकबाहुले शासन गर्नु भएको थियो । उहाँको समयमा बर्माको धम्मचेतिय

---

८६ पुर्वोक्तपाद टिप्पणी संख्या ८५, पृ. २९२ ।

८७ पुर्वोक्तपाद टिप्पणी संख्या ८५, पृ. २९३ ।


Downloaded from http://www.dhamma.digital

राजाले बुद्धशासनलाई सुरक्षित गर्नुको साथै निकायहरूलाई एककृत गर्नलाई पनि पुनः श्रीलंकाबाट बुद्धशासन ल्याउनु पर्ने बोध गर्नुभयो । त्यसपश्चात बर्माबाट २२ जना भिक्षु र २२ जना श्रामणेर श्रीलंकामा पठाएर उपसम्पदा गराई पुनः बर्मामा फर्काउनु भयो । त्यसपश्चात बर्मामा बुद्ध शासन निर्मल हुन गयो ।[८८]

त्यस्तै गरी ई.१८०२ मा श्रीलंकामा अमरपुर निकायको प्रारम्भ बर्माबाट उपसम्पदा भएर आउनु भएका श्रीलंकाको भिक्षुहरूले गरेका थिए । यस निकाय उत्पन्न हुनुको मुख्य कारण कीर्ति श्री राजसिंह राजाले उपसम्पदा हुनलाई गोविकुललाई अथवा कृषक कुललाई मात्र दिनु भयो । त्यसैले अन्य कुलहरूबाट प्रवजित उपसम्दा हुन नपाएका कारण अमरपुर निकायको आरम्भ हुन गयो ।[८९] यस निकाय सुरु हुनुभन्दा अगाडि कीर्ति श्री राजसिंह राजाको ( ई.१७४७ - १७८२) समयमा व्यालिविट शरणंकर श्रामणेरको प्रयासमा थाइल्याण्डबाट पाल्नु भएका उपालि भन्ते लगायत संघद्वारा व्यालिविट शरणंकर श्रामणेर लगायत अन्य श्रामणेरहरूको उपसम्पदा गरिएको थियो ।[९०] त्यसरी उपसम्पदा भएका भिक्षुहरूको निकाय पछि गएर सियाम निकाय हुन गयो । यस निकायमा गोविकुलमा जन्मेकाहरूले मात्र प्रवजित उपसम्पदा प्राप्त गर्न सक्ने नियम कीर्ति श्री राजसिंह राजाले बनाउनु भएको थियो । त्यस्तै गरी बलगम्भा राजाको समय (ई.पू १०३ - ७७) मा श्रीलंकाको मातले अलुविहारमा त्रिपिटकलाई ग्रन्थारूढ गरियो । बर्मामा पनि ई. १८७१ मा पाँचौं संगायना मिन्दोमिन् राजाले गराउनु भयो र ई. १९५४ - १९५६ मा छैठौं संगायना त्यहाँको सरकारले गरेर पुनः बुद्धधर्मलाई पवित्र बनाएको थियो ।[९१] यसरी मूल

---

८८ पुर्वोक्त पाद टिप्पणी संख्या ८५, पृ. २९५,२९६ ।

८९ पुर्वोक्त पाद टिप्पणी संख्या ८५, पृ. २९७ ।

९० पुर्वोक्त पाद टिप्पनि संख्या ८५, पृ. ३०९ ।

९१ पुर्वोक्त पाद टिप्पनि संख्या ८५, पृ. २९८ ।


Downloaded from http://www.dhamma.digital

बुद्धशासनको परम्परा सुरक्षित गर्न यी तीन देशहरूले महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ र यसै माध्यमबाट पुण्यानुमोदनको परम्परा पनि सुरक्षित भएको मानिन्छ ।

## ५.६ नेपालमा थेरवाद बुद्धधर्मको पुनर्जागरण र पुण्यानुमोदन

नेपालको इतिहास अनुसार ई. ८७९ - १७६९ सम्मको अवधिलाई मध्यकाल भनिन्छ । यस समयभित्र थेरवाद बुद्धधर्मको पतन भएको मानिन्छ । ई. १३८२ मा जयस्थितिमल्ल नेपालको राजा भएपछि जाति विभाजन र भिक्षुहरू पनि गृहस्थ भई काम गर्नुपर्ने नीति लागु गरेपछि थेरवाद बुद्धधर्म बिस्तारै ऱ्हास हुँदै गएको थियो र बुद्धधर्म सुरक्षित गर्न हेतु बज्रयानको विकास भएको पनि मानिन्छ ।[९२] नेपालमा थेरवाद बुद्धधर्ममा प्रहार परे जस्तै भारतमा पनि बुद्धधर्म माथि प्रहार परेको देखिन्छ । डा. रीना तुलाधरले नेपालमा थेरवाद बुद्धधर्म एक अध्ययनको सम्पादकीयमा उल्लेख गर्नु भएअनुसार करिब १७४५ वर्षसम्म बुद्धधर्मले भारतमा जग बसाले पनि मुसलमान शासक यवन वख्तियार खिलजिले बुद्धधर्म भारतबाटै उखेलिदिएको देखिन्छ । यसरी नेपाल र भारतमा बुद्धधर्म माथि निरन्तर आक्रमण भएपछि करिब ७०० वर्षसम्म यस धर्म अज्ञात रह्यो । त्यसरी दबाइएको थेरवाद बुद्धधर्मको पुनर्जागरण श्रीलंकाको अनगारिक धर्मपालको उदयसँगै सुरु भएको पनि डा.तुलाधरले उल्लेख गर्नु भएकी छिन् ।[९३] उहाँको अवधि ई. १८६४-१९३३ सम्म रहेको थियो । यीनै अनगारिक धर्मपाल भारतको बौद्ध तिर्थ यात्रा आउनु हुँदा त्यहाँको नाजुक स्थिति देख्नु भई भारतमा पुनः बुद्धधर्म जागरण गर्ने अधिष्ठान गर्नुभयो । यसकै फल स्वरूप उहाँले बुद्धगयामा महाबोधि सोसाईटि

९२ भिक्षु कोण्डञ्य, *संस्मरण चन्द्रकुमार गुर्जु,* काठमाडौं: प्रथम कमल लगायत, वि.स २०६६, पृ.५४ ।

९३ डा.रीना तुलाधर, नेपालमा थेरवाद-बुद्धधर्म एक अध्ययन, काठमाडौं: नेपाल प्रज्ञा-प्रतिष्ठान, वि.सं.२०७२, पृ. १४ ।


Downloaded from http://www.dhamma.digital

स्थापना गर्नुभयो ।[९४] त्यस्तै महाबोधि मासिक पत्रिका पनि प्रकाशन गर्नुभयो । यसरी उहाँले थेरवाद बुद्धधर्मको पुनर्जागरण गर्नुभयो ।[९५]

यसै अवधिमा काठमाडौंबाट जगतमान वैद्य कलकत्तामा जानु भएको थियो । वैद्यको भेट अनगारिक धर्मपालसँग भयो र थेरवाद बुद्धधर्म अपनाएर नेपालमा पनि यस धर्मको पुनर्जागरण गर्न प्रेरित हुनुभएको विषय नेपालमा थेरवाद - बुद्धधर्म एक अध्ययनको सम्पादकीयमा डा.रीना तुलाधरले उल्लेख गर्नु भएकी छिन् ।[९६] उहाँ अनगारिक धर्मपालसँग यति प्रभावित हुनुभयो कि नाम समेत परिवर्तन गरी धर्मादित्य धर्माचार्य राखे । उहाँले नेपालमा थेरवाद बुद्धधर्मको पुनर्जागरण सुरु गर्नु हुँदा नेपालमा राणा शासन चलिरहेको थियो । यस शासनको समय आधिकारिक रूपमा वि.स १९८० देखि गणना गरिन्छ । उहाँ नेपालमा आउनु भई असनको धर्ममान साहूको पूजा कोठामा नेपाल उपासक र उपासिका संघको स्थापन गर्नु हुँदै थेरवाद बुद्धधर्मको पुनरुत्थानमा लाग्नुभयो । त्यसपछि थेरवाद बुद्धधर्मको विकाश गर्न अन्य धेरै व्यक्तित्वहरूको योगदान रहेको देख्न सकिन्छ । ती मध्ये धर्मादित्य धर्माचार्य, महाप्रज्ञा, भिक्षु प्रज्ञानन्द, भिक्षु धर्मालोक, भिक्षु सुबोधानन्द, भिक्षु अमृतानन्द, भिक्षु कुमार काश्यप, भिक्षु अश्वघोष प्रमुख हुन् ।[९७] त्यस्तै यस पुनर्जागरणमा योगदान पुऱ्याउने बर्मेली भिक्षु चन्द्रमणी महास्थविर पनि हुन् । महाप्रज्ञा आदि भिक्षुहरूले उहाँबाटै प्रवज्या र उपसम्पदा ग्रहण गर्नु भएका थिए ।

---

९४ रत्नसुन्दर शाक्य, *बौद्ध जगतका स्मरणीय व्यक्तिहरू - भाग १,* काठमाडौं: भिक्षु महानाम स्थविर, वि.स २०४९, पृ. १०३ ।

९५ पुर्वोक्त पाद टिप्पनि संख्या ९४, पृ. १०३ ।

९६ डा.रीना तुलाधर, *नेपालमा थेरवाद-बुद्धधर्म एक अध्ययन*, काठमाडौं: नेपाल प्रज्ञा-प्रतिष्ठान, वि.सं.२०७२ पृ. सम्पाकीय ।

९७ ऐजन ।


Downloaded from http://www.dhamma.digital

प्रायः ती भिक्षुहरू सुरुमा किण्डोल बहामा बस्नु हुँदै धर्म प्रचार-प्रसार गर्नु भएको थियो । त्यस बहामा तिशरणसहित पञ्चशील, अष्टशील पालना गराउने, बुद्ध पूजा, परित्राण पाठ गर्ने, जस्ता चलन भिक्षु प्रज्ञानन्दबाट सुरु भएको कुरा अनागारिका धम्माचारीको जीवनीमा उल्लेख गरिएको छ। त्यस्तै यस बहामा विभिन्न भिक्षुहरूबाट धर्म-देशना भएको कुरा विभिन्न भन्ते, अनागारिकाहरूको जीवनी अध्ययनबाट थाह पाउन सकिन्छ ।

त्यसरी नै आनन्द कुटी विहारको अध्ययन गर्दा भिक्षु धर्मालोकले वि.स १९९८ मा एउटा सानो कुटीको रूपमा स्थापना गरेको देखिन्छ ।[९८] त्यहाँ बस्न योग्य कुटी बनाउन द्वारिका, पूर्णमान, भक्तलाल र बातुली उपासक-उपासिकाहरूले सहयोग गरेका थिए । त्यस्तै गरी भिक्षु अमृतानन्दले नेपालमा पहिलो पटक अहोरात्र महापरित्राण पनि यसै विहारमा गराउनु भएको थियो । वि.सं. २००० मा भिक्षु अमृतानन्दसँगै बर्माको भिक्षु चन्द्रमणि महास्थविर पनि यस स्थानमा पाल्नु भएको थियो । त्यस अवस्थामा धर्मालोक भन्तेले चन्द्रमणि भन्तेसँग बुद्ध वन्दना गर्नलाई बुद्ध मूर्तिको माग गर्नुभयो । यदि बुद्ध विहार बनाउने पक्का हो भने कुशिनगरको धर्मशालामा रहेको दुईवटा बुद्ध प्रतिमामध्ये एउटा दिने वाचा भन्तेले गर्नुभयो र वाचा अनुरूप प्राप्त पनि भयो । त्यस्तै भिक्षु अमृतानन्दले नेपाल भाषामा त्रिरत्न वन्दना, पाठ्य सूत्र, धम्मपद आदि पुस्तकहरू प्रकाशित गर्नु भयो ।[९९]

माथि उल्लेखित कुराहरूबाट बौद्ध परम्परा अन्तर्गत दान, शील, भावना, बुद्धपूजा, परित्राण पाठ, धर्म-देशना आदि गरिएको देखिन्छ ।

---

९८ रत्नसुन्दर शाक्य, *भिक्षु धर्मालोक महास्थविर*, काठमाडौं: आनन्दकुटी विहार गुठी, वि.सं. २०४८, पृ. २०,२१ ।

९९ रत्नसुन्दर शाक्य, *बौद्ध जगतका स्मरणीय व्यक्तिहरू - भाग ३*, भक्तपुर: वजिरज्ञाणी लुमन्ति प्रकाशन, वि.सं. २०५७, पृ. १६७ ।


Downloaded from http://www.dhamma.digital

ती सबै पुण्य कार्यहरू हुन् । बौद्ध परम्परामा पुण्यकार्यको अन्तमा पुण्य अनुमोदन गरिने गरिन्छ । त्यसैले नेपालमा बुद्धधर्मसँगै बौद्ध परम्परा प्रवेश भएपछि पुण्यानुमोदन अनिवार्य रूपमा गरिएको मान्न सकिन्छ । त्यसैले नेपालमा पुण्यानुमोदन गर्ने परम्परा हालसम्म पनि निरन्तर रहेको देख्न सकिन्छ र थेरवाद बुद्धधर्म रहेका अन्य देशहरूमा पनि यहि ढंगले पुण्यानुमोदनको परम्परालाई अगाडि बढाई रहेको देख्न सकिन्छ ।


Downloaded from http://www.dhamma.digital

# अध्याय - छ

# पुण्यानुमोदन गर्ने क्रमविधि

## ६.१ नेपालमा गरिने पुण्यानुमोदन विधि

तिरोकुड्ड सुत्त वण्णनामा उल्लेख भए अनुसार तथागत बुद्धले भोजन दान दिएर दिवंगत भएका आफन्तहरूलाई पुण्य अनुमोदन गर्न बिम्बिसार राजालाई आज्ञा गर्नु भएको थियो । बिम्बिसार राजाले पनि बुद्धले दिनुभएको आज्ञा अनुसार संघलाई भोजन दान दिनु भई संचित पुण्य दिवंगत आफन्तहरूलाई अनुमोदन गरेको थियो । त्यस अवस्थामा

- बुद्ध प्रमुख संघलाई भोजनको निमन्त्रणा,
- दरवारमा भोजनको व्यवस्थापन गरेको,
- भोजन गर्ने समय भए पछि विहारमा खबर दिएको,
- भोजन दान इत्यादि अर्पण गर्दै राजाले पुण्य अनुमोदन गरेको,
- दान दिए अनुरूप सुख सम्पत्ति त्यहि बेलामा दिवंगत भएकाहरूले प्राप्त गरेको,
- बुद्धले भोजन पछि राजालाई पुण्य अनुमोदन गर्दै तिरोकुड्ड सुत्र देशना गर्नुभएको

इत्यादि तरिकाले पुण्यकार्य गरेको यस सुत्त अट्ठकथामा देखिन्छ ।[१००] यहि परम्परा र पुण्यानुमोदनको अनुक्रमलाई अनुसरण गर्दै हालसम्म थेरवाद बौद्ध देशहरूमा पुण्यानुमोदनको चलन देख्न सकिन्छ । यो चलन सबै थेरवाद बौद्ध देशहरुमा देखिएतापनि देश अनुसार पुण्यानुमोदन गर्ने

---

१०० म्यदउयन्गोड विजय कित्ति हिमि (अनु.), *खुद्दकपाठ अट्ठकथा,* देहिवल: बौद्ध संस्कृतिक मध्यस्थानय, ई. २००९, पृ. १७३-१८६


Downloaded from http://www.dhamma.digital

क्रमविधिमा अलि अलि भिन्नता भने देख्न पाइन्छ । यस पुण्यानुमोदन गर्ने तरिकामा भिन्नता देखिए पनि पुण्यानुमोदन गर्नुको सबैको उद्देश्य भने एउटै रहेको छ । त्यो आफ्नो र पराईको भलो गर्नु हो ।

## क) भोजन दान दिएर गरिने पुण्यानुमोदन

बुद्ध पूजा, परित्राण पाठ, महापरित्राण, भोजन दान, सांघिक भोजन दान, कठिन चिवर दान, शील समादान, भावना, इत्यादि कुसल कर्मबाट पुण्य संचय गर्दै अनुमोदन गर्ने गरिन्छ । यी सबै अवस्थाहरूमा पुण्यानुमोदन गर्ने क्रमविधि प्रायः जसो एउटै प्रकारको हुने गर्दछ । तर यस कार्य व्यवस्थित ढंगले गर्न आवश्यक रहेको छ । त्यसैले थेरवाद परम्परामा पुण्यानुमोदन क्रमबद्ध रूपमा गरेको देखिन्छ । वर्तमान नेपालमा देखिने थेरवाद पुण्यानुमोदन परम्पराको क्रमविधि तिरोकुड्ड सुत्त वण्णना र बोधिराज कुमार  जस्ता सुत्तहरू अनुसार बनेको देखिन्छ [१०१] र हाल नेपालको थेरवाद बौद्ध समाजमा  यहि परम्पराको विकशित रूप प्रचलनमा आएको पनि देखिन्छ । यस परम्परा अन्तर्गत भोजनदानसँगै गरिने पुण्यानुमोदन कार्यविधि निम्न प्रकारले गर्ने गरेको देखाउन सकिन्छ ।

- भोजन दान गर्न परिवार संग छलफल
- विहार गएर भन्तेलाई दिन र संख्या उल्लेख गरी भन्तेहरूलाई भोजन दान दिने भनेर निमन्त्रणा गर्ने
- भोजनको दानको एक दिन अगाडी पुन स्मरण गराउने
- भोजन दानको सबै व्यवस्था मिलाउने ।
- भन्तेहरू बस्ने आसन भन्दा अग्लो टेवलमा बुद्ध प्रतिमाको साथै अगरबत्ति, दियो, फुल, खाद्य सामग्री, परित्राण गर्नलाई कलसमा

१०१ *मज्झिम निकाय*, सरल सिंहल तिपिटक एप्लिकेशन् ।


Downloaded from http://www.dhamma.digital

जल र परित्राण धागो आदि सजाएर राख्ने, त्यस्तै पुण्यानुमोदन गर्न बाटा कचौरा र करुवाको व्यवस्था गर्ने अनि करुवामा पानी भरेर राख्ने ।

- भोजनको दिनमा भन्तेहरूलाई लिन जाने ।
- भन्तेहरू आउनु भए पछि घरमा तयार गरिएको आसनमा बस्न विन्ति गर्ने ।
- भन्तेहरूलाई वन्दना गरेर सबै जना मनमा श्रद्धा जगाएर शान्तपूर्वक बस्ने ।
- घरको प्रमुखहरूले तथागत सम्मासम्बुद्ध अगाडि राखेको धूप दीयो जलाएर उचित स्थानमा राख्ने ।
- भन्तेहरूलाई वन्दना गरेर पुण्य कार्य सुरू गर्न विन्ति गर्ने र भोजन दानको निमित्त अवगत गराउने ।
- पंचशील प्राथना गर्ने, भन्तेले पंचशील समादान गराउनु हुन्छ, शील समादान हुने (शील प्रदान, उपदेश जेष्ठ भन्तेबाट हुने गर्दछ ) ।
- त्यस पछि सम्बन्धित विषयलाई लिएर  धर्मोपदेश दिनु हुन्छ, श्रद्धा पूर्वक श्रवण गर्ने ।
- धर्मोपदेश पछि परित्राणको बारेमा पनि जानकारी दिंदै स्वस्ति शान्ति कामना गरेर परित्राण सज्झायना गरिन्छ। तयार पारिएको परित्राण धागो पनि समात्न दिइन्छ ।
- परित्राण जल र धागो वितरण गरिन्छ ।
- दाताहरूबाट यथा श्रद्धा भन्तेहरूलाई दान प्रदान गरिन्छ ।
- त्यस पछि भोजन दान गरिन्छ । यस अवस्थामा कम्तिमा चार जना भिक्षुहरू भए “इमं भिक्खं भिक्खु संघस्स देम ।” अर्थात्


Downloaded from http://www.dhamma.digital

यस भोजन भिक्षु संघलाई अर्पण गर्छौं भनेर दान दिइन्छ। सामान्यतया चार जना भन्दा कम हुँदा संघ नहुने भएकोले यस पाठ वाचन गराएर दान गराइदैन तर एकजना भिक्षु हुँदा पनि सांघिक गर्न सकिने अवस्था पनि छ।

- भिक्षु संघ भए पनि नभए पनि भोजन दान गराउँदा अनिवार्य रूपमा "इदं मे पुञ्ञं आसवक्खया वहँ होतु, निब्बानस्स पच्चयो होतु, सब्बे सत्ता अनुमोदन्तु" अर्थात् यस पुण्य भाग आश्रव क्षय गर्न हेतु होस्, निर्वाण प्राप्त गर्न हेतु होस् र सबै सत्वले अनुमोदन गरून् भनि भन्तेहरू द्वारा दाताहरूलाई गाथा पाठ वाचन गर्न लगाउछन्।
- वचनले यसरी दान दिए पछि शरीर र मनबाट पनि दान गराइन्छ।
- यसरी दान प्राप्त गरी सके पछि भन्तेहरूले आशिर्वाद दिनु हुन्छ र प्रत्यवेक्षणा गरी भोजन ग्रहण गर्नु हुन्छ।
- भोजन पश्चात दानको आनिशंस बारेमा धर्म देशना हुन्छ।
- यस उपदेश पछि दान, शील, भावनाबाट संचित पुण्य जुन निमित्त राखेर पुण्य गरको हो त्यस अनुसार त्यस व्यक्तिहरू प्रति मैत्री, करूणा राख्दै अनुमोदन गराइन्छ। सुरूमा दिवंगत भएकाहरूलाई निम्न गाथा पाठ वाचन गर्दै पुण्य अनुमोदन गरिन्छ। एक्लै पुण्यानुमोदन गर्दा- "इदं **मे** ञातिनं होतु, सुखिता होन्तु ञातयो।" अर्थात् यस पुण्य मेरो आफन्तहरूले अनुमोदन भई सुखि होऊन् भनेर दिइन्छ भने सबैले अर्थात् हामी हुँदा "मे" (मेरो) ठाउँमा "नो" (हाम्रो) राखेर पुण्य दिइन्छ। त्यस्तै भन्तेहरूले या अरू कसैको आफन्तलाई पुण्य अनुमोदन गराउँनु हुँदा "मे" ठाउँमा "वो" (तिमीहरूको) राखेर अनुमोदन गर्नु हुन्छ। जस्तै,


Downloaded from http://www.dhamma.digital

आफुले गर्दा- “इदं **मे** ञातिनं होतु, सुखिता होन्तु ञातयो ।”

हामीले गर्दा- “इदं **नो** ञातिनं होतु, सुखिता होन्तु ञातयो ।”

अरू कसैको आफन्तलाई पुण्य दिंदा- “इदं **वो** ञातिनं होतु, सुखिता होन्तु ञातयो ।”

यसरी दिवंगत भएकाहरूलाई पुण्य दिंदा बाटामा कचौरा राखेर जलले भरिएको करुवा लिई माथि भनिएको गाथा तीन पटक भन्दै करुवामा भएको पानी नसकुन्जेल सम्म कचौरामा अर्पण गराइन्छ । त्यस अवस्थामा भन्तेहरूले “यथावारी वहापुरा परिपुरेन्ति सागरं एवमेव इतो दिन्नं पेतानं उपकप्पति ।” अर्थात् पानी पर्दा खोला, नाला भरिदै बगेर गएको पानीले सागर भरे जसरी यहाँबाट दिइएको पुण्य दिवंगत भएकाहरूले प्राप्त गर्छन् भनेर गाथा वाचन गर्छन् ।

यसरी करुवाबाट पानी अर्पण गरी पुण्यानुमोदना गर्नु एक सांकेतिक कार्य हो । यसले दिवंगत भएकाहरूले कसरी पुण्य लाभ गर्छन् भन्ने विषय बुझाउन गरिएको एउटा उदाहरण हो । करुवाले पुण्य गर्ने व्यक्तिलाई जनाउछ भने भरिएको जलले पुण्यलाई जनाउछ । त्यसै गरी कचौराले जसलाई पुण्यानुमोदन गर्नको लागि पुण्य गरिएको हो त्यस ञाति लाई जनाउछ र बाटाले त्यस ञाति बाहेक पुण्य कामना गर्ने अन्य सबै ञातिहरूलाई जनाउछ । करुवाबाट जल चढाउँदा कचौरा भरिएर जल बाटामा गए झैं सर्वप्रथम जसको लागि पुण्य गरेको हो प्रथमत त्यस ब्यक्तिलाई र क्रमश अन्य आफन्तहरुले पुण्य लाभ गर्छ भनि यस उदाहरणबाट देखाउन खोजिएको हो ।


Downloaded from http://www.dhamma.digital

- त्यस पछि सबै देवी देवता लगाएत सबै सत्व प्राणीहरूलाई स्मरण गर्दै निम्न अनुसार पुण्य दिइन्छ ।

एत्तावता च अम्हेहि, सम्भतं पुञ्ञसम्पदं ।

सब्बे देवा अनुमोदन्तु, सब्ब-सम्पत्ति सिद्धिया ॥

यहाँ सम्म हामीले प्राप्त गरेका पुण्य सम्पदालाई सबै देवताहरूले सम्पूर्ण सिद्धि प्राप्तिका लागि अनुमोदन (स्वीकार) गरून् ।

एत्तावता च अम्हेहि, सम्भतं पुञ्ञसम्पदं ।

सब्बे सत्ता अनुमोदन्तु, सब्ब-सम्पत्ति सिद्धिया ॥

यहाँ सम्म हामीले प्राप्त गरेका पुण्य सम्पदालाई सबै सत्वहरूले सम्पूर्ण सिद्धि प्राप्तिका लागि अनुमोदन (स्वीकार) गरून् ।

एत्तावता च अम्हेहि, सम्भतं पुञ्ञसम्पदं ।

सब्बे भूता अनुमोदन्तु, सब्ब-सम्पत्ति सिद्धिया ॥

यहाँ सम्म हामीले प्राप्त गरेका पुण्य सम्पदालाई सबै प्राणीहरूले सम्पूर्ण सिद्धि प्राप्तिका लागि अनुमोदन (स्वीकार) गरून् ।

- अन्तमा भन्तेले दाता परिवारलाई सुख, शान्ति, सुस्वास्थ, दीर्घायु लाभ होस् भनेर आशिर्वाद दिंदै "अभिवादन सीलिस्स, निच्चं वड्ढा पचायिनो ।

चत्तारो धम्मा वड्ढन्ति, आयु वण्णो सुखं बलं ॥

आयु आरोग्य सम्पत्ति, सग्ग सम्पत्ति मेव च ।

अथो निब्बान सम्पत्ति, इमिना ते समिज्झतु ॥"

अर्थात् अभिवादन गर्ने स्वभाव हुने र सधैं वृद्धहरूको सेवा सुश्रुषा गर्ने व्यक्तिको आयु, वर्ण, सुख र बल यी चार थोक बढ्दछ । त्यस्तै सुस्वास्थ, दीर्घायु, स्वर्ग र निर्वाण सम्पत्तिहरू पनि प्राप्त होस् भनि फेरी आशिर्वाद गाथा वाचन गर्नु हुन्छ ।


Downloaded from http://www.dhamma.digital

भोजन दान आदि धार्मिक कार्यहरु विभिन्न निमित्तलाई लिएर गर्न सकिन्छ । जस्तै, जन्म दिन, गृह प्रवेश, विवाह मंगल, स्वस्ति शान्ति, दिवंगत आफन्तहरूलाई सम्झेर आदि हुन् । जन्म दिनको उपलक्ष्यमा पुण्य कार्य गर्दा जन्म दिन मनाउनेलाई विशेष रूपमा आशिर्वाद गरेर समापन गरिन्छ। प्रायः जसो नेपालमा त्यस अवस्थामा दिवंगत भएकाहरूलाई पुण्य दिइदैन। तर दिवंगतहरूलाई पुण्य दिन पनि सकिन्छ र कहि कतै दिवंगतहरूलाई पुण्य दिने गरेको पनि देखिन्छ । अन्य अवस्थाहरूमा भने सबै प्राणीहरूलाई पुण्य दिएको देखिन्छ। माथि उल्लेख गरिएको पुण्यानुमोदन प्रक्रिया लामो भए पनि बुद्ध पूजा, परित्राण पाठ गर्ने अवस्थाहरूमा लामो हुँदैन । त्यस्तै पुण्य कार्यको अवस्था अनुरूप कार्यविधि लामो छोटो हुने गर्दछ । विहारमा दैनिक बुद्धपूजा परित्राण पाठमा गृहस्थी भए पंच शील ग्रहण गराइन्छ । त्यस पछि बुद्धपूजा, परित्राण पाठ गरी अन्तमा दिवंगत भएका, देवता र सबै प्राणीहरूलाई पुण्यानुमोदन गरेर समापन गरिन्छ ।[१०२]

## ख) दिवंगत भएको अवस्थामा पुण्यानुमोदन गर्ने विधि

परिवारको कुनै सदस्यको मृत्यु हुँदा बौद्ध परम्परा अनुसार अन्तिम संस्कार गर्दै पुण्यानुमोदन पनि गरिन्छ ।[१०३] ती संस्कार विधिलाई यस प्रकार बुदाँगत रुपमा देखाउन सकिन्छ ।

- भन्तेहरूलाई निमन्त्रणा गरेर लिएर आउने घरमा वा शमसान भूमि
- पंचशील ग्रहण

---

१०२ भिक्षु राहुल, *त्रिरत्न वन्दना माला तथा परित्राण सूत्रहरू,* बनेपाः ध्यानकुटी विहार, वि.सं. २०७७, पृ. ४३-५२ ।

१०३ भिक्षु अश्वघोष, *बौद्ध संस्कार*, काठमाडौं: सानुरत्न स्थापित, वि.स २०५७ पृ. ८,९ ।


Downloaded from http://www.dhamma.digital

- मरण धर्मता सम्बन्धि धर्मोपदेश
- परित्राण सज्झायना- मरणानुस्मृति सूत्र लगायत सूत्रहरू पाठ गरिन्छ ।
- अनित्य स्मरण गराउने गाथा सज्झायना

  अनिच्चावत संखारा, उप्पाद वय धम्मिनो ।

  उप्पजित्वा निरुज्झन्ति, तेसं उपसमोसुखो ॥

  सबै संस्कार धर्महरू अस्थिर छन्, उत्पत्ति भई क्षय हुने, विनाश हुने स्वभाव युक्त छन्, त्यसबाट मुक्त शान्त हुनु नै सुख हो ।
- मतक वत्थ दान सांघिक गरी दान गरिन्छ । दिवंगत भएकालाई पुण्य प्राप्तिको निम्ति पूजा गरिने वस्त्र दानलाई मतक वत्थु भनिन्छ । यस वस्त्र सेतो रंगको हुने गर्दछ । "कालकतानं नो ञातिनं पुञ्ञत्थाय, इमं मतक वत्थं भिक्खु संघस्स देम" अर्थात् दिवंगत हाम्रो ञातिलाई पुण्य प्राप्तिको लागि यस मतक वस्त्र भिक्षु संघलाई अर्पण गर्छौं भनि सांघिक गरिन्छ र संघलाई दान दिइन्छ ।
- संचित पुण्य दिवंगत भएकालाई अनुमोदन गरिन्छ ।

  "इदं मे ञातिनं होतु, सुखिता होन्तु ञातयो ।" गाथा पाठ वाचन गर्दै करुवा लिएर कचौरामा जल अर्पण गरी पुण्य अनुमोदन गरिन्छ । देवतालाई र अन्य सत्वलाई पुण्य अनुमोदन गरिदैन ।

## ६.२ श्रीलंकामा पुण्यानुमोदन गर्ने तरिका

श्रीलंकामा पुण्यानुमोदन गर्ने विधि नेपालको भन्दा थोरै मात्र फरक रहेको देख्न सकिन्छ । विहारबाट बुद्धको प्रतिक स्वरुप स्थूपलाई


Downloaded from http://www.dhamma.digital

घरमा लगिन्छ र त्यहाँ पंचशील ग्रहण पश्चात भोजनको अग्रभाग बुद्धलाई पूजा गरिन्छ। त्यस्तै परित्राण पाठ र दान प्रदान भोजन पश्चात गरिन्छ भने पुण्यानुमोदन गर्ने पालि गाथाहरू फरक रहेको देखिन्छ। ती क्रमविधि निम्न अनुसार छ।[१०४]

- भोजन दान गर्न परिवार संग छलफल
- विहार गएर भन्तेलाई दिन समय र संख्या उल्लेख गरी भन्तेहरूलाई भोजन दान दिने भनेर निमन्त्रणा गर्ने
- भोजनको व्यवस्था गर्ने र एक दिन अगाडि भन्तेलाई भोजनको निमन्त्रणा पुन स्मरण गराउने र त्यो दिन भन्ते एकजनालाई आफ्नो निवासमा निमन्त्रणा गरी धर्मदेशना गर्न लगाउने
- भोजन दानको सबै व्यवस्था मिलाउने।
- भन्तेहरू बस्ने आसन भन्दा अग्लो टेवलमा बुद्ध प्रतिमाको साथै अगरबत्ति, दियो, फुल, खाद्य सामग्री, परित्राण गर्नलाई कलसमा जल र परित्राण धागो आदि सजाएर राख्ने, त्यस्तै पुण्यानुमोदन गर्न बाटा कचौरा र करुवाको व्यवस्था गर्ने अनि करुवामा पानी भरेर राख्ने
- भोजनको दिनमा भन्तेहरूलाई लिन जाने।
- तथागत बुद्ध पनि आफ्नो घरमा जाँदै हुनु हुन्छ भन्ने श्रद्धाले तथागत बुद्धको प्रतिक सानो स्थूप पनि लिएर आउने।
- सुरूमा स्थूप सजाएको कुटीमा राख्ने।
- भन्तेहरू आउँनु भए पछि घरमा तयार गरिएको आसनमा बस्न विन्ति गर्ने।

---

१०४ पूर्वोक्त पाद टिप्पणी संख्या ८५, पृ. ७८-८०।


Downloaded from http://www.dhamma.digital

- भन्तेहरूलाई वन्दना गरेर सबै जना मनमा श्रद्धा जगाएर शान्तपूर्वक बस्ने ।
- घरको प्रमुखहरूले तथागत बुद्ध अगाडि राखेको धूप दीयो जलाएर उचित स्थानमा राख्ने ।
- भोजनको अग्रभाग अथवा पहिलो भाग बुद्धपूजाको लागि स्थूप अगाडि अर्पण गर्ने ।
- भन्तेहरूलाई वन्दना गरेर पुण्य कार्य सुरू गर्न विन्ति गर्ने र भोजन दानको निमित्त अवगत गराउने ।
- पंचशील प्रार्थना गर्ने, भन्तेले पंचशील दिनु हुन्छ, शील लिने (शील प्रदान, उपदेश जेष्ठ भन्तेहरूबाट हुने गर्दछ ) ।
- बुद्धलाई चढाएको नैवद्य आदि गाथा भन्दै तथागत बुद्धलाई अर्पण गर्ने ।

  यस कार्य गर्दा एक जना भन्तेले बुद्धपूजा गाथा वाचन गराउँदै भोजन दान बुद्धलाई अर्पण गराउनु हुन्छ ।
- त्यस पछि दानको विषयमा धर्मोपदेश दिनु हुन्छ, श्रद्धा पूर्वक श्रवण गर्ने ।
- त्यस पछि भोजन दान गरिन्छ । यस अवस्थामा कम्तिमा चार जना भिक्षुहरू भए "इमं भिक्खं सपरिक्खारं भिक्खु संघस्स देम ।" अर्थात् यस भोजन र परिस्कार भिक्षु संघलाई अर्पण गर्छौं भनेर दान दिइन्छ । सामान्यतया चार जना भन्दा कम हुँदा संघ नहुने भएकोले यस पाठ वाचन गराएर दान गराइदैन । यस गाथा पाठ भन्तेद्वारा वाचन गरी दाताहरूलाई पनि वाचन गर्न लागाइन्छ ।
- वचनले यसरी दान दिए पछि शरीर वचनबाट पनि दान गराइन्छ ।


Downloaded from http://www.dhamma.digital

- यसरी दान प्राप्त गरी सके पछि भन्तेहरूले आशिर्वाद दिनु हुन्छ र प्रत्यवेक्षा गरी भोजन ग्रहण गर्नु हुन्छ ।
- भोजन पछि यथा श्रद्धा दान प्रदान ।
- आनिशंस बारेमा धर्म देशना अथवा भुक्तानुमोदना अर्थात् दान दिएकाको मन प्रशन्न हुन दिने उपदेश ।
- परित्राण पाठ सज्झायना गर्दै आशिर्वाद गरिन्छ ।
- त्यस पछि दान, शील, भावनाबाट संचित पुण्यलाई जुन निमित्त लिएर पुण्य गरेको हो त्यहि अनुसार त्यस व्यक्तिहरू प्रति मैत्री, करूणा राख्दै अनुमोदन गराइन्छ । सुरूमा दिवंगत भएकाहरूलाई निम्न गाथा पाठ वाचन गर्दै पुण्य अनुमोदन

  गरिन्छ । एक्लै पुण्यानुमोदन गर्दा- "इदं **मे** ञातिनं होतु, सुखिता होन्तु ञातयो ।" अर्थात् यस पुण्य मेरो आफन्तहरूले अनुमोदन भई सुखि होऊन् भनेर दिइन्छ भने दुइजना वा त्यो भन्दा बढी हुँदा "मे" (मेरो) ठाउँमा "नो" (हाम्रो) राखेर पुण्य दिइन्छ । त्यस्तै भन्तेहरूवाट वा अरू कसैको आफन्तलाई पुण्य अनुमोदन गर्दा "मे" ठाउँमा "वो" (उनीहरूको) राखेर अनुमोदन गरिन्छ । जस्तै,

  आफुले गर्दा- "इदं **मे** ञातिनं होतु, सुखिता होन्तु ञातयो ।"

  हामीले गर्दा- "इदं **नो** ञातिनं होतु, सुखिता होन्तु ञातयो ।"

  अरू कसैको आफन्तलाई पुण्य दिंदा- "इदं **वो** ञातिनं होतु, सुखिता होन्तु ञातयो ।"

  यसरी दिवंगत भएकाहरूलाई पुण्य दिंदा बाटामा कचौरा राखेर जलले भरिएको करुवा लिई माथि भनिएको गाथा तीन पटक वाचन गर्दे कचौरामा जल भरिएर करुवाको पानी नसकेसम्म


Downloaded from http://www.dhamma.digital

अर्पण गर्ने गरिन्छ। त्यस अवस्थामा भन्तेहरूले "यथा वारी वहा पुरं, परिपुरेन्ति सागरं। एवमेव इतो दिन्नं, पेतानं उपकप्पति।" अर्थात् पानी पर्दा खोला, नाला भरिदै बगेर गएको पानीले सागर भरे जसरी यहाँबाट दिइएको पुण्य दिवंगत भएकाहरूले प्राप्त गर्छन् भनेर गाथा पाठ सज्झायना गर्नु हुन्छ। यस विधि श्रीलंकाको अमरपुर निकाय अन्तर्गत पर्दछ भने सियम निकायमा "इच्चितं पच्चितं तुय्हं, सब्बमेव समिज्झतु, सब्बे पुरेन्तु चित्त संकप्पा, मनिजोति रसो यथा" अर्थात् मणिको ज्योति जस्तै तपाईहरूले कामना गरेको सबै शीघ्र प्राप्त होस् भन्ने गरिन्छ।

- त्यस पछि सबै देवताहरू स्मरण गर्दै निम्न अनुसार पुण्य दिइन्छ।

आकासट्ठा च भूमट्ठा, देवा नागा महिद्धिका।

पुञ्ञं तं अनुमोदित्वा चीरं रक्खन्तु सासनं॥

महा अनुभाव सम्पन्न आकाश र भूमिमा बस्नु हुने देव नागहरू यस पुण्य अनुमोदन भई बुद्धशासन दीर्घ समय सम्म रक्षा गरून्।

आकासट्ठा च भूमट्ठा, देवा नागा महिद्धिका।

पुञ्ञं तं अनुमोदित्वा चीरं रक्खन्तु देसनं॥

महा अनुभाव सम्पन्न आकाश र भूमिमा बस्नु हुने देव नागहरू यस पुण्य अनुमोदन भई बुद्धधर्म दीर्घ समय सम्म रक्षा गरून्।

आकासट्ठा च भूमट्ठा, देवा नागा महिद्धिका।

पुञ्ञं तं अनुमोदित्वा, चीरं रक्खन्तु मं परन्ति / त्वं सदाति॥

महा अनुभाव सम्पन्न आकाश र भूमिमा बस्नु हुने देव नागहरू यस पुण्य अनुमोदन भई मलाई दीर्घ समय सम्म रक्षा गरून् / तिमीहरूलाई दीर्घ समय सम्म रक्षा गरून्।


Downloaded from http://www.dhamma.digital

यस बाहेक विभिन्न देवीदेवताहरूको लागि पुण्य अनुमोदन गराउँन अलग्गै गाथाहरू पनि रहेका छन् तर त्यस्का प्रयोग कम मात्रामा गरेको पाइन्छ ।

- त्यस पछि भन्तेले दाता परिवारलाई सुख, शान्ति, सुस्वस्थ, दीर्घायु लाभ होस् भनेर आशिर्वाद दिंदै "अभिवादन सीलीस्स, निच्चं वुद्धापचायिनो ।

  चत्तारो धम्मा वड्ढन्ति, आयु वण्ण सुखं बलं ॥

  आयुरारोग्य सम्पत्ति, सग्ग सम्पत्ति मेव च ।

  अथो निब्बान सम्पत्ति, इमिना ते समिज्झतु ॥"

  अर्थात् अभिवादन गर्ने स्वभाव हुने र सधैं वृद्धहरूको सेवा सुश्रुषा गर्ने व्यक्तिको आयु, वर्ण, सुख र बल यी चार थोक बढ्दछ । त्यस्तै सुस्वास्थ, दीर्घायु, स्वर्ग र निर्वाण सम्पत्तिहरू पनि प्राप्त होस् भनि फेरी आशिर्वाद गाथा वाचन गर्नु हुन्छ ।

- परित्राण जल र धागो वितरण
- पुण्यकार्य समापन

## क) श्रीलंकामा मरण अवस्थामा गरिने पुण्यानुमोदन

नेपालमा प्रायः जसो दिवंगत भएकालाई २४ घण्टा भित्र धार्मिक कार्य  गरेर अन्त्येष्ठि गरिने गरिन्छ। तर श्रीलंकामा दिवंगत भएकालाई ३ दिन सम्म घरमा राखि राख्ने प्रचलन छ। त्यसैले तेस्रो दिन भन्तेहरूलाई घरमा वा शमसान भूमिमा बोलाएर मतक वस्त्र संघलाई दान दिई पुण्यानुमोदन गर्ने गरेको दखिन्छ तर नेपालमा जसरी परित्राण पाठ भने गरिदैन। तर लक्डाउँन पछि २४ घण्टा भित्रै अन्त्यष्ठि गरिनु पर्ने कानुन आएकोले त्यस अवधि भित्रै गरिएको देखिन्छ। लकडाउँन पहिले भन्तेहरू दिवंगत हुँदा ७ दिन सम्म राखिन्थ्यो भने अहिले यस चलन


Downloaded from http://www.dhamma.digital

पनि २४ घण्टामै सिमित रहेको श्रीलंका वासी तथा गाल्ल विद्यालोक विद्यालयको आचार्य भिक्षु अंगुल्मडुवे सोभितले बताउनु भयो । त्यस्तै अन्त्येष्ठि सकाएर सातौं दिनमा भन्तेहरूलाई भोजन दान गराइने चलन पनि त्यहाँ रहेको छ । यसरी गर्ने प्रचलनलाई निम्न तरिकाले बुँदागत रुपमा देखाउन सकिन्छ ।[१०५]

- भन्तेहरूलाई निमन्त्रणा गरेर लिएर आउने घरमा वा शमसान भूमीमा ।
- पंचशील ग्रहण ।
- मरण धर्मता सम्बन्धि धर्मोपदेश ।
- अनित्य स्मरण गराउने गाथा वाचन ।

  अनिच्चावत संखारा, उप्पाद वय धम्मिनो ।

  उप्पाजेत्वा निरुज्झन्ति, तेसं उपसमुसुखो ॥

  सबै संस्कार धर्महरू अस्थिर छन्, उत्पत्ति भई क्षय हुने, विनाश हुने स्वभाव युक्त छन्, त्यसबाट मुक्त शान्त हुनु नै सुख हो ।

- मतक वत्थ दान सांघिक गरी दान गरिन्छ । दिवंगत भएकालाई पुण्य प्राप्तिको निम्ति पूजा गरिने वस्त्र दानलाई मतक वत्थु भनिन्छ । यस वस्त्र सेतो रंगको हुने गर्दछ । “इमं मतक वत्थं भिक्खु संघस्स देम” अर्थात् यस मतक वस्त्र भिक्षु संघलाई अर्पण गर्छौं भनि संघिक गरिन्छ र संघलाई दान दिइन्छ ।
- संचित पुण्य दिवंगत भएकालाई अनुमोदन गरिन्छ ।

  “इदं मे ञातिनं होतु, सुखिता होन्तु ञातयो ।” गाथा पाठ वाचन गर्दै करुवा लिएर कचौरामा जल अर्पण गर्दै पुण्य अनुमोदन गरिन्छ । देवतालाई र अन्य सत्वलाई पुण्य अनुमोदन

१०५ पूर्वोक्त पाद टिप्पनी, संख्या ८५, पृ ७३-७५ ।


Downloaded from http://www.dhamma.digital

गरिदैन । किन भने मुख्य उद्देश्य दिवंगतलाई पुण्य अनुमोदन गर्न भएकोले हो ।

कुनै भन्तेको निधन हुँदा, पुण्यानुमोदन माथिको गाथा अनुसार नगरी अलिक फरक तरिकाले गरिन्छ ।

"इदं नो गरुनं होतु, सुखिता होन्तु गरूनो ।" भनेर पुण्य अनुमोदन गरिन्छ ।

## ६.३ थाइल्याण्डमा पुण्यानुमोदन गर्ने विधि

थाइल्याण्डमा बुद्धधर्म सम्बन्धी अध्ययन गरेर आउनु भएको आनन्द कूटी विहारवासि भिक्षु प्रबुद्धि संग यस बारे कुराकानी गर्दा उहाँले त्यहाँ पनि श्रीलंकामा जस्तै पुण्यानुमोदन गर्ने विधि रहेको र अलि अलि मात्र फरक बताउनु भयो । त्यस अनुसार थाइल्यण्डमा भोजन दान दिंदा श्रीलंका, नेपालमा जस्तो धर्मोपदेश नहुने, दुई चार शब्द भनेर परित्राण पाठ गर्ने, भोजन दान संघलाई दिंदा भनिने वाक्य एक जना विशेष उपासक प्रमुख भई वाचन गराइने र पुण्यानुमोदन गर्दा दिवंगत भएकालाई मात्र पुण्य दिने चलन रहेको देखिन्छ । त्यसरी पुण्य अनुमोदन गर्दा दाताहरूले माथि भने जस्तै करुवा लिएर "इदं मे ञातिनं होतु......." वाचन नगरी पुण्य अनुमोदन गर्छन् । त्यस अवस्थामा भन्तेहरूले भने "यथावारी...." वाचन गर्ने गर्दछन् । त्यस पछि "सब्बीतियो विवज्जन्तु....." आदि आशिर्वाद गाथाहरू वाचन गरेर दाताहरूलाई आशिर्वाद दिई पुण्य कार्य समापन हुन्छ ।

त्यस्तै उहाँ भन्तेले बताउनु भए अनुसार विहारमा दैनिक रूपमा विहान बेलुका हुने बुद्धपूजा, परित्राण पाठ पछि दिवंगत भएकाहरू, देवताहरू लगायत सबै प्राणीहरूलाई पुण्य अनुमोदन पनि गरिन्छ ।[१०६]

---

१०६ भिक्षु पभंकरो, *चान्टिङ्ग बुक,* थाइल्याण्ड: श्री चोम्टोङ्ग वोरोविहार, ई.२००४, पृ. २०, २१, ३१, ९८ ।


Downloaded from http://www.dhamma.digital

पुण्यानुमोदन गरिने ती गाथाहरू नेपाल, श्रीलंकामा प्रयोग गरिने गाथाहरू भन्दा फरक र लामो भएको देखिन्छ। त्यसै गरी मरण भएको अवस्थामा शवलाई विहारमा ल्याएर दुई तीन दिन राखिन्छ । त्यस अवस्थामा अभिधर्मबाट छानिएको पाठहरू अवस्था अनुकुल सज्झायना गरी पुण्यानुमोदन गरिन्छ ।

## ६.४ बर्मामा पुण्यानुमोदन गर्ने विधि

बर्माबाट (हाल म्यान्मार) अध्ययन गरी नेपाल पाल्नु भएको भन्तेहरूले बर्मामा पुण्यानुमोदन गर्ने क्रमविधि पनि नेपालको जस्तै रहेको र थोरै मात्र भिन्नता रहेको बताउनु भयो ।[१०७] बर्मामा वाँया हातले जमिनलाई छोएर दहिने हातले करुवाबाट जल हाल्दै पुण्य अनुमोदन गरेको देखिने र त्यसबाट जमिनलाई साक्षि राख्दै पुण्य दिएको जनाउने विषयको पनि चर्चा गर्नु भयो । त्यस्तै प्रायः जसो त्यहाँ बर्मेलि भाषाबाटै सबै सत्वप्राणीहरूलाई पुण्य दिने प्रचलन रहेको पनि बताउनु भयो ।

## ६.५ पुण्यानुमोदन शील, समाधि, प्रज्ञाले युक्त भएर गर्नु पर्छ

लौकिक र लोकोत्तर सुख प्राप्तिको लागि अभ्यास गर्नु पर्ने अंगहरु मध्ये शील समाधि प्रज्ञा अग्र स्थानमा रहेको छ । कुनै पनि कुशल कार्य गर्न अगाडि शीलले युक्त हुन जरुरी छ। किन भने, शीलबाट मानिसको शरीर र वचन संयम हुन्छ र जसले गर्दा शरीर र वचनवाट हुन जाने अकुशल कार्यबाट वञ्चित भएर पवित्र हुन पुग्दछ र ध्यान भावना, दान धर्म इत्यादि गर्न योग्य व्यक्ति बन्दछ । यसको तात्पर्य शीलले कुनै पनि कुसल कार्य गर्न आवश्यक वातावरण अथवा पुष्ठ भूमि तयार पारीदिन्छ । त्यसैगरी दक्खिणा विभंग सुत्तमा शीलले युक्त भएर,

---

१०७ भिक्षु पामोक्ख थेर, *ये सर छया अम्यो म्यो,* म्यानमारः उ तन् माउ, ई. १९७९, पृ. ६२-७५ ।


Downloaded from http://www.dhamma.digital

कर्मफल विश्वास गरेर शील आदि गुणधर्मले युक्त भएकालाई दान दिंदा महत्फल हुने विषय "यो सीलवा सीलवन्तेसु ददाति दानं........."[१०८] गाथाबाट स्पष्ट हुन्छ।

हामीले गर्ने हरेक कार्यमा ध्यान हुन आवश्यक छ। ध्यान दिएर गरिने कामको प्रतिफल राम्रो हुन्छ। त्यसैले त साना साना बाल बालिकालाई ध्यान दिएर पढ भन्ने गरीन्छ ता की पढाईको राम्रो प्रतिफल आओस्। यहाँ उल्लेख गरिएको ध्यानलाई पनि एक प्रकारको समाधि भन्न सकिन्छ। त्यसलाई सम्यक् समाधि भन्न नसकिएता पनि त्यहाँ समाधि भने रहेको हुन्छ। त्यसैले कुसल कार्य गर्दा यस समाधिको ठूलो भूमिका रहेको हुन्छ। दान दिंदा, भावना इत्यादि गर्दा एक चित्तले गरिन्छ भने त्यसलाई समाधि भन्न सकिन्छ। किन भने त्यहाँ एक कुसल आरम्मणमा चित्त केन्द्रित भएको हुन्छ। जस बाट महत्फल प्राप्त गर्न सकिन्छ र कार्य सफल हुन्छ।

उदारहणको रूपमा सूर्यको प्रकाशलाई लिन सकिन्छ। सुर्यको प्रकाश यत्रतत्र फैलि रहेको हुन्छ तर त्यसबाट आगो बल्न सम्म शक्तिशाली हुँदैन तर एउटा आई ग्लास् लिएर त्यस प्रकाशलाई एककृत गरियो भने त्यसबाट आगो बाल्न सफल हुन्छ। यहाँ सूर्यको प्रकाशलाई मन र आई ग्लास्लाई आरम्मरणको रूपमा लिन सकिन्छ। जसरी सूर्यको प्रकाश एककृत हुँदा शक्तिसम्पन्न भएर आगो बल्न सफल भयो। त्यसरी नै हाम्रो मन पनि एकाग्र हुँदा शक्तिशाली हुन्छ र त्यस समाधिगत चित्तले प्रथमादि ध्यान, ऋद्धिबल जस्ता अद्भूत विषयहरू प्राप्त गर्न सक्छ। त्यस्तै "शील सहित एकाग्र भएको चित्त र प्रज्ञाले नै निर्वाण सम्म पुऱ्याउन मदत गर्छ" भनेर जटा सुत्तमा उल्लेख भएको छ।[१०९]

---

१०८ पूर्वोक्त पाद टिप्पणी संख्या ६४।

१०९ *संयुक्त निकाय*, सरल त्रिपिटक एप्लिकेशन्।


Downloaded from http://www.dhamma.digital

शील समाधिले युक्त भएर कार्य गर्दा त्यसबाट महत्फल प्राप्त हुन्छ भने प्रज्ञाले युक्त भएर कुनै पुण्यकार्य गर्दा अझ महत्फल महत् आनिशंसले युक्तहुन्छ । अलोभ-लोभ नहुनु, अदोस-क्रोध नगर्नु, अमोह-प्रज्ञा विहिन नहुनु अथवा प्रज्ञाले युक्त हुनु यी विषयहरूलाई कुशल मूल भनिन्छ । अभिधर्मको चित्तोत्पाद काण्ड अनुसार यी तीन कुसल मूलले युक्त भएर कुनै पनि कुसल कार्य गरिन्छ भने त्यसलाई त्रिहेतुक कुसल कर्म भनिन्छ ।[११०] जसबाट धेरै भन्दा धेरै पुण्य लाभ गर्न सकिन्छ । मोहले रहित हुनु भनको प्रज्ञाले युक्त हुनु हो । यहाँ प्रज्ञाले युक्त हुनु भनेको के हो त ? आफुले दान आदि कुसल कार्य गर्दा कर्म कर्मफलको विश्वास गरेर गर्नु अथवा कर्म कर्मफललाई विश्वास गरी गरिने कुशल कार्यको बारेमा राम्ररी जानेर बुझेर गर्नुलाई नै प्रज्ञाले युक्त भएर गर्नु भनिएको छ ।

यसरी माथि ब्याख्या गरे अनुसार शील, समाधि, प्रज्ञा एक आपसमा सम्बन्ध रहेर कुसल कार्यलाई वृद्धि गर्न मदत गरेको देखिन्छ । यस अनुसार पुण्य संचय गर्दा धेरै पुण्य संचय गर्न पनि सक्ने तथ्य प्रष्ट हुन आउछ । त्यसैले यस शील समाधि र प्रज्ञा अथवा त्रिशिक्षाले युक्त भएर पुण्यानुमोदन गर्दा यसको प्रतिफल अझ धेरै नै प्रभावकारी हुने सोच्न सकिन्छ, किन भने शील समाधि प्रज्ञाले युक्त भएको मन अति पवित्र हुन्छ । उसमा मैत्री कारुणादि गुणहरू अन्य सामान्य मानिसहरूमा भन्दा धेरै हुन्छ । त्यस्तो पवित्र मनले संचित गरेको पुण्य दिंदा धेरै नै प्रभावकारी हुने प्रष्ट हुन जान्छ । माथि उल्लेखित पुण्य अनुमोदन गर्ने क्रमविधिमा यी शील, समाधि, प्रज्ञाले युक्त भएर गर्दा अझ प्रभावकारी बनाउछ । त्यस्तै यस माध्यमबाट पुण्य अनुमोदन गर्दा दिवंगत भएकाहरूले राम्ररी सबै पुण्य प्राप्त गर्न पनि सक्छन्, किन

११० पूर्वोक्त पाद टिप्पणी संख्या ५९ ।


Downloaded from http://www.dhamma.digital

भने शील, समाधि र प्रज्ञाले युक्त भएर पुण्य दिंदा कतै चुहावट हुँदैन। त्यसैले पुण्यानुमोदन गर्दा माथिको क्रमविधि सँग सँगै यी त्रिशिक्षालाई पनि समेटिनु अत्यावश्यक रहेको भन्न सकिन्छ।

## ६.६ पुण्यानुमोदन गर्नुका फाईदाहरु

- आफ्नो पुण्य वृद्धि गर्ने अवस्था सृजना हुनु।
- पुण्य गर्ने मौका अन्य साथी भाई आफन्तहरुले पनि पाउनु।
- वितेर गएकाहरूलाई पुण्यानुमोदन गरी सुगतिमा ल्याउन मदत गर्न सक्नु।
- दिवंगत भएकाहरूबाट आशिर्बाद पाउनु।
- देवी देवतालाई पुण्यानुमोदन गरी आशिर्बाद सुरक्षा पाउनु सक्नु।
- प्रवजीतहरुलाई दान दिएर पारमिता पुरा गर्न सक्नु।
- आफुले गरेको कार्य देखेर खुशी हुन सक्नु।
- जीवित रहेकाहरूलाई आशिर्वाद स्वरूप पुण्य दिई उनीहरूको जीवनमा सुखमय, शान्तिमय बनाई दिन सक्नु।
- अरूलाई पनि कुसल कार्य गर्न प्रेरणा मिल्नु।


Downloaded from http://www.dhamma.digital

# अध्याय - सात

# उपसंहार

## ७.१ उपसंहार

विश्वको सबै धर्म, संस्कृति, सम्प्रदायहरूमा प्रायः जसो दिवंगतहरूलाई पुण्य दिने प्रचलन छ र ती सबै सम्प्रदायहरूले आ-आफ्नै तरिकाले पुण्य दिनेलाई विभिन्न नामद्वारा सम्बोधन गरेको हामी पाउछौं । बुद्धधर्ममा संचित पुण्य अरूलाई बाँड्नु र अरूले दिएको पुण्य सहर्ष ग्रहण गर्नु जस्ता असल कार्यहरूलाई पुण्यानुमोदन भनिएको छ । त्यस्तै दिवंगत भएका, जीवित रही रहेका, देव, मनुष्य लगायत सबै प्राणीहरूको सुख, समृद्धि, मंगल आदि प्राप्तिको निम्ति प्रदान गरिने ठूलो उपकार अथवा उपहारलाई पुण्यानुमोदन भन्न सकिन्छ । यस पुण्यानुमोदन सम्बन्धी ब्याख्या पालि साहित्यमा प्रशस्त रूपमा पाइन्छ । त्यसैलाई आधार मानेर यस पुण्यानुमोदन बारे सम्पूर्ण अध्ययन गरिएको छ ।

बुद्धधर्म भित्र थेरवाद, महायान, बज्रयान जस्ता सम्प्रदायहरू रहेका छन् र ती सम्प्रदायहरूले आ-आफ्नै तरिकाबाट पुण्यानुमोदन गरेको देखिन्छ । थेरवाद बुद्धधर्ममा स्नातकोत्तर डिग्रीको निम्ति तयार गरिएको शोध पत्रको आधारमा थेरवाद सम्प्रदाय अनुसार गरिने पुण्यानुमोदनलाई सातवटा अध्यायहरूमा विभाजन गरी अध्ययन गरिएको छ । ती १. परिचय, २. थेरवाद बुद्धधर्ममा पुण्यानुमोदनको परिभाषा, प्रकार र प्रारम्भ, ३. पालि साहित्यमा पुण्यानुमोदनको उल्लेख, ४. पुण्य र पुण्यानुमोदनको महत्व, ५. पुण्यानुमोदनको परम्परा, ६. पुण्यानुमोदन गर्ने क्रमविधि, ७. उपसंहार हुन् ।


Downloaded from http://www.dhamma.digital

## ७.२ निष्कर्ष

थेरवाद बुद्धधर्ममा पुण्यानुमोदन परम्पराको अध्ययन गर्दा आफुले संचित गरेको पुण्य अरूलाई अनुमोदन गर्नु, अरूले प्रदान गरेको पुण्यलाई सहर्ष स्वीकार्नु, ग्रहण गर्नु र अरूले गरेको पुण्य देखेर खुसि हुनुलाई पुण्यानुमोदन भनिएको छ । सामान्य बौद्ध जनव्यवहारमा पुण्यानुमोदन शब्दको प्रयोग दिवंगतहरूलाई पुण्य दिनलाई जनाएको देखिन्छ तर यस शब्दको प्रयोग त्यतिमा मात्र सीमित रहेको छैन । पुण्यानुमोदनको प्रयोग दिवंगत भएका बाहेक जीवित सत्व प्राणी, देवी देवताहरूलाई पुण्य अनुमोदन गर्नलाई पनि प्रयोग गरिएको छ । त्यस्तै समाजमा जीवित रहेकाहरूलाई विभिन्न तरिकाहरूबाट स्वस्ति, शान्ति, आशिर्वाद गरेको देखिन्छ । ती हरेक अवस्थामा दान धर्म, पूजा पाठ इत्यादि भएको हुन्छ र त्यस माध्यमबाट संचित पुण्यद्वारा नै उनीहरूले आशिर्वाद पाएका हुन्छन् । यो पनि पुण्य अनुमोदन गर्नु नै हो तर यसलाई आशिर्वाद भनिन्छ । यसरी सबै प्राणीहरूलाई सुख शान्ति ल्याई दिने पुण्यानुमोदनको शुभारम्भ तथागत गौतम बुद्धको समयमै भएको थियो ।

बुद्धत्वको प्रथम वर्ष भित्रै यस पुण्यानुमोदनको आरम्भ भएको पाईन्छ । बिम्बिसार राजाले दुस्वप्न देख्नु भई तथागत बुद्धलाई अवगत गराउँनु हुँदा बुद्धले दिवंगत पूर्व आफन्तहरूले पुण्य कामना गरेको र भोजन दान गराई पुण्य अनुमोदन गर्न उपदेश दिनु भयो । त्यस पछि राजाले भोजन दान गराई पुण्य अनुमोदन पश्चात आफन्तहरू सुगतिगामि भएको थियो । यसरी पहिलो पटक पुण्यानुमोदन गर्ने प्रचलन सुरू भएको देखिन्छ । त्यस्तै बुद्धको समयमै देवताहरूलाई पनि उनीहरूको सुख समृद्धिको लागि पुण्यानुमोदन गरिएको देखिन्छ र जीवित रहेकाहरूलाई पनि आशिर्वाद स्वरूप पुण्य अनुमोदन गर्दै उनीहरूको जीवनमा मंगल, सुख, शान्ति, समृद्धि ल्याउन सहयोग पुऱ्याएको पनि देखिन्छ ।


Downloaded from http://www.dhamma.digital

यसरी पुण्यानुमोदनको शुभारम्भ भयो र तथागत बुद्धको समयमा र तेस्रो संगायना पछि जम्बूदीप भन्दा बाहिरी राज्यहरूमा बुद्धधर्मको साथ पुण्यानुमोदन भित्रिएको र पछि श्रीलंका, बर्मा, थाइल्याण्ड जस्ता बौद्ध देशहरूबाट भारत, नेपाल हुँदै बुद्धधर्मको पुनर्जागरित भएको देखिन्छ । त्यसको साथ साथै पुण्यानुमोदनको परम्परा पनि भित्रिएको पाइन्छ ।

पालि साहित्यमा पुण्यानुमोदनको बारेमा उल्लेख भएका प्रमाणहरुको अध्ययन गर्दा पुण्यानुमोदन तथा आशिर्वादको आवश्यकता परदत्तुपजीवि प्रेतलोकमा अथवा दुर्गतिमा जन्मेकाहरू र मानिसहरूलाई रहेको देखिन्छ। त्यस्तै त्यस अध्ययन अनुसार पुण्यानुमोदनको महत्व धेरै रहेको देखियो । वर्तमानमा थेरवाद बौद्ध देशहरूमा गर्दै आई रहेको पुण्य अनुमोदन गर्ने व्यवस्थित क्रमविधि पनि तथागत बुद्धको समय देखि नै चलि आएको देखियो र त्यस व्यवस्थित क्रमविधिलाई अझ प्रभावकारी बनाउन त्रिशिक्षाले महत्वपूर्ण भूमिका खेलेको प्रष्ट हुन्छ ।

तथागत बुद्ध वा ऋद्धिवान योगावचर व्यक्तिहरुले मात्र यस वारे प्रष्ट रुपमा बताउनु सक्नु हुन्छ । बुद्ध धर्ममा दिवंगत भएकाले पुण्य लाभ गरेको नगरेको थाहा पाउन कुनै मापन क्रम देखाइएको भेटिँदैन । तर पनि बौद्ध उपासक उपासिकाहरुले दिवंगत भएकाहरूको नाममा, विदेश जानेहरु, रोजगार, शिक्षा, व्यापार गर्नेहरुको नाममा परित्राण पाठ तथा भोजन दान आदि कुसल कर्म गरेर पुण्यानुमोदन गरेको अवस्थाहरू रहेको पाइन्छ । यसरी पुण्यानुमोदनको अभ्यास गरी रहने उपासक उपासिकाहरू र उहाँहरूलाई मार्गोपदेश दिनु हुने धर्मधर जेष्ठ भिक्षुहरूले दिवंगत भएकाहरूले पुण्य पाएको वा नपाएको कसरी थाहा पाउन सकिन्छ भन्ने विषयमा निम्न कुराहरुको जानकारी दिने गर्दछन् ।


Downloaded from http://www.dhamma.digital

- पुण्यानुमोदन गर्नु अगाडि वितेर गएकाहरु सपनामा आउने, घरमा विभिन्न आवाज आउने, डरलाग्दो दृष्य देखिने, तर्साउने गरेको ।
- पुण्य दिए पछि सपनामा नदेखिने, आवाज इत्यादि नआउने, नतर्साउने गरेको ।
- आशिर्वाद पछि रोजगार, व्यापार, विदेशगमन इत्यादिमा सफल भएको ।
- आशिर्वाद पछि आत्म विश्वास बढेको र पढाइमा, परिक्षामा, सफल भएको ।
- त्यस्तै आशिर्वाद पछि मनोकामना पूरा भएको ।
- पूजापाठ आदि गरी आशिर्वाद गरे पछि स्वस्थ भएको र अन्य समस्या बाट मुक्त भई सुख पुर्वक बस्न सकेको ।
- रोग, अमनुष्य, भयबाट बच्न सफल भएको ।

यी आदि विषयको आधारमा पुण्यानुमोदनको सकारात्मक प्रभाव हुने गरेको तथ्य प्रष्ट हुन जान्छ र कुनै अवस्थामा समस्या समाधान नहुँदा पुण्य अनुमोदन नभएको र पुण्य पर्याप्त नभएको पनि उहाँहरूले बताउने गर्छन् ।

यी सबै विषयहरूको अध्ययन गर्दा थेरवाद बुद्धधर्ममा पुण्यानुमोदनको परम्परा तथागत बुद्धको समय मै भएको र यस परम्पराले कालान्तर सम्म देव, मनुष्य र परदत्तुपजीवि सत्वहरूलाई उपकार गर्दै सुख तुल्याएको छ भन्न सकिन्छ । तर वर्तमान समाजमा संस्कारलाई मात्र बढी प्राथमिकता दिइएको देख्न सकिन्छ । शील समाधि र प्रज्ञाले युक्त भएर गरिनु पर्ने पुण्यानुमोदन लाई अबुझ भएर हो वा वेवास्ता गरी पानी अर्पण गर्ने जस्ता संस्कारमा केन्द्रित भएको देखिन्छ । अझ


Downloaded from http://www.dhamma.digital

अरु धर्मको प्रभावले पुण्यानुमोदन नसकेसम्म भोकै बस्नेपनि भेटिन्छन् । दिवंगत भएका गुरुहरुको नाममा पुण्य गर्दा पनि इदं नो ञातिनं नै भनि पुण्यानुमोदन गर्ने चलन यद्यपि छ । अतः यस ग्रन्थको माध्यमद्वारा पुण्य के हो ? पुण्यानुमोदन कसरी गर्ने कसलाई गर्ने, यो मनसंग कसरी सम्बन्धित हुन्छ ? सहि तरिकाले कसरी पुण्यानुमोदन गर्ने आदि कुराहरुमा प्रष्ट हुनेमा विश्वस्त हुन सकिन्छ ।

भवतु सब्ब मगलं !


Downloaded from http://www.dhamma.digital

# फोटो सूची



फोटो नं। १ : फोटो दिवंगत भएकालाई पुण्यानुमोदन गर्दै गरेको फोटो ।



फोटो नं.२ : सरल रूपमा पुण्यानुमोदन गरिदैं ।.


Downloaded from http://www.dhamma.digital



फोटो नं.३ : सामुहिक रूपमा पुण्यानुमोदन गरिदैं ।



फोटो नं.४ : तथागत बुद्धको महापरिनिर्वाण भएको पवित्र स्थल कुशीनगरमा बुद्धपूजा र  परित्राण पाठ पश्चात पुण्यानुमोदन गरिदैं ।


Downloaded from http://www.dhamma.digital

# सन्दर्भ ग्रन्थसूची

**नेपाली भाषा :**

अमृतानन्द, भिक्षु, *बुद्धकालीन ब्राह्मण भाग २*, काठमाडौं: आनन्द कुटी विहार, ई.१९७७ ।

अश्वघोष, भिक्षु, *बौद्ध संस्कार*, काठमाडौं: सानुरत्न स्थापित, वि.स २०५७ ।

कोण्डञ्य, भिक्षु, *परित्राण-सूत्रपाठ*, काठमाडौं: ई. शंकर प्रसाद मानन्धर, वि.स २०७५ ।

तुलाधर, रीना (सं.), *नेपालमा थेरवाद - बुद्धधर्म एक अध्ययन*, काठमाण्डौं : नेपाल प्रज्ञा-प्रतिष्ठान, वि.स २०७२ ।

धम्मवती, भिक्षुणी, *बुद्ध पूजा विधि*, काठमाडौं: धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, वि.स २०७१ ।

धर्ममूर्ति, भिक्षु, *त्रिरत्न वन्दना,* काठमाडौं: चन्द्र लक्ष्मी शाक्य, वि.सं २०६६

पञ्ञामूर्ति, भिक्षु (अनु.), *परित्राण - सूत्रपाठ,* ललितपुर: सुप्रिया शाक्य, वि.स २०७६ ।

प्रधान, आनन्द (अनु.), *महावंश*, लुम्बिनी: भिक्षु ज्ञानेन्द्र, वि.स २०७४ ।

प्रधान, भुवनलाल, *नेपालमा बौद्धधर्म*, काठमाडौं: नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, वि.स २०४५ ।


Downloaded from http://www.dhamma.digital

बोधिसेन, भिक्षु (अनु.), *पेतवत्थु*, काठमाण्डौंः बोधिचर्या विहारका तीर्थ यात्री, वि.स २०७६ ।

मानन्धर, मदन रत्न (अनु.), *बौद्ध विश्वास (तृतीय भाग),* काठमाडौंः धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, वि.स २०५१ ।

राहुल, भिक्षु, *त्रिरत्न वन्दना माला तथा परित्राण सूत्रहरू* , बनेपाः ध्यान कूटी विहार, वि.सं २०७७ ।

शाक्य, ज्योति (अनु.), *दश पुण्य-पुष्प*, ललितपुरः सन्ति सुखावास प्रकाशन समिति, वि.स २०५६।

शाक्य, मीन बहादुर. र शान्तहर्ष बज्राचार्य (अनु.), *स्वयम्भू पुराण,* ललितपुरः नागार्जुन बौद्ध अध्ययन संस्था, वि.स २०५८ ।

शाक्य, रत्नसुन्दर, *बौद्ध जगतका स्मरणीय व्यक्तिहरू - भाग ३,* भक्तपुरः वजिरज्ञाणी लुमन्ति प्रकाशन, वि.स २०५७।

शाक्य, रत्नसुन्दर, *भिक्षु धर्मालोक महा स्थविर*, काठमाडौंः आनन्द कुटी विहार गुठी, वि.स २०४८।

शोभन, भिक्षु (अनु.), *मिलिन्द प्रश्न,* ललितपुरः दुण्ड बहादुर वज्राचार्य लगायत, २०६१ ।

सरणंकर, भिक्षु (अनु.), *महापरित्राण*, काठमाडौंः माया देवी महर्जन, वि.स २०७९ ।

सुजनकिर्ति, भिक्षु, *बुद्ध धर्ममा दानको महिमा,* काठमाडौंः तीर्थ नारायण मानन्धर, पुर्ण प्रसाद मानन्धर, सीता देवी मानन्धर सहित सपरिवार, २०७१ ।

ज्ञानपूर्णिक, भिक्षु (अनु.), *परित्राण सूत्र* , काठमाडौंः मैत्रीमान कंसाकार, वि.स २०७० ।


Downloaded from http://www.dhamma.digital

**सिंहल (श्रीलंकन्) भाषा :**

हिमि, इलुकेवेल धम्मरतन (अनु.) *थेरवादय, विभज्जवादय सह मूल् बुदुसमय*,

http://www.bpu.ac.lk/storage/app/media/uploaded-files/Staff%20Members/Ven.%20Ilukewela%20Dhammarathana%20Thero/therawadaya.pdf

धर्मकीर्ति, निवन्दम श्री, *दश पुण्य क्रिया विभाग*, देहिवलः बौद्ध संस्कुतिय मध्यस्थानय, ई.२००४।

नाहिमि, पोल्वत्ते बुद्धदत्त, *पालि सिंहल अकारादिय*, कोलम्बोः एम्डि गुणसेन सह समागम, ई.१९६०।

नाहिमि, हेण्डियगल सीलरतन, *पुनर्भवय हा निर्वाणय*, कोलम्बोः रत्न पोत् प्रकाशकयो, २००६ ।

*महलेकम्, सेनेविरत्न, दहम् पासल अवसान सहतिक पत्र विभाग- बौद्ध संस्कृतिय*, कोलम्बोः बौद्ध कटयुतु देपार्तुमेन्तुव, ई. २०१० ।

महता, एच् एम् मोरटुवगम, *बौद्ध इतिहासय हा संस्कृतिय*, कोलम्बा.: बौद्ध कटयुतु देपार्तुमेन्तु, ई.२०१० ।

रत्नपाल, अमरदास (अनु.), *अभिधर्मार्त्थ प्रदीपिका भाग १*, ई.१९६४, www.tipitaka.lk ।

वीररत्न, डब्लु.डि, *बुदु दहम सह एहि आगमिक पसुबिम*, कोलम्बोः प्रदीप प्रकाशकयो, ई.१९७७ ।

सरत्चन्द्र, विजितनन्द (अनु.), *पपञ्चसुदनी* भाग २ (मज्झिमनिकाय अट्ठकथा), देहिवलः बौद्ध संस्कृतिक मध्यस्थान, ई.२००८ ।


Downloaded from http://www.dhamma.digital

सरत्चन्द्र, विजितनन्द (अनु.) *पेतवत्थु अट्ठकथा*, देहिवलः बौद्ध संस्कृतिक मध्यस्थान ई.२००८ ।

स्थविर, मडितियवेल सिरि सुमंगल, *पालि-सिंहल शब्दकोषय,* इ.१९६५ ।

हिमि, म्यद उयनगोड विजयकित्ति (अनु.), *खुद्दकपाठ अट्ठकथा*, देहिवलः बौद्ध संस्कृतिक मध्यस्थानय, ई.२००९ ।

हिमि, किरिन्दे अस्सजि, "ससर पुरा आरक्षितया कवरेक्द ?", *बुदु सरण,* कोलम्बोः लेक् हाउस्, ई.२०१४/०२/१४ ।

https://budusarana.lk/budusarana/2014/02/14/tmp.asp?ID=vision13

## अंग्रेजी भाषाः

पभंकरो, भिक्षु, *चान्टिङ्ग बुक्,* थाइल्याण्ड्ः श्री चोम्टोङ्ग वोरोविहार, ई.२००४,

स्यान्टिना, पिटर डेला, *द ट्री अफ् इन्लाइटेनमेण्ट्*, ताईवानः द कर्पोरेट बडी अफ् द बुद्ध एजुकेसनल फाउण्डेसन, इ. १९९७।

## पालि भाषाः

***अंगुत्तर निकाय***, इगतपुरीः विपस्सना विसोधन विन्यास, ई.१९९८ ।

महानाम, भिक्षु, *रसवाहिनी जम्बुदीपुप्पत्ति कथा*, लुम्बिनीः भिक्षु अनुरुद्ध, वि.सं २०४० ।

## बर्मेलि भाषा :

पामोक्ख थेर, भिक्षु, *ये सर छ्या अम्यो म्यो,* म्यानमारः उ तन् माउ, ई. १९७९,


Downloaded from http://www.dhamma.digital

**वेब्साइट् तथा मोबाइल् एप्लिकेशन् :**

तिपिटक डट् एल्के वेब्साइट् तथा मोबाइल् एप्लिकेशन् , Web site: www.tipitaka.lk,

MobileApp: https://play.google.com/store/apps/details?id=lk.tipitaka.main&hl=en&gl=US&pli=1

सरल सिंहल त्रिपिटकय मोबाइल् एप्लिकेशन् :

https://play.google.com/store/apps/details?id=lk.pitaka.saralatipitaka&hl=si&gl=US

सिंहल बौद्धपोत् मोबाइल् एप्लिकेशन् :

https://play.google.com/store/apps/details?id=lk.pitaka.saralatipitaka&hl=si&gl=US


छट्ठसंगायना एप्लिकेशन् : छट्ठसंगायना सिडि ।


Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital

# परिचय



गृहस्थी नाम : प्रकाश मगर

प्रवजित नाम : भिक्षु महानाम

जन्म मिति : २०४३/१०/०१

जन्म स्थान : किराँत टोल, मेची-१, झापा प्रदेश १

हजुर बुबा : अविमान मगर

हजुर आमा : लक्ष्मी मगर

बुबा : देवेन्द्र मगर

आमा : भिम कुमारी मगर

प्रवजित मिति : १९९९

उपसम्पदा मिति : २००९

गुरू : सद्धम्म ज्योतिकधज भिक्षु जटिल महास्थविर
: अग्गमहा पण्डित भिक्षु कोटुगोध धम्मवास महास्थविर

शैक्षिक योग्यता : बि.ए. श्रीलङ्का
: एम्.ए. नेपाल

पद : नाग अरहन्त बुद्ध विहार प्रमुख बाँसबारी, काठमाडौं
: परियत्ती शिक्षक - आनन्द कुटी विहार, धम्मवास विहार, नाग अरहन्त बुद्ध विहार

ठेगना : आनन्द कुटी विहार, स्वयम्भू-१५, काठमाडौं
९८४६६६९०२८

Downloaded from http://www.dhamma.digital